सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ वैशाख २०८३, बुधबार (6 May 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संवैधानिक परिषद्मा अब प्रधानमन्त्रीसहित तीन सदस्यले पनि निर्णय गर्न सक्ने



अध्यक्षसहित चारजना उपस्थित भएमा बैठक बस्न गणपूरक संख्या पुग्ने

(विस्तृत पृष्ठ ४)

चुनौतीको चाङमा रास्वपा



अग्रलेख

● सादेशमणि पोखरेल

जनताले मुलुक सञ्चालनको साँचो रास्वपालाई दिइसकेको हुनाले समग्र मुलुकको कायान्तरणबाट उम्कने छुट छैन

(पृष्ठ ५)

असममा भाजपाको निरन्तर जितको अर्थ



कंग्रेसभित्रको कमजोरी र पार्टीभित्रको क्षतिले भाजपाको विजयलाई सहयोग पुऱ्यायो

(विस्तृत पृष्ठ ६)

सडक परियोजनालाई छैन बजेट

चालू आवकै डेढ खर्ब दायित्व आगामी आवमा स्थानान्तरण हुने, तर बजेटको सिलिङ मात्र ८२.६३ अर्ब

(विस्तृत पृष्ठ ९)

नेपालले बटुल्यो ८ मध्ये ६ अंक



चालू विश्वकप क्रिकेट लिग २ सिरिजमा दुवैपटक युएईलाई हराउँदा नेपालले ओमानसँग समान एक जित र हार निकाल्यो

(विस्तृत पृष्ठ १२)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ काठमाडौंका घरबेटीको 'विद्युत् व्यापार'

प्रतियुनिट औसत ९.४४ रुपैयाँ पर्ने बिजुलीको भाडामा बस्नेसँग असुल्छन् २८ रुपैयाँसम्म

■ उपभोक्ता अधिकारकर्मी **माधव तिमिल्सिना** भन्छन्-

सेवाप्रदायक निकायले अनुगमन गर्नुपर्छ



औसतमा बिजुलीको मूल्य प्रतियुनिट ९-१० रुपैयाँ छ। तर, घरबेटीले भाडामा बस्नेसँग त्योभन्दा धेरै शुल्क उठाउँदै आएका छन्। यसरी बढी शुल्क असुल गर्नु ठगी हो। अधिकांशले प्रतियुनिट १५-१६ रुपैयाँ लिन्छन्। कतिपयले त्योभन्दा बढी लिने गरेको पनि देखिन्छ। घरबेटीको यस्तो ठगीबाट विद्यार्थी, मजदुर, कर्मचारी र साना व्यवसायी मर्कामा परेका छन्। प्राधिकरणजस्ता सेवा प्रदायक निकायले यसमा अनुगमन त गर्नैपर्छ, चुप बसेर हुँदैन।

■ ऊर्जासचिव **चिरञ्जीवी चटौत** भन्छन्-

उजुरी आएको छैन, आए सम्बोधन गर्छौं




विद्युत् महसुल घरबेटी र भाडावालाका लागि फरक-फरक दरमा निर्धारण गरिएको छैन। जुन दर तोकिएको छ, त्यो सबैका लागि समान हो। त्यसअनुसार घरबेटीले भाडामा बस्नेसँग बढी शुल्क लिन नपाउने हो। तर, यो घरबेटी र भाडामा बस्नेहरूबिचको आपसी समझदारीको विषय भयो। यस्तो प्रवृत्ति भएको सुन्ने गरिए पनि उजुरी भने आएको थाहा छैन। गुनासो आए सम्बोधन गर्छौं।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणले घरायसी प्रयोजनका लागि सिंगल फेज लाइन प्रयोग गरेका उपभोक्ताको विद्युत् महसुल दर प्रतियुनिट अधिकतम ११ रुपैयाँ मात्रै निर्धारण गरेको छ। यो दर पनि २५० युनिटभन्दा बढी खपतमा लागू हुने हो, २५० युनिटभन्दा कम खपतमा न्यूनतम ४ रुपैयाँदेखि अधिकतम ९.५० रुपैयाँसम्म

» पृष्ठ ११ मा क्रमशः



■ कार्यान्वयन भएन भाडामा बस्नेलाई छुट्टै मिटर दिने योजना

घरबेटीले विद्युत् महसुलमा गर्ने ठगी समाधान गर्न विद्युत् प्राधिकरणले ०७८ पुसमा 'भाडामा बस्नेका लागि छुट्टै मिटर राख्ने' योजना ल्याएको थियो। तत्कालीन ऊर्जामन्त्री पम्फा भुसाल र कार्यकारी निर्देशक कुलमान घिसिङको पहलमा विद्युत् वितरण विनियमावली संशोधन गर्दै विनियम १६ मा भाडामा बस्नेले पनि छुट्टै मिटर राख्न पाउने व्यवस्था गरिएको थियो। घरधनीको लिखित सहमति, कम्तीमा एक वर्षको घरबहाल सम्झौता, वायरिङ छुट्याउनेलगायतका सर्तमा घर भाडामा बस्नेलाई छुट्टै मिटर दिने व्यवस्था गरिएको थियो। तर, त्यो कार्यान्वयन हुन सकेको छैन। प्राधिकरणका उपकार्यकारी निर्देशक तथा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठले घर भाडामा बस्नेलाई छुट्टै मिटर दिन व्यावहारिक चुनौती भएको बताए। 'एउटै घरमा ४-५ परिवार भाडामा बस्छन्। वायरिङसमेत छुट्टाछुट्टै गर्नुपर्दा छुट्टै मिटर राख्न कठिनाइ भयो। कतिपय अवस्थामा घरबेटीले पनि लिखित सहमति नदिने देखियो । स्वयं भाडामा बस्नेहरू पनि यो झन्झटमा पर्न चाहँदैनन् जस्तो छ,' उनले भने, 'त्यसैले भाडामा बस्नेलाई छुट्टै मिटर दिने व्यवस्था कार्यान्वयनमा आउन सकेको देखिँदैन।'

■ बढी शुल्क उठाउने घरबेटीको लाइन काट्ने कानुनी व्यवस्था

घरधनीले भाडामा बस्ने व्यक्तिसँग प्राधिकरणले तोकेभन्दा बढी दरमा महसुल उठाउन नपाउने व्यवस्था विद्युत् वितरण विनियमावली, २०७८ मै छ। मासिक बिल रकमलाई कुल खपत युनिटले भाग गर्दा कायम हुने दरको आधारमा भाडामा बस्नेसँग महसुल उठाउनुपर्ने विनियमावलीमा स्पष्ट व्यवस्था छ। भाडामा बस्नेसँग बढी शुल्क लिएमा लाइनसमेत काट्न सकिने व्यवस्था पनि विनियमावलीको विनियम ३१ को उपविनियम १ को 'ढ'मा उल्लेख छ।

'घरभाडामा बस्ने व्यक्तिसँग घरधनी ग्राहकले प्राधिकरणले तोकेभन्दा बढी दररेटमा विद्युत् महसुल लिएको पुष्टि भएमा प्राधिकरणले लाइन काट्न सक्नेछ,' विनियमावलीमा भनिएको छ, 'प्राधिकरणले तोकेको दररेट भन्नाले घरधनी ग्राहकले प्राधिकरणलाई तिरे/बुझाएको मासिक रकमलाई सो महिनाको कुल खपत युनिटले भाग गर्दा कायम हुन आउने प्रतियुनिट दररेट सम्झनुपर्छ।'

यो व्यवस्था लागू भएपछि सुरुवाती समयमा प्राधिकरणका वितरण केन्द्रमा सीमित संख्यामा गुनासो आएको थियो। त्यसमा प्राधिकरणले घरबेटीहरूलाई बोलाएर सचेतसमेत गराएको थियो।

प्राधिकरणका पूर्वकार्यकारी निर्देशक मनोज सिलवाल विगतमा घरबेटीहरूलाई सचेत गराउने काम गरेको बताउँछन्। 'मैले लामो समय ग्राहक सेवा तथा वितरण सेवा निर्देशनालयमा काम गरें। त्यसवेला यस्तो गुनासो आएको थियो। त्यसपछि विनियमावलीमा घरेबटीले भाडामा बस्नेसँग बढी शुल्क लिन नपाउने र त्यस्तो लिएको अवस्थामा लाइन काट्न सकिने व्यवस्था गरेका थियौं,' उनले भने, 'त्यसपछि केही गुनासो आएका थिए। त्यसमा घरबेटीहरूलाई बोलाएर सचेत गराएको अवस्था थियो।'

■ भारतसँग पारस्परिक कानुनी सहायता सन्धि कार्यान्वयनतर्फ

संयुक्त अनुसन्धान टोली गठनदेखि व्यक्ति उपलब्ध गराउनेसम्मका प्रावधान

नयाँ पत्रिका

संयुक्त अनुसन्धान टोली गठन गर्नेदेखि व्यक्ति उपलब्ध गराउनेसम्मका प्रावधान समेटिएको भारतसँगको पारस्परिक कानुनी सहायता सन्धि कार्यान्वयनको प्रक्रिया अघि बढेको छ। सरकारले गत साता सन्धि संसद्मा दर्ता गरेसँगै कार्यान्वयन प्रक्रिया अघि बढेको हो।

५ फागुनमा दुई देशबिच यो सन्धिमा हस्ताक्षर भएको थियो। वैशाख पहिलो साता मन्त्रिपरिषद्ले संसद्मा पठाउने निर्णय गरेको थियो। सोहीअनुसार सन्धि संसद् पुगेको छ। दुवै देशका सरकारले आन्तरिक प्रक्रिया पूरा भएको भनेर कूटनीतिक पत्राचार गरेको जानकारी गराएको ३०औं दिनदेखि सन्धि लागू हुने उल्लेख छ।

'सन्धि संसद्मा दर्ता भइसकेको छ, यस्तो सन्धि संसद्बाट पारित गर्नुपर्दैन, दर्ता गरे पुग्छ,'

विनोद भट्टराई, सहसचिव कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

> सन्धि संसद्मा दर्ता भइसकेको छ, यस्तो सन्धि संसद्बाट पारित गर्नुपर्दैन, दर्ता गरे पुग्छ। आन्तरिक प्रक्रिया पूरा गरेपछि यसको कार्यान्वयन प्रक्रिया अघि बढ्नेछ।



कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोद भट्टराईले भने, 'आन्तरिक प्रक्रिया पूरा गरेपछि यसको कार्यान्वयन प्रक्रिया अघि बढ्नेछ।' संसद्मा दर्ता गरेपछि परराष्ट्र मन्त्रालय हुँदै यससम्बन्धी जानकारी भारतलाई दिने तयारी छ।

सन्धिमा संयुक्त अनुसन्धान टोली बनाउदेखि अनुसन्धानमा सहयोग गर्न व्यक्ति नै एक-अर्का देशलाई उपलब्ध गराउन सकिने संवेदनशील विषय उल्लेख छन्। सन्धिको धारा १८ मा संयुक्त अनुसन्धान टोलीसम्बन्धी व्यवस्था छ।

» पृष्ठ ११ मा क्रमशः

■ **सहकारीपीडितलाई राहत**

जेठ पहिलो सातादेखि समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता

२२ सहकारीका ५८ हजार २८८ बचतकर्ताको साढे ३५ अर्ब फिर्ता गर्न बाँकी

■ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री **प्रतिभा रावल** भन्छिन्-

सरकार निर्मम ढंगले अघि बढ्छ



सहकारीपीडितको बचत रकम फिर्ता गर्नु सरकारको प्राथमिकता हो। र बचतकर्ताको रकम फिर्ता गर्ने आधार ऋण असुली हो। यस कार्यमा सरकार निर्मम ढंगले अघि बढ्छ। असुल भएको सोही रकम बचतकर्तालाई दिइनेछ।

टेकराज थामी/नयाँ पत्रिका

सरकारले आगामी जेठ पहिलो साताबाट समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता सुरु गर्ने तयारी गरेको छ। देशभर समस्याग्रस्त २२ सहकारीका ५८ हजारभन्दा बढी बचतकर्ताको करिब ३५ अर्ब ४५ करोड रुपैयाँ अझै फिर्ता हुन बाँकी रहेकै वेला सरकारको कदमले लामो समयदेखिका पीडितमा आशा जगाएको छ।

बचत रकम फिर्ता गरिँदा साना बचतकर्तालाई प्राथमिकतामा राखिने भएको छ। त्यसमा पनि एकल महिला, ज्येष्ठ नागरिक, दलित तथा आदिवासी जनजाति समुदाय, अपांगता भएका व्यक्तिलाई उच्च प्राथमिकतामा राखिनेछ। बचतकर्ताको रकम फिर्ता गर्न सरकारले चक्रीय कोष स्थापना गर्ने निर्णय गरेको छ। जसमा ऋण असुलीबाट आउने रकमको मुख्य योगदान हुनेछ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको तथ्यांकअनुसार संघअन्तर्गत मुलुकभर २३ सहकारी समस्याग्रस्त घोषणा भएका छन्। त्यसमा आइडल यमुना हाम्रो बहुउद्देश्यीयबाहेक २२ सहकारीमा ५८ हजार २८८ बचतकर्ता पीडित छन्। उनीहरूको ३५ अर्ब ४५ करोड ३१ लाख ६० हजार ९०६ रुपैयाँ फिर्ता गर्न बाँकी छ। पहिलो चरणमा सरकारले यिनै बचतकर्ताको रकम फिर्ताको तयारी गरेको हो।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सूचना अधिकारी अर्जुन पौडेलले जेठ पहिलो साताबाट बचतकर्ताको रकम फिर्ता गर्ने गरी तयारी भइरहेको बताए। 'सहकारीमा रकम डुबाउने बचतकर्ताको रकम फिर्ता सुरु जेठ पहिलो साताबाट गरिनेछ,' उनले भने, 'अहिले समस्याग्रस्त घोषणा सहकारीको बचतकर्ताको मात्रै रकम फिर्ता गर्ने गरी नयाँ कार्यविधि बनाउने काम सुरु भइसकेको छ।'

कसरी जुटाइनेछ फिर्ता गर्ने रकम ?

बचतकर्ताको रकम फिर्ता गर्न चक्रीय कोष स्थापना गर्ने निर्णय गरेको सरकारले सञ्चालनका लागि चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ समेत जारी गरिसकेको छ। सोही कार्यविधिअनुसार बचतकर्ताको रकम फिर्ता गर्ने तयारी छ। कोषमा सरकारले पहिलो चरणमा २५ करोड रुपैयाँ निकासा गर्ने भनिएको छ। समितिले कोषमा जम्मा भएको सोही रकमबाट बचतकर्ताको रकम फिर्ता गर्न सुरु गर्नेछ। बाँकी ऋणीबाट ऋण असुल्दै दिनेछ।

बचतकर्ताको रकम फिर्तासँगै समितिले ऋण उठाउने कार्य पनि थालेको छ। तथ्यांकअनुसार समस्याग्रस्त २२ सहकारीका १३ हजार ७५ ऋणीबाट २३ अर्ब ६२ करोड ९६ लाख ५८ हजार ७९४ ऋण उठाउन बाँकी छ। ऋण भुक्तानीका लागि समितिले मंगलबार नै सूचना निकालेको छ। ऋण भुक्तानी नगर्ने ऋणीको धारा, बिजुली, सिफारिसजस्ता सार्वजनिक सेवा बन्द गर्ने भनिएको छ। त्यसबाहेक उनीहरूको नाम कालोसूचीमा चढाई सार्वजनिक गरिनेछ। सम्पत्ति लिलाम हुनेछ र कैद एवं जरिवानासमेत तोकिनेछ।

यसरी असुल गरिएको ऋण कोषमा दाखिला गरिनेछ। त्यसबाहेक ठगीमा संलग्न सहकारीका सञ्चालक, कर्मचारी, बोर्ड सदस्यबाट रकम असुल गरिनेछ। त्यसमध्ये केही रकम सरकारलाई शोधभर्ना गरिनेछ भने बाँकी रकम बचतकर्तालाई फिर्ता गरिनेछ। समितिका अनुसार सम्बन्धित सहकारीबाट उठेको रकम सोही सहकारीको बचतकर्तालाई फिर्ता गरिनेछ।

समितिका सूचना अधिकारी पौडेलका अनुसार फिर्ता हुने रकमको दर असुल गरिएको रकमको परिमाणमा भर पर्ने बताए।

» पृष्ठ ११ मा क्रमशः

सारथि नै ओली विस्थापनको गृहकार्यमा

■ **निकट मानिएका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलसम्मै ओलीको 'सम्मानजनक बहिर्गमन'को सन्देशसहित सक्रिय हुँदा आसन्न केन्द्रीय कमिटी बैठकमा नेतृत्व परिवर्तनको प्रस्ताव जान सक्ने सम्भावना**







शुरोजंग पाण्डे/नयाँ पत्रिका

चुनावी पराजयको धक्का, नेतृत्वको धूमिल छवि र बदलिँदै गरेको आन्तरिक शक्ति सन्तुलनले एमालेभित्र नेतृत्व हस्तान्तरण र पार्टी पुनर्गठन बहस निर्णायक मोडतिर पुग्न थालेको छ। अध्यक्ष केपी ओलीनिकट मानिएका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलसम्मै 'सम्मानजनक बहिर्गमन'को सन्देशसहित सक्रिय हुँदा आसन्न केन्द्रीय कमिटी बैठकमा नेतृत्व परिवर्तनको प्रस्ताव जान सक्ने सम्भावना बढेको छ। तर, ओलीको स्वास्थ्य समस्याका कारण एमालेको चुनावी समीक्षा बैठक बस्न सकेको छैन।

■ समीक्षा र पुनर्गठनको हतारोमा केन्द्रीय नेता

■ **ओलीको प्रतिकूल स्वास्थ्यले एमाले बैठक अनिश्चित**

अझै एक महिना बेडरेस्टमा

२१ फागुनको निर्वाचनमा अकल्पनीय पराजयको जिम्मेवारी लिँदै पद छोडेर पार्टीको समग्र पुनर्गठनका लागि ढोका खोल्न अध्यक्ष ओलीमाथि इतर समूहको दबाब छ। यही वेला उनी पक्षधर नेता उपाध्यक्ष पौडेल र महासचिव शंकरसमेत हतारमा होइन, सहमति र सम्मानसहित ओलीको बहिर्गमनको बाटो खोज्ने प्रयासमा छन्। तल्ला कमिटीका कार्यकर्ताको बदलिँदै गएको मनस्थितिसँगै पार्टीभित्र इतर पक्षले पुनर्गठनका लागि चाल्ने सम्भावित कदमप्रति नजर लगाइरहेका पौडेल र पोखरेल नै ओलीलाई सम्मानजक बहिर्गमन गराएर पार्टी पुनर्गठन गर्नुपर्ने पक्षमा उभिएका छन्। यसले

» पृष्ठ ११ मा क्रमशः

भण्डारी-पोखरेल पक्षको रणनीति

ओलीलाई सम्मानजनक बहिर्गमनको दबाब, विकल्पमा विशेष महाधिवेशन



पूर्वराष्ट्रपति विद्या भण्डारी र नेता ईश्वर पोखरेलनिकट समूहले पार्टी पुनर्गठनका लागि अध्यक्ष केपी ओलीको सम्मानजनक बहिर्गमनलाई प्रमुख सर्त बनाएको छ। ओली स्वयंले पद छोडेर पुनर्गठनको प्रस्ताव अघि नबढाए पदाधिकारी र केन्द्रीय कमिटीको बहुमतबाट उनलाई हटाउने पहिलो रणनीति तयार गरिएको स्रोतहरूको दाबी छ। तीन सय सदस्यीय केन्द्रीय कमिटीमा एक दर्जनभन्दा बढीको अनुपस्थिति रहेका कारण उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेललाई साथ लिएर नयाँ ध्रुवीकरणमार्फत बहुमत जुटाउने प्रयास भइरहेको छ। त्यसमा सफलता नपाए विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाउने वैकल्पिक रणनीति पनि तयार गरिएको छ। तर, भण्डारी पक्ष हाल सार्वजनिक रूपमा आक्रामक देखिएको छैन। संस्थागत र विधिसम्मत प्रक्रियामार्फत अघि बढ्ने रणनीति अपनाउँदै विशेष महाधिवेशनको हस्ताक्षर अभियानलाई पनि तत्कालका लागि रोकेको बताइएको छ।

यसैबिच भण्डारी-पोखरेल समूहले आगामी पदाधिकारी र केन्द्रीय कमिटी बैठकमा राजनीतिक परिस्थिति र पुनर्गठनको आवश्यकता समेटिएको अलग दस्ताबेज प्रस्तुत गर्ने तयारी गरिरहेको छ। केन्द्रीय कमिटीमा बहुमत जुटेमा पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरणको एजेन्डासमेत अघि बढाउने योजना रहेको स्रोतको भनाइ छ। इतर पक्षका नेता विनोद ढकालले पार्टीभित्रका विषयहरू संस्थागत र औपचारिक छलफलमार्फत मात्र टुंगो लाग्ने भन्दै बाहिरका चर्चालाई आधार मानेर निष्कर्ष निकाल्नु गलत हुने बताएका छन्।

नेपाल चिकित्सक संघको अध्यक्षमा रिजाल



काठमाडौं/ नेपाल चिकित्सक संघको ३०औं कार्यकारिणीका लागि भएको निर्वाचनबाट अध्यक्षमा डा. बद्री रिजाल विजयी भएका छन्। तीन हजार १९६ मतसहित विजयी भएका उनले डा. मंगल रावल र डा. नारायणप्रसाद भुसाललाई पराजित गरे। रावलले दुई हजार ९४० र भुसालले ८६९ मत पाए। संघको अधिकांश पदमा रिजाल प्यानलले जित हात पारेको छ। मतपरिणामअनुसार दुईजना उपाध्यक्ष र तीनजना सदस्यबाहेक अन्य सबै महत्त्वपूर्ण पदमा रिजाल प्यानलकै विजयी भएका हुन्।

संघको वरिष्ठ उपाध्यक्षमा डा. सञ्जीव तिवारी, महासचिवमा डा. विश्वराज दवाडी, कोषाध्यक्षमा डा. संयुक्त आचार्य, सहकोषाध्यक्षमा डा. तेजसुसिंह मल्ल र सहसचिवमा डा. हुलास अग्रवाल निर्वाचित भएका छन्।

संघको प्रदेश संयोजकतर्फ कोशी प्रदेशमा डा. रोशन खड्का, मधेशमा डा. अमितरञ्जन मिश्र, बागमतीमा डा. सुवास भट्टराई, गण्डकीमा डा. यज्ञराज सिग्देल, लुम्बिनीमा डा. नन्दाकुमारी गुरुङ, कर्णालीमा डा. रविन खड्का र सुदूरपश्चिममा डा. प्रमोद जोशी निर्वाचित भएका छन्। सदस्यहरूमा डा. राकेश शाह, डा. पल्पसा श्रेष्ठ, डा. विना श्रेष्ठ, डा. सुमित काफ्ले र डा. शेषराज घिमिरे विजयी भएका छन्। १९ सदस्यीय कार्यसमितिका लागि ५६ जना उम्मेदवार थिए। संघको नयाँ नेतृत्वको लागि काठमाडौं उपत्यकामा १७ र १८ वैशाख तथा बाहिर ४ र ५ वैशाख निर्वाचन भएको थियो।

उपत्यकामा भत्काइए २,५६६ घरटहरा

एक हजार ८३७ परिवारका सात हजार ९७८ जना सरकारको सम्पर्कमा, साढे पाँच हजार आ-आफ्नै तरिकाले बसोवास गर्दै

शिवहरि घिमिरे/नयाँ पत्रिका

अवैध तथा अतिक्रमित संरचना भत्काउने अभियान थालेदेखि काठमाडौं उपत्यकामा मंगलबारसम्म दुई हजार ५६६ घरटहरा भत्काइएको छ। जसमा पक्की र कच्ची संरचना छन्। सरकारले ११ वैशाखदेखि अतिक्रमित संरचना हटाउने अभियान सुरु गरेको थियो।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार दुई हजार ५६६ घरटहरामा तीन हजार पाँच परिवारका १७ हजार मानिस बस्दै आएका थिए। उनीहरूमध्ये करिब आठ हजार सुकुमवासी सम्पर्कमा छन्, तर आधा संख्या सरकारको तथ्यांकबाहिर छ। 'अभियान थालेदेखि हालसम्म दुई हजार ५६६ घरहटरा भत्किएको तथ्यांक छ, अब शनिबार र आइतबार भत्काउने योजना छ,' जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवन भट्टराईले भने, 'हामीले सुरक्षाको पाटो हेरिरहेका छौं, अन्य पाटो प्रशासन, सहरी विकास मन्त्रालय, महानगरपालिकालगायतले हेरेका छन्।'

यसअघि सोमबार काठमाडौंको कपनस्थित सातताले क्षेत्रमा बनेका १०७ भन्दा बढी अवैध संरचना भत्काइएको थियो। सरकारले सरकारी कागजात हेरेर खोलाकिनार तथा अतिक्रमित संरचना हटाइरहेको छ। काठमाडौं महानगरपालिकाका अनुसार हालसम्म एक हजार ८३७ परिवारका सात हजार ९७८ जना मात्र सम्पर्कमा आएका छन्। विस्थापित भएपछि सुरक्षित बसोबासको खोजीमा रहेका अधिकांश मानिस सम्पर्कमा आएका छैनन्। हाल एक हजार ४६८ भन्दा बढी परिवारका करिब पाँच हजार ३१० जना आ-आफ्नै तरिकाले बसेका छन्।

हाल विस्थापितलाई कीर्तिपुरस्थित राधास्वामी सत्संग भवनमा १४७, नयाँ बसपार्क र माछापोखरी क्षेत्रका होटेलहरूमा १८०, सुन्धारा क्षेत्रका होटेलमा २५ जना, भक्तपुरस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्रमा ८१, बोडेस्थित कृषि तालिम केन्द्रमा ३०, धापाखेलको सेल्टरमा १० जनालाई राखिएको काठमाडौं महानगरपालिकाले जनाएको छ। त्यस्तै, कीर्तिपुरस्थित राधास्वामी आश्रममा बसेकाको सहजताका लागि त्रिपालसहितका अस्थायी टहरासमेत बनाइएको छ। खुला रूपमा राख्न असुरक्षा भएको भन्दै उनीहरूलाई टहरा निर्माण गरेर राखिएको हो।

शनिबार र आइतबार रानीबारी, गोंगबु र टोखा क्षेत्रका संरचना भत्काइँदै

आगामी शनिबार र आइतबार रानीबारी, टोखा, गोंगबु क्षेत्रका अवैध संरचना हटाइने भएको छ। टोखा क्षेत्रमा २० हजार रोपनी, रानीबारी क्षेत्रमा तीन सय रोपनी, बुढानीलकण्ठ क्षेत्रमा आठ रोपनी जग्गा अतिक्रमणमा छ।

काठमाडौं महानगरपालिकाले सहरी विकास र भूमि मन्त्रालयसँग समन्वय गरी नक्सा र लालपुर्जा छानबिन गरिरहेको छ। उपत्यका विकास प्राधिकरणका अनुसार उपत्यकाभित्र ठुलो संख्यामा सार्वजनिक जग्गा अतिक्रमणको चपेटामा परेको छ। सबैभन्दा बढी कलंकी, गोंगबु, टोखा, शंखरापुर, मनोहरा क्षेत्रका सार्वजनिक जग्गा अतिक्रमित भएको छ। उपत्यका विकास प्राधिकरणका काठमाडौं जिल्ला पूर्वआयुक्त सुवास बस्नेतले उपत्यकाभित्र अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउन थुप्रै स्थानमा डोजर चलाउनुपर्ने र रावल आयोगको प्रतिवेदनअनुसार काम गर्नुपर्ने बताए। रावल आयोगले ०५२ मा सरकारलाई उपत्यकाभित्र अतिक्रमणमा परेको र सार्वजनिक जग्गा पहिचान गरी विवरणसहित प्रतिवेदन बुझाएको थियो। तर, हालसम्म उक्त प्रतिवेदन कार्यान्वयन हुन सकेको छैन।

कलंकी मालपोत कार्यालयका अनुसार कलंकी क्षेत्रमा २ ९ हजार रोपनी सार्वजनिक जग्गा छ। त्यसमध्ये २० हजार रोपनी अतिक्रमण भएको छ। कपन क्षेत्रमा सात हजार रोपनी सार्वजनिक जग्गा अतिक्रमणको चपेटामा परेको छ।त्यस्तै, शंखरापुर र कागेश्वरी मनोहरा क्षेत्रमा पनि हजारौं रोपनी जग्गा अतिक्रमणको चपेटामा परेको छ। शंखरापुर क्षेत्रमा २५ हजार रोपनी र कागेश्वरी मनोहरा क्षेत्रमा २७ हजार रोपनी जग्गा अतिक्रमण भएको उपत्यका विकास प्राधिकरणको तथ्यांक छ।



अवैध संरचना भत्काइएको कपनको साततले क्षेत्र।
तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

आश्रयस्थलका ५२ विद्यार्थी स्कुल जान थाले

काठमाडौं महानगरपालिकाले कीर्तिपुरस्थित राधास्वामी आश्रममा रहेका बालबालिकामध्ये ५२ जना बालबालिकालाई मंगलबारदेखि विद्यालय जाने व्यवस्था गरेकोछ । महानगरको शिक्षा विभागले विद्यार्थी र अभिभावकसँग परामर्श गरेर उनीहरूको रुचि र आवश्यकता पहिचान गरेपछि वडा नम्बर १४ मा रहेको जनविकास माध्यमिक विद्यालयमा पठाउन थालिएको हो। सो विद्यालय आश्रमबाट नजिकैको दूरीमा पर्छ। यहाँ थापाथली, गैरीगाउँ र सिनामंगलसहित विभिन्न स्थानबाट ल्याइएका ६६ परिवारका २०३ जना बसोवास गर्दै आइरहेका छन्।

उनीहरूले यसअघि पढ्दै आएको कक्षाअनुसार नजिकैको विद्यालयमा राखिएको महानगरपालिकाका शिक्षा विभागका प्रमुख नमराज ढकालले बताए। उनका अनुसार ३० जना छात्रछात्राका अभिभावकले छात्रावासमा राखेर पढाउने बताएका थिए। महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोलले होल्डिङ सेन्टरमा रहेका बालबालिकाका लागि संस्थागत विद्यालयमा आवास सुविधासहित निःशुल्क अध्ययनको व्यवस्था मिलाउन आग्रह गरेपछि प्याब्सन र एनप्याब्सनले सहयोग गरेका हुन्।

सुकुमवासी बस्ती खाली गर्ने विषयमा सर्वोच्चमा दुवै पक्षबिच आज छलफल हुँदै

सरकारले धमाधम सुकुमवासी बस्ती खाली गराइरहेका बेला आज बुधबार सर्वोच्च अदालतमा सरकारी पक्ष र रिट निवेदक पक्षबिच छलफल हुँदै छ। सरकारले काठमाडौं उपत्यकाभित्रका सबै सुकुमवासी बस्ती खाली गराउन १६ वैशाखमा २४ घण्टाको समय दिँदै जारी गरेको सूचना कानुनको अख्तियारीविना जारी भएको भन्दै दायर भएका रिटमा सुनुवाइ भइरहेको हो। यसैमा अन्तरिम आदेश जारी हुने-नहुने सम्बन्धमा आदेश गर्न दुवै पक्षको कुरा सुनी निष्कर्षमा पुग्नु उपयुक्त हुने भन्दै बुधबारका लागि पेसी तोकिएको थियो।

न्यायाधीश सुनीलकुमार पोखरेलबाट भएको आदेशमा अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि उपस्थित हुँदा विपक्षीहरूबाट विभिन्न तथ्य, तथ्यांक, कागजात र जानकारीसमेत लिई आउन भनिएको छ। 'बस्तीबाट हटाइएका नागरिकको लगत संकलन तथा प्रमाणीकरणको पछिल्लो अवस्था के-कस्तो रहेको छ ? सोसम्बन्धी पछिल्लो विवरण,' आदेशमा थप भनिएको छ, 'खाली गराइएको बस्तीबाट भत्काइएका विद्यालय, मठ, मन्दिर, गुम्बा, मस्जिदलगायतको विवरण र तिनको व्यवस्थापनका लागि तत्काल गरिएको कार्यहरूको विवरण।'

'निवेदन दाबीबमोजिमको सुकुमवासी तथा अव्यवस्थित बसोबासीको सामूहिक बस्ती खाली गराउने, घरटहरा भत्काउने कार्य के कस्तो निर्णय वा कानुनी आधारमा गरिएको हो ? सो निर्णयसहितको कागजात,' आदेशमा थप छ। अदालतले हाल खाली गराइएको बस्तीबाट बहिर्गमनमा परेका परिवारको पुनर्वाससम्बन्धमा पनि बुझ्न कागजात मगाएको छ। यसरी हटाइएकामध्ये ज्येष्ठ नागरिक, बिरामी, अपांगता भएका व्यक्ति तथा उनीहरूको औषधिउपचार, दैनिक खानपिन, पुनर्वास, सरसफाइलगायत विषयमा विवरण माग भएको छ।

सुकुमवासी संघर्ष समिति रुपन्देहीले गच्यो आन्दोलन घोषणा

बुटवल/ नेपाल भूमिहीन सुकुमवासी अव्यवस्थित संघर्ष समिति रुपन्देहीले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरी समितिका संयोजक खगेन्द्र पौडेलले बिहीबार बुटवलमा बृहत् विरोध च्याली प्रदर्शन गर्ने बताए। बुटवलको राजमार्ग चौराहाबाट मिलनचोक-अस्पताल रोड हुँदै ट्राफिक चोकसम्म प्रदर्शन गरिने आयोजकले जनाएको छ। विरोधका क्रममा सरकारी निकायमा ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको उनले बताए। सरकारले आवश्यक तयारी र छलफलविना भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई उठिवास लगाउने गरी डोजर आतंक मच्चाएको भन्दै समितिका संयोजक पौडेलले विगतमा नापजाँच भएका जग्गाको तत्काल लालपुर्जा उपलब्ध गराउनुपर्ने माग गरे।

स्मार्ट टेलिकमका सञ्चालक जोशी पक्राउ



काठमाडौं/ प्रहरीले स्मार्ट टेलिकमका सञ्चालक सर्वेश जोशीलाई पक्राउ गरेको छ। सरकारको सम्पत्ति अनधिकृत तवरले टुटाउने कार्यमा संलग्न रहेको पाइएपछि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट खटिएको प्रहरी टोलीले उनलाई काठमाडौंको खुर्सानीटारबाट सोमबार पक्राउ गरेको हो। उनीविरुद्ध प्रहरीले ठगी तथा आपराधिक विश्वासघात कसुरअन्तर्गतको मुद्दामा अनुसन्धान गर्दै छ।

सिआइबी प्रमुख एआइजी डा. मनोज केसीले जोशीलाई ठगी तथा आपराधिक विश्वासघात कसुरमा संलग्न रहेको पाइएपछि पक्राउ गरिएको बताए। 'स्मार्ट टेलिकमका सञ्चालक सर्वेश जोशी पक्राउ परेका छन्। उनले सरकारको स्वामित्वमा आइसकेको सम्पत्ति बेइमानीपूर्वक हक टुटाउने कार्य गरेको पाइयो। उनीविरुद्ध अहिले ठगी तथा आपराधिक विश्वासघात कसुरमा अनुसन्धान भइरहेको छ,' उनले भने।

प्रहरीका अनुसार उनले स्मार्ट टेलिकमका नाममा दूरसञ्चार सेवा सञ्चालन गर्न भन्दै २ वैशाख ०७० मा नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र लिएका थिए। तर, उनले लामो अवधि अनुमतिपत्र नवीकरण गरेनन्। सोही कारण उनको अनुमतिपत्र ३ वैशाख ०८० मा रद्द भयो। दूरसञ्चार सेवाप्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ अनुसार रद्द भएका सेवाप्रदायकको सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल स्वतः प्राधिकरणको स्वामित्वमा जान्छ। सोहीअनुसार प्राधिकरणले स्मार्टको सबै सम्पत्ति नियन्त्रणमा लिएको थियो। तर, उनले उक्त सम्पत्ति बेइमानीपूर्वक सरकारको हक टुटाउने कार्य गरेको सिआइबीको दाबी छ।

ट्रमा सेन्टरमा ५० शय्या थपिँदै

काठमाडौं/ चोटपटकसम्बन्धी देशकै विशिष्टीकृत अस्पताल राष्ट्रिय ट्रमा सेन्टरमा ५० बेड थप्ने तयारी गरिएको छ। आगामी वर्षको योजनामा बेड संख्या वृद्धि गर्ने र अस्पतालका लागि अत्यावश्यक सामान खरिद गरिने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रुद्र मरासिनीले जानकारी दिए। उनका अनुसार हाल ११ आइसियू र आठ एचडियू बेड छन्। बिरामी संख्या हेर्दा यो निकै कम हो। 'हामीकहाँ अहिले भइरहेको स्रोत-साधनले बिरामीलाई चाहेजति सेवा दिन सकिएको छैन, सोही कारण बेड थप्दै छौं,' उनले भने, 'आगामी वर्ष बेड संख्या थप्ने, सिटी तथा एमआरआई मेसिन पनि ल्याउँछौं, हामीसँग अहिले एमआरआई मेसिन छैन।' उनका अनुसार अहिले अस्पताललाई डिजिटलाइजेसन गर्ने कार्य भइरहेको छ।

मोटरसाइकलको ठक्करबाट वृद्धको मृत्यु

सर्लाही/ सर्लाहीको बागमती नगरपालिका- २, धरहरा चोकमा सोमबार राति मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ। भारतीय नम्बर बिआर ३३ बिएफ ७८२१ नम्बरको मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका धरहरा टोलका ७५ वर्षीय हरिबहादुर अधिकारीको उपचारका क्रममा एलएस न्युरो अस्पताल बारामा मृत्यु भएको हो। अस्पताल पुऱ्याउनेबित्तिकै चिकित्सकले अधिकारीलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक सरोज राईले बताए। चालक गोडैता नगरपालिका- २ का २० वर्षीय शिवम कुशवाहालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०१/२३ गते

यस फाइनान्सको शाखा कार्यालय, त्रिशुली, नुवाकोटबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरूबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चल अचल सम्पत्तिहरूबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरूलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ। तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण		
नाम : अर्जुन कुमार तिवारी बुबा : श्याम प्रसाद तिवारी बाजे : मोदनाथ तिवारी नागरिता नं. : २५१०४८/८०५ जारी मिती : २०६८/०२/०४, जि.प्र.का., नुवाकोट ठेगाना : बेलकोटगढी नगरपालिका वडा नं. १०, नुवाकोट		
व्यक्तिगत जमानी दिनेहरुको विवरण		
क) नाम : श्याम प्रसाद तिवारी बुबा : मोदनाथ तिवारी बाजे : खडानन्द तिवारी ना.प्र.नं : १६४३१ जारी मिति : २०४४/०९/१७, जि.प्र.का., नुवाकोट ठेगाना : बेलकोटगढी नगरपालिका वडा नं. १०, नुवाकोट	**ख) नाम : प्रमिला तिम्सीना** पति : अर्जुन कुमार तिवारी ससुरा : श्याम प्रसाद तिवारी ना.प्र.नं : २५-०१-८०-०७९६१ जारी मिति : २०८०/१२/१५, जि.प्र.का., नुवाकोट ठेगाना : बेलकोटगढी नगरपालिका वडा नं. १०, नुवाकोट	
धितो सुरक्षणको विवरण		
मालपोत कार्यालय नुवाकोटमा श्री अर्जुन कुमार तिवारीको नाममा दर्ता कायम रहेको नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.०२ स्थित कित्ता नं. ६४११ को ०-४-०-० (रो-आ-पै-दा) र नुवाकोट जिल्ला, बेलकोट वडा नं. ०३ स्थित कित्ता नं. २९२ को ४-१-२-१ (रो-आ-पै-दा)को क्षेत्रफलमा रहेको जग्गा तथा निर्माणहरू, लिगलगापात समेत।		

१४२५ थिरबम सडक, माटमठेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

अभियान कृषि सहकारी संस्था लि.
Movement on Innovative Agricultural Co-Operative Ltd.
शाखा : कमलविनायक-१०, भक्तपुर, फोन : ०१-६६२०३७५

ऋण चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२३

यस अभियान कृषि सहकारी संस्था लिमिटेड कमलविनायक, भक्तपुर शाखाबाट विभिन्न व्यक्तिहरूले विभिन्न समयमा लिनुभएको कर्जाको साँवा, ब्याज तथा हर्जना लगायतका रकम शर्त बमोजिम समय-समयमा संस्थामा दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गर्नुभएको र सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित, घरमै पुगी तथा टेलिफोनबाट जानकारी गराउँदा समेत सो कर्जा रकम चुक्ता, भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले अन्तिम पटकलाई यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैत्तीस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। तपाई ऋणीहरूको उक्त समयभित्रमा कर्जा अशुल नभएमा तपाई र तपाईंको एकाघर परिवारको चल-अचल सम्पत्तिबाट अशुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा सहकारी ऐन २०४७ को नियम ३०(क), नियमावली २०७५ को ३०(घ) तथा नेपाल सरकारको प्रचलित कानून एवम् संस्थाको नीति नियम बमोजिम सम्बन्धित ऋणीलाई कालोसूचीमा गरी सम्पत्ति लिलाम साथै आवश्यक कानूनी कारवाहीको प्रक्रियामा जाने व्यहोरा जानकारी गराइन्छ।

सिटिजन्स क्यापिटल लिमिटेडले शेयर रजिष्ट्रार तथा डिपोजिटरीको कार्य गर्दै आएका कम्पनी तथा म्युचुअल फण्ड योजनाका शेयरधनी तथा इकाईधनीहरूको लागि नगद लाभांश/प्रतिफल/लगानी रकम फिर्ता भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना

यस सिटिजन्स क्यापिटल लिमिटेडले शेयर रजिष्ट्रार तथा डिपोजिटरीको कार्य गर्दै आएका तपसिल बमोजिमका कम्पनी/म्युचुअल फण्ड योजनाहरूको नगद लाभांश/प्रतिफल/लगानी फिर्ता भुक्तानी रकम लिन बाँकी सम्पूर्ण शेयरधनी तथा इकाईधनीहरूलाई आफ्नो हितग्राही खाता (Demat Account) मा बैंक खाता विवरण अद्यावधिक गराई भुक्तानी लिन बाँकी रकम प्राप्त गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, हालसम्म पनि तपसिल बमोजिमका कम्पनीहरूको शेयर अभौतिकीकरण (Demat) गर्न बाँकी रहेका शेयर धनीहरूले यथाशीघ्र शेयर अभौतिकीकरण गराई भुक्तानी लिन बाँकी रकम प्राप्त गर्नु हुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ। अन्यथा, तपसिल बमोजिमका कम्पनीहरूको साधारण सभाले निर्णय गरेको मितिले ५ वर्ष अवधि पश्चात् भुक्तानी हुन बाँकी नगद लाभांश कम्पनी ऐन, २०६३ अनुसार नेपाल सरकारले स्थापना गरेको लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

थप जानकारीका लागि सिटिजन्स क्यापिटल लिमिटेड, बाटुलेधर, डिल्लीबजार, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

क्र.स	कम्पनी/ म्युचुअल फण्ड योजना	आ.व.	साधारण सभा भएको मिति*	कैफियत
१	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	२०७९/८०	२०८०/०६/२६	नगद लाभांश
		२०७८/७९	२०७९/०७/०४	
		२०७७/७८	२०७८/०७/१६	
		२०७६/७७	२०७७/०८/२०	
२	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	२०७६/७७	२०७७/०९/२२	
		२०७५/७६	२०७६/०९/२४	
		२०७४/७५	२०७५/०९/१२	
		२०७३/७४	२०७४/०९/०७	
३	सिटिजन्स म्युचुअल फण्ड - १	२०८०/८१	२०८१/०६/२३	प्रतिफल
		२०७७/७८	२०७८/०५/२४	
		२०७६/७७	२०७७/०६/१५	
		२०७५/७६	२०७६/०६/०६	
४	सिटिजन्स म्युचुअल फण्ड - २	२०८१/८२	२०८२/०५/१३	प्रतिफल
		२०८०/८१	२०८१/०६/२३	
		२०७९/८०	२०८०/०५/१९	
		२०७७/७८	२०७८/०५/२४	
		२०७६/७७	२०७७/०६/१५	
५	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	२०८१/८२	२०८२/०५/१३	प्रतिफल
		२०८०/८१	२०८१/०६/२३	
६	सिटिजन्स म्युचुअल फण्ड - १	परिपक्व भएको मिति: २०८१/११/१९		लगानी रकम फिर्ता भुक्तानी

नोट: * म्युचुअल फण्डको हकमा साधारण सभाको सट्टा इकाईधनी दर्ता किताब बन्द भएको मिति लागु हुने।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको आ.व. २०७५/७६ सम्मको भुक्तान हुन बाँकी नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिसकिएको छ।

Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)

शेयर रजिष्ट्रार तथा डिपोजिटरी
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेधर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेल: info@citizenscapital.com.np, वेवसाइट: www.citizenscapital.com.np

INVITATION FOR SEALED TENDER BIDS
(First date of publication: 6th MAY 2026)

NMB Bank Limited, Kathmandu, invites sealed tender bids from eligible bidders for the supply and delivery of Dual Interface Payment Cards.

The Request for Proposal (RFP) documents can be obtained by submitting a written application along with a non-refundable fee of NPR 2,000.00 (Nepalese Rupees Two Thousand Only) deposited into account number 00901371300114 (Bid Document Purchase Parking Account).

The tender bid must include a sealed proposal, as outlined in the RFP documents, and must strictly adhere to the schedule provided therein.

S.N.	Activity	Description
A.	Submission of sealed tender bids	The completed RFP document, along with separately sealed and stamped Technical and Financial Proposals, must be submitted to the address below no later than 5:00 PM on 20th May 2026 from the date of this notice. In the event of a public holiday, submissions will be accepted on the next working day.
B.	Opening of sealed tender bids	Will be advised later

1. The Bidder should be a registered company in Nepal or in its respective jurisdiction.
2. The Bidder should be an OEM or an authorized distributor/agent of the OEM.
3. The Bidder should have an annual turnover of at least NPR 10 million, as evidenced by the Tax Clearance Certificate of the last fiscal year 2081/82.
4. The Bidder must submit a valid certification of the proposed card from a payment scheme such as Visa, MasterCard, or UPI. At a minimum, valid certification from Visa must be submitted.
5. The Bidder/OEM must have supplied EMV dual interface cards to at least two (2) organizations within Nepal.
6. The Bidder must comply with all documents outlined in the RFP document. Non-compliance with any required document shall result in disqualification of the bid.
7. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
8. Interested bidders may contact the office of:

Projects & Strategic Sourcing Department,
NMB Bank Limited,
6th Floor, Krishna Tower,
New Baneshwor, Kathmandu
Phone: 01-4217117 Ext-1578

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

eSewa™

PRESENTS

BAISHAKH 2083

BIZMANDU PRE-BUDGET CONFERENCE

POWERED BY

LITMUS CABLES QUALITY मा NO. 1

NABIL BANK TOGETHER AHEAD ALWAYS

Thursday, Baishakh 24, 2083
1:00 pm onwards

KEY NOTE



MR. KENICHI YOKOYAMA
FORMER DIRECTOR GENERAL OF SOUTH ASIA
FORMER COUNTRY DIRECTOR OF NEPAL, ADB

CHIEF GUEST



DR. SWARNIM WAGLE
Finance Minister
Ministry of Finance

SPECIAL GUEST



BIRAJ BHAKTA SHRESTHA
Minister
Ministry of Energy
Water Resources and Irrigation

GUEST



DR. GUNAKAR BHATTA
Vice President
National Planning Commission

GUEST



DR. BISWO NATH POUDEL
Governor
Nepal Rastra Bank

बदलिएको सरकार, बदलिनु पर्ने सार्वजनिक सेवा

MODERATOR



BIGYAN ADHIKARI

PANELIST



SEMANTA DAHAL
Corporate and Investment Law Expert

PANELIST



BARSHA SHRESTHA
Business Head, Icra Nepal

PANELIST



DR. BIMAL KOIRALA
Former Chief Secretary
Government of Nepal

ठूला पूर्वाधार निर्माण : अब पर्खिन सकिँदैन

MODERATOR



RAM KRISHNA KHATIWADA

PANELIST



DR. CHANDAN SAPKOTA
Economist

PANELIST



NICHOLAS PANDEY
President, Federation of Contractors' Associations of Nepal (FCAN)

PANELIST



DR. PRATIVA PANDEY
Science Entrepreneur and Researcher

Co-sponsored by

Kajaria · Citizens Bank · सर्वोत्तम सिमेन्ट · LUMINOUS

Driven by: BYD

Strength Partner: सगरमाथा सिमेन्ट

Noodles Partner: Current

Banking Partner: एभरेष्ट बैंक EBL EVEREST BANK

Supported by: अमृत तेल · NAASA SECURITIES · KAILASH

Event by bizmandu SORRY! WE MIND YOUR BUSINESS

LIVE on BIZMANDU YouTube

बागमतीमा मन्त्रालयको संख्या १४ बाट आठमा सीमित, प्रशासनिक खर्च ५ अर्बले घट्ने

हेटौंडामा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाका लागि मन्त्रालयको संख्या १४ बाट घटाएर आठवटा कायम गर्ने निर्णय गरेको छ। यो निर्णयबाट चालू खर्चमा वार्षिक करिब पाँच अर्ब रुपैयाँसम्म कटौती हुने अनुमान गरिएको छ।

मन्त्रिपरिषद्को मंगलबारको बैठकले आगामी १ साउनदेखि कार्यान्वयनमा आउने गरी मन्त्रालयको संख्या आठ कायम गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताए। चालू आर्थिक वर्षको बजेट कार्यान्वयनमा असर नपर्ने गरी हालकै संरचनाबाट काम अघि बढाइने र नयाँ संरचना आगामी आर्थिक वर्षदेखि लागू हुने व्यवस्था गरिएको उनले बताए। 'हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले असार मसान्तसम्म अहिलेको मन्त्रिपरिषद् यथावत् रहन्छ। त्यसपछि आठवटा मन्त्रालयको कोडिङअनुसार प्रविष्ट हुन्छ।'

> ● **प्रभात तामाङ**
> प्रवक्ता, बागमती सरकार
>
> 
>
> **हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले असार मसान्तसम्म अहिलेको मन्त्रिपरिषद् यथावत् रहन्छ। त्यसपछि आठवटा मन्त्रालयको नयाँ संरचनाअनुसार काम अघि बढ्छ।**

मन्त्री तामाङका अनुसार आगामी आवबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला, कानुन तथा सहकारी, आर्थिक मामिला तथा योजना, खानेपानी, ऊर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार विकास, कृषि, पशुपन्छी, वन तथा वातावरण, स्वास्थ्य तथा सामाजिक विकास र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय रहनेछन्।

यसअघि मन्त्रालय पुनर्संरचनासम्बन्धी सुझाव दिन पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा प्रशासनिक संरचना पुनरवलोकन अध्ययन तथा सुझाव समिति गठन गरिएको थियो। सोही समितिको सिफारिसका आधारमा मन्त्रालयको संख्या आठ तय गरिएको हो। उनका अनुसार मन्त्रालय संख्या घटेसँगै मातहतका कार्यालयको पुनर्संरचना पनि गरिनेछ। हाल रहेका १९८ कार्यालयलाई घटाएर १४८ मा सीमित गर्ने तयारी गरिएको पनि मन्त्री तामाङले बताए।

'हाल कायम १४ वटा मन्त्रालयअन्तर्गत १९८ मातहतका कार्यालयलाई घटाएर १४८ मा ल्याउने तयारी छ। यसबाट करिब ५० कार्यालय घट्नेछन् र वार्षिक रूपमा करिब पाँच अर्ब रुपैयाँ चालू खर्च बचत हुने अनुमान छ,' उनले भने, 'जनताको करबाट उठेको रकमलाई अधिकतम विकास निर्माणमा लगानी गर्न यो निर्णय गरिएको हो।'

कर्मचारी व्यवस्थापनका लागि समिति गठन

मन्त्रिपरिषद् बैठकले मन्त्रालय पुनर्संरचनासँगै कर्मचारी व्यवस्थापनका लागि 'ओ एन्ड एम'सम्बन्धी समितिसमेत गठन गरेको छ। समितिले नयाँ मन्त्रालय संरचनाअनुसार कर्मचारी व्यवस्थापन, जिम्मेवारी बाँडफाँट तथा संगठनात्मक खाका तयार गर्नेछ।

समितिको संयोजकमा मुख्यमन्त्री कार्यालयअन्तर्गतका प्रदेश सचिव रहनेछन् भने आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य रहनेछन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव सदस्यसचिव रहनेछन्।

संवैधानिक परिषद्मा अब प्रधानमन्त्रीसहित तीन सदस्यले पनि निर्णय गर्न सक्ने

अध्यक्षसहित चारजना उपस्थित भएमा बैठक बस्न गणपूरक संख्या पुग्ने

कमलराज भट्ट/नयाँ पत्रिका

संवैधानिक परिषद्मा अब चारजना उपस्थित भए बैठक बस्न गणपूरक संख्या पुग्ने र अध्यक्ष (प्रधानमन्त्री)सहित तीनजनाले मात्रै निर्णय गर्न सक्ने व्यवस्था लागू हुने भएको छ। ६ सदस्यीय परिषद्मा चार सदस्यको मतलाई बहुमत मानिँदै आएकोमा राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी (पहिलो संशोधन) अध्यादेश जारी गरेसँगै नयाँ व्यवस्था लागू हुने भएको हो।

संविधानको धारा २८४ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था छ। प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नियुक्तिको सिफारिस गर्न गठन हुने परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र उपसभामुख रहने व्यवस्था छ। परिषद्मा प्रधानमन्त्री बालेन्द्र शाह अध्यक्ष छन्। सदस्यमा कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल, प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल, प्रतिनिधिसभामा विपक्षी दलका नेता भीष्मराज आङ्देम्बे र उपसभामुख रुबीकुमारी ठाकुर छन्। प्रधानन्यायाधीश नियुक्ति प्रक्रियामा भने कानुनमन्त्री सदस्य रहने व्यवस्था छ।

सरकारले ल्याएको अध्यादेशमा ६ सदस्यीय संवैधानिक परिषद्मा अध्यक्षसहित चार सदस्य उपस्थित भएमा बैठक बस्न गणपूरक संख्या पुगेको मानिने र अध्यक्षसहित तीन सदस्यले निर्णय गर्न सक्ने व्यवस्था छ। 'अध्यक्ष र पाँचजना सदस्य उपस्थित भएर बैठक बस्नेछ र सर्वसम्मत निर्णय हुन सक्नेछ। निर्णय हुन नसकेमा अध्यक्षसहित तीनजनाको मतलाई बहुमत पुगेको मानिने,' अध्यादेशमा भनिएको छ। अर्थात् एकातिर तीनजना सदस्य र अर्कोतिर अध्यक्ष र तीनजना सदस्यको मत हुँदा अध्यक्षसहित हुने तीन मतलाई बहुमत मान्ने प्रस्ताव अध्यादेशमा छ। यसगैरी, अध्यक्ष र चार सदस्य उपस्थित भएमा अध्यक्षसहित तीनजनाको मतलाई बहुमत मानिनेछ। यसैगरी, अध्यक्ष र तीनजना उपस्थित भएमा अध्यक्ष र दुईजनाको मतलाई बहुमत मानिनेछ। राष्ट्रपति पौडेलले संविधानको धारा ११४ (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा मंगलबार अध्यादेश जारी गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले बताए।

संवैधानिक परिषद्को सचिवालयका अनुसार हाल विभिन्न संवैधानिक आयोगका १६ पद खाली छ। जसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्षसहित तीन, निर्वाचन आयोगमा अध्यक्षसहित दुई, मुस्लिम आयोगमा अध्यक्षसहित दुई, राष्ट्रिय समावेशी आयोगमा अध्यक्षसहित दुई, थारू आयोगमा अध्यक्षसहित दुई र मधेसी आयोगमा अध्यक्षसहित दुई पद रिक्त छन्। राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महिला आयोगमा एक-एक सदस्य पद खाली छ। यसैगरी, सर्वोच्च अदालतमा प्रधानन्यायाधीश र दुई न्यायाधीश पद खाली छ। प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा कानुनमन्त्री सदस्य रहने संवैधानिक व्यवस्था छ।



मंगलबार बसेको मन्त्रिपरिषद् बैठक

■ मन्त्रिपरिषद्ले राष्ट्रपतिलाई पठाएको थियो व्याख्यात्मक टिप्पणीसहितको पत्र

अध्यादेश हुबहु पठाउँदा मन्त्रिपरिषद्ले अध्यादेशका प्रावधानले राष्ट्रपतिको चासो सम्बोधन हुने भन्दै व्याख्यात्मक टिप्पणीसहित सन्देश पठाएको थियो। सन्देशमा राष्ट्रपतिले यसअघि २५ असार ०८२ मा संवैधानिक परिषद् विधेयक फिर्ता पठाउँदा राखेको चासोलाई सम्बोधन गरिएको उल्लेख छ। 'राष्ट्रपतिज्यूबाट सो विधेयक फिर्ता गर्दाका बखतको प्राप्त सन्देशलाई समेत जानकारीमा लिएर सम्माननीय राष्ट्रपतिज्यूले ईंगित गर्नुभएको 'तत्काल बहाल' भन्ने शब्द हटाई पूर्ण सदस्य बहाल हुँदा मात्र बैठक बस्न सक्ने अवस्था प्रस्तुत अध्यादेशमा राखिएको छ। गणपूरक संख्यामा कम्तीमा चारजना राखी गणपूरकको व्यवस्था गरिएको छ,' सन्देशमा भनिएको छ।

प्रधानमन्त्री शाहले पठाएको सन्देशअनुसार अध्यादेशको दफा ६ (४) मा संवैधानिक परिषद्को बैठकमा अध्यक्ष र कम्तीमा तीनजना सदस्य गरी कम्तीमा चारजना उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या मानिनेछ भन्ने व्यवस्था गरिएको छ। संवैधानिक परिषद्मा रहने ६ सदस्यमध्ये चारजनाको उपस्थितिले कुल सदस्यको बहुमत भई गणपूरक संख्या पूरा हुने उल्लेख छ। गणपूरकमा कुल संख्याको बहुमत पूरा भएपछि बैठकमा अध्यक्ष र कम्तीमा तीनजना सदस्य उपस्थित भएको बैठकमा अध्यक्ष र दुईजना सदस्य गरी कम्तीमा तीनजनाको निर्णय परिषद्को निर्णय मानिनेछ भन्ने व्यवस्था प्रस्तावित अध्यादेशको दफा ६ को उपदफा (५) को स्पष्टीकरणको खण्ड (ग) मा उल्लेख गरिएको राष्ट्रपतिलाई पठाएको सन्देशमा उल्लेख छ।

प्रधानमन्त्रीले पठाएको सन्देशमा अध्यक्ष र पाँचजना सदस्य गरी परिषद्को पूर्ण (६ जना) उपस्थित हुँदा यो संख्या विजोर नभई जोर भएकाले कुनै प्रस्तावउपर निर्णय गर्दा मत बराबर अर्थात् तीन-तीनको संख्या भएको खण्डमा परिषद्को अध्यक्ष सहमत भएको पक्षमा बहुमत भएको मानी निर्णय गरिनेछ भन्ने व्यवस्था गरिएको पनि उल्लेख छ। परिषद्को बैठकमा सर्वसम्मत हुन नसके बहुमतबाट निर्णय गर्न उचित हुने हुँदा यो कानुनी व्यवस्था गरिएको प्रस्टीकरण प्रधानमन्त्रीको छ। सन्देशमा संवैधानिक परिषद्मा ६ जना सदस्य राखिएकोमा परिषद्को अध्यक्ष नै अल्पमतमा पर्ने गरी कुनै निर्णय हुन सक्ने अवस्था परिकल्पना गर्न नसकिने उल्लेख छ।

बजेट अधिवेशन २८ वैशाखमा

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को बर्खे (बजेट) अधिवेशन आह्वान गरेका छन्। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा राष्ट्रपति पौडेलले २८ वैशाख दिउँसो २ बजे बस्ने गरी दुवै सदनको अधिवेशन आह्वान गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले बताए। यसअघि आह्वान भइसकेको अधिवेशन स्थगन गरेर सरकारले अध्यादेशहरू ल्याएको छ।

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि २१ फागुनबाट आएको प्रतिनिधिसभाको यो दोस्रो अधिवेशन हो। यसअघि १९ चैतमा सुरु भई पहिलो अधिवेशन २७ चैतमा अन्त्य भएको थियो। पहिलो अधिवेशनमा सभामुख, उपसभामुख, समिति सभापतिहरूको निर्वाचन, संसदीय दलको गठन र पदाधिकारी चयनका काम भएका थिए।

> **दोस्रो अधिवेशनको मुख्य बिजनेस आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम र बजेट पारित गर्नु भए पनि हालै जारी आठ अध्यादेश पेस हुने र ४५ विधेयक पनि आउने**

संसद् सचिवालयका अनुसार दोस्रो अधिवेशनको मुख्य बिजनेस आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम र बजेट पारित गर्नु हो। सचिवालयका प्रवक्ता एकराम गिरीले बजेट अधिवेशनमा राष्ट्रपतिको सम्बोधनमार्फत दुवै सदनको संयुक्त बैठकमा नीति तथा कार्यक्रम वाचन हुने बताए। वाचन भएको सम्बोधन र नीति तथा कार्यक्रम दुवै सभामा छुट्टाछुट्टै टेबुल हुनेछ।

यसैगरी, अधिवेशनमा सरकारले ल्याएका आठवटा अध्यादेश पनि पेस हुनेछन्। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रपतिबाट जारी भएका सबै अध्यादेशहरू संसद्मा पेस गरिने बताइन्। उनका अनुसार सरकारले द्रुत गतिमा प्रभावकारी काम गर्न आठवटा अध्यादेश ल्याएको हो। जसमा सहकारी (पहिलो संशोधन) अध्यादेश, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश २०८३ रहेको छ। कानुन मन्त्रालयका अनुसार यो अधिवेशनमा ४५ वटा विधेयक ल्याउने तयारी छ। जसमा संविधान कार्यान्वयनदेखि सेवाप्रवाहसम्म अति जरुरी विधेयकहरू छन्। विधेयकहरू ल्याउन सम्बन्धित मन्त्रीहरूसँग परामर्श गरिरहेको कानुनमन्त्री गौतमले बताइन्।

बिपी राजमार्गको रोशी खण्ड राति १२ घण्टा बन्द

काभ्रेमा इन्द्रबहादुर थापा

बिपी राजमार्गअन्तर्गत रोशी खण्डमा जोखिम बढेसँगै अनिश्चितकालका लागि राति १२ घण्टा यातायात सञ्चालनमा रोक लगाएको छ। जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले मंगलबार सूचना जारी गर्दै साँझ ५ देखि भोलिपल्ट बिहान ५ बजेसम्म भक्तुन्डेबँसीदेखि खुर्कोटसम्म यातायात सञ्चालनमा रोक लगाएको हो।

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले मंगलबार बेलुकादेखि नै बाटो बन्द गर्न थालिएको बताए। उनका अनुसार अब अर्को सूचना जारी नहुँदासम्म साँझ ५ देखि बिहान ५ बजेसम्म दैनिक १२ घण्टा राजमार्ग बन्द गरिनेछ। सोमबार बिचबाटोमा पुगेर एउटा गाडी बिग्रिएपछि अरू गाडी पनि फसेको र गाडी बनाउँदाबनाउँदै रोशी खोलामा बाढी आएको भन्दै उनले त्यो अवस्था फेरि उत्पन्न नहोस् भन्नका लागि यस्तो निर्णय गरिएको उनले बताए।

'आजभोलिको मौसम कति वेला पानी पर्छ भन्ने टुंगो नलाग्ने खालको छ। त्यसैले बिपी राजमार्गको रोशी खण्डमा बाढीको जोखिम उच्च छ। कच्ची भएकाले यो सडक यात्राका लागि असुरक्षित छ। त्यही भएर हामीले राति गाडी चलाउन बन्द गरेका हौं,' अधिकारीले भने,



'मौसम विज्ञान विभागले तत्काल पानी पर्दैन भनेपछि वस्तुस्थिति हेरेर मात्रै थप निर्णय गर्छौं।'

रोशी खोलाको तटीय क्षेत्रमा भारी वर्षाका कारण सोमबार बाढी आई बिपी राजमार्गको अस्थायी डाइभर्सन बगाएपछि राजमार्ग अवरुद्ध हुँदा सयभन्दा बढी सवारीसाधन अलपत्र परेका थिए। ती सवारीसाधनलाई अस्थायी डाइभर्सन बनाएर मंगलबार काठमाडौं पठाइएको छ। बाढीमा फसेका ८९ जनालाई सोमबार राति उद्धार गरिएको थियो।

०८१ मा आएको बाढीपहिरोले बिपी राजमार्गको चौकीडाँडादेखि नेपालथोकसम्म विभिन्न ठाउँमा सडक बगाएको थियो। बाढीले बगाएको राजमार्ग विभिन्न चार खण्डमा पुनर्निर्माण भइरहेको छ। सडक पुनर्निर्माण भइरहँदा रोशी खोलाको किनारैकिनार भएर बगरमा अस्थायी डाइभर्सन बनाएर यातायात सञ्चालन गरिएको छ। रोशी खोलाको बहाव बढ्नेबित्तिकै डाइभर्सन बगाउने गरेको छ।

पहिरोले एक्स्काभेटर पुर्दा चालकको मृत्यु

मध्यपहाडी लोकमार्ग बनाउने क्रममा ढुंगासहितको पहिरोले एक्स्काभेटर पुरिँदा चालकको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसर एक्स्काभेटरचालक रौतहटको पौराही गाउँपालिका-३ का ४१ वर्षीय दिलीप इस्मालीको मृत्यु भएको हो। चौरीदेउराली गाउँपालिका- ७ टाडीगाउँस्थित मध्यपहाडी लोकमार्गको सडकखण्डमा ट्रयाक खन्ने क्रममा माथिबाट ढुंगासहितको ढिस्को खस्दा बा२क २७९२ नम्बरको एक्स्काभेटर पुरिएर चालकको मृत्यु भएको प्रहरीले जनाएको छ।

अबदेखि सांसदले अनिवार्य विद्युतीय हाजिरी गर्नुपर्ने

काठमाडौं/ संघीय संसद्का सांसदहरूले अनिवार्य विद्युतीय हाजिरी गर्नुपर्ने भएको छ। सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालसहित १६ वटा संसदीय समिति सभापतिहरूको बैठकले इ-हाजिरी अनिवार्य गर्ने निर्णय गरेको हो।

विगतमा हाजिरी पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमध्ये एकमा हाजिर गर्नुपर्ने व्यवस्था थियो। अब संसद्लाई पूर्ण डिजिटाइज्ड गर्ने उद्देश्यका साथ सभामुख अर्यालले अनिवार्य विद्युतीय हाजिरी लागू गर्न संसद् सचिवालयलाई निर्देशन दिएका हुन्। विगतमा हाजिरी पुस्तिकामा पुरानो दिनको हाजिरी गर्ने बेथिति थियो। सांसदहरू बैठकमा नआउने, आएपछि हाजिर गरेर हिँड्ने प्रवृत्ति थियो।

सभामुख अर्यालका प्रमुख स्वकीय सचिव मुना कुँवरका अनुसार दुवै सदनका समिति सभापतिहरूसँगको बैठकमा सभामुख अर्यालले इ-हाजिरी अनिवार्य गर्ने र आधा घण्टाभित्र विवरण सार्वजनिक गर्ने प्रस्ताव गरेका थिए। जसलाई बैठकले पारित गरेपछि सभामुख अर्यालले आगामी अधिवेशनदेखि नै लागू हुने गरी व्यवस्थापन गर्न संसद् सचिवालयलाई निर्देशन दिएका हुन्।

शेखरले गगनलाई भने-

एकता जोगाउनुस्, बल तपाईंकै कोर्टमा छ

नयाँ पत्रिका

कांग्रेस नेता डा. शेखर कोइरालाले हदैसम्म लचक बनेर पार्टी एकता जोगाउन सभापति गगन थापाको ध्यानाकर्षण गराएका छन्। सभापति थापासँग मंगलबार भएको भेटमा उनले गम्भीर ध्यानाकर्षण गराएका हुन्। कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको सोमबारको बैठकले निवर्तमान सभापति शेरबहादुर देउवा समूहका नेता पूर्णबहादुर खड्का तथा कोइरालागायतका अग्रज नेतासँग संवाद गरेर एकताको वातावरण बनाउने जिम्मेवारी सभापति थापालाई दिएको थियो। त्यही सिलसिलामा थापाले कोइरालासँग मंगलबार विशालनगरस्थित उनको सम्पर्क कार्यालयमा करिब एक घण्टा कुराकानी गरेका हुन्। नेता खड्कासँग भने बुधबार मात्रै भेट्ने समय तय भएको छ।



'पार्टीभित्रको एउटा ठुलो समूह बाहिर रहेको अवस्थामा राम्रो सन्देश गएको छैन, एकताबद्ध महाधिवेशनको वातावरण पनि बनेको छैन, त्यसैले सबै अनुभवी सिनियर नेताहरूसँग भेटेर संवाद गर्नुस्, पार्टीलाई एकढिक्का बनाएर महाधिवेशनमा जाने कि नजाने नेतृत्वका हिसाबले अबको बल तपाईंकै कोर्टमा छ,' शेखरको भनाइ उद्धृत गर्दै स्वकीयसचिव दिनेशचन्द्र थपलियाले भने, 'म एकताका लागि जुनसुकै भूमिका खेल्न र योगदान दिन तयार छु, पार्टीलाई एक बनाएर महाधिवेशनमा जानुपर्छ।'

जवाफमा सभापति थापाले आफू एकताका लागि लचक बन्न तयार रहेको बताएका थिए। पहिले सबैसँग एकसरो संवाद गर्ने नीति रहेको जानकारी गराउँदै थापाले सबै विषय हल गरेर जान सकिने जानकारी गराएका थिए। 'उहाँहरूबिच मिलेर जाने, सहकार्य गरेर जाने विषयमा सकारात्मक संवाद भएको छ,' थापाका स्वकीयसचिव शंकर कुइँकेलले भने।

कांग्रेस प्रवक्ता देवराज चालिसेले केन्द्रीय कार्यसम्पादन समितिको निर्णयअनुसार सभापतिले अग्रज नेताहरूसँग पार्टीलाई एकताबद्ध बनाएर लैजाने उद्देश्यले संवाद सुरु गरेको जानकारी दिए। 'अग्रज नेताहरूसँग वार्ता र संवाद गरेर पार्टीको एकता कायम गर्ने, मतभिन्नता न्यूनीकरण गर्ने जिम्मेवारी केन्द्रीय कार्यसम्पादन समितिले सभापतिलाई दिएको थियो। त्यसअनुसार नै उहाँले भेटेर संवाद गर्नुभएको हो।' उनले संवादको सिलसिला जारी नै रहने पनि बताए।

देउवा र कोइराला समूहले १५औं महाधिवेशन गर्ने निर्णयपछि क्रियाशील सदस्यता नवीकरण र अद्यावधिक गर्ने निर्णयप्रति गम्भीर आपत्ति जनाउँदै त्यसबाट एकता बिथोलिने चेतावनी दिँदै आएका छन्। मिलेर महाधिवेशनमा सहभागी हुन पहिलो सर्त नै विवादअघि अद्यावधिक गरी कायम गरिएको सदस्यता हुनुपर्ने अडान राख्दै आएका छन्।

थापासँगको पछिल्लो भेटमा कोइरालाले फेरि सदस्यता नवीकरण र अद्यावधिक गर्ने निर्णय फिर्ता नभए मिलेर जाने प्रस्ताव मान्न सकिने अवस्था नहुने घुमाउरो तरिकाले चेतावनी नै दिएका थिए। 'मिलेर जाने कुरामा दुईमत छैन, तर त्यसका लागि नवीकरण भइसकेको र विधिपूर्वक अद्यावधिक गरिएको सदस्यतालाई आधार मान्नुपर्छ,' कोइरालाको भनाइ थियो, 'फेरि क्रियाशील सदस्यता विस्तार गरेर महाधिवेशनमा जाने हो भने मान्य हुन सक्दैन, एकताका लागि त्यो निर्णयबाट फिर्ता हुनुस्।'

प्रवक्ता चालिसेले पार्टीलाई एकढिक्का बनाएर महाधिवेशनमा जान धेरै कुरा सभापतिकै तहबाट मिलाउनुपर्ने भएकैले संवाद सुरु भएको बताए।

■ धर्मशालाको विवादमा पशुपति विकास कोषको पक्षमा फैसला

पशुपति गौशालाबाट २३ वर्षपछि हट्दै मारवाडी सेवा समिति

नयाँ पत्रिका

पशुपति गौशालाबाट २३ वर्षपछि मारवाडी सेवा समिति हट्ने भएको छ। पशुपति क्षेत्र विकास कोष र मारवाडी सेवा समितिको विवादमा उच्च अदालत पाटनले सुरु सदरको फैसला गरेको छ। यससँगै जिल्ला अदालत काठमाडौंबाट भएको गौशालास्थित धर्मशालाको स्वामित्व कोषकै हुने फैसला कायम रहने भएको छ।

उच्चका न्यायाधीशहरू खड्कबहादुर केसी र रमेशप्रसाद ज्ञवालीले सोमबार सुरु सदरको फैसला गरेका हुन्। २१ मंसिर ०८१ मा मारवाडी सेवा समिति र पशुपति गौशाला धर्मशाला जिल्लाको फैसलाविरुद्ध उच्च पुगेका थिए। करार बदरको मुद्दामा जिल्ला अदालतले १६ असोज ०८१ मा फैसला भएको थियो। फैसलामा कोष र समितिबिचको सम्झौतामाथि नै प्रश्न उठाइएको थियो।

मनोमानी र अपारदर्शी ढंगले गरिएका सम्झौता अपरिवर्तनीय नहुनेसमेत फैसलामा थियो। तत्कालीन एक नम्बर न्यायाधीश कमलप्रसाद पोखरेलले गरेको फैसलामा थियो, 'उल्लेखित करार सम्झौतामा निर्धारित सर्तहरूको अध्ययन गर्दा दाबीका जग्गा र सो जग्गामा भएका भौतिक संरचनामा तत्कालीन अमालकोट कचहरी (हाल पशुपति विकास कोष)को पूर्ण स्वामित्वलाई यी वादीपक्षले गरिसकेपछि सोको वार्षिक बहाल रकमलाई सहयोगस्वरूप भनी रु. ५१००० निर्धारण हुनु उक्त सम्झौताको अवधि किटान नुहुन अस्वाभाविक एवं अनौठो देखिन्छ।'

गैरनाफामूलक तथा सर्वसाधारण सेवाका लागि, धार्मिक कार्यका लागि सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्दा न्यून बहाल रकम राखेर वा बहाल नै नलिई गर्न सकिने भए पनि यसका आधार प्रस्ट हुनुपर्ने फैसलामा थियो। धर्मशालाका सटरहरू व्यावसायिक प्रयोजनमा प्रयोग भएकाले पनि उक्त सम्पत्ति विशुद्ध धार्मिक प्रयोजनमा प्रयोग भएको मान्न नसकिने जिल्ला अदालतको ठहर थियो। समितिले धर्मशालाका सटरहरू भाडामा लगाएर मासिक लाखौं रुपैयाँ उठाउँदै आएको छ।



जिल्ला अदालतले यसअघि सोही जग्गाका विषयमा सर्वोच्च अदालतबाट भएको फैसलालाई समेत आधार मानी मारवाडी सेवा समितिको मोही हक उक्त जग्गामा नलाग्ने उल्लेख गरेको थियो। गौशाला धर्मशाला नामक कुनै वैध संस्था साबिकमा नरहेको कारणसमेत यसको हक वा उत्तराधिकारी समितिलाई प्राप्त हुन नसक्ने फैसलामा थियो।

'वादी आफैंले गरेको करार सम्झौताको सर्तहरूबाट यी वादी विवन्धित रहेको हुँदा दाबीको जग्गामा आफ्नो मोही हक रहेको छ भनी भन्न पाउने अवस्था देखिँदैन। साथै, श्री सर्वोच्च अदालतबाट आफैं पक्ष भएको फैसलालाई अवज्ञा गर्ने छुट यी वादीलाई नभएकाले उक्त जग्गामा मारवाडी सेवा समितिलाई मोही हक दाबी गर्ने कुनै आधार देखिएन,' फैसलामा छ।

तत्कालीन संस्कृति तथा पर्यटनमन्त्रीले २६ असोज ०७९ मा धर्मशाला सञ्चालकलाई कोषको स्वीकृतिबेगर बनाइएका संरचना ३५ दिनभित्र हटाउन तथा थप संरचना निर्माण नगर्न पत्राचार गरेका थिए। यसमा कोषको सञ्चालक समितिले मारवाडी सेवा समितिसँगको सम्झौता रद्द गरी पुनः सम्झौता गर्न आह्वान गरेकोमा यसैविरुद्ध समिति अदालत पुगेको थियो।

धर्मशालासमेतका संरचना रहेको चार रोपनी १० आना जग्गाको यो विवाद तीन वर्षअघि अदालत प्रवेश गरेको थियो। मारवाडी समुदायलाई तत्कालीन श्री ३ प्रधानमन्त्री जुद्धसमशेर जबराले हाल धर्मशाला रहेको जग्गा उपलब्ध गराएको र कोषमातहतको पशुपति अमालकोट कचहरीबिच भएको सम्झौता भएकोमा के कुन कारणले सम्झौतापत्र रद्द गर्न लागिएको पत्रमा उल्लेख नभएको भन्दै उक्त कार्य रोक्न मारवाडी सेवा समितिले अदालत गुहारेको थियो। जवाफमा कोषले भने सम्झौताका सर्तविपरीत अनधिकृत रूपमा संरचना निर्माण गरी उद्देश्यविपरीतका कार्यमा प्रयोग गरेको उल्लेख थियो। करार समाप्त हुने अवधि किटान नभएको, वार्षिक रूपमा बुझाउने भाडा न्यून भएकोलगायतका विषयमा प्रश्न उठेकाले विश्व सम्पदा सूचीमा समावेश धरोहरको जग्गाको उपयोग र संरक्षणको विषय पारदर्शी हुनुपर्ने फैसलामा थियो।

चुनौतीको चाङमा रास्वपा

जनताले मुलुक सञ्चालनको साँचो रास्वपालाई दिइसकेको हुनाले समग्र मुलुकको कायान्तरणबाट उम्कने छुट छैन



● सादेशमणि पोखरेल

अग्रलेख

सन् १७९१ मा थोमस जेफरसन र जेम्स मेडिसनले अमेरिकामा एउटा पार्टी स्थापना गरे, डेमोक्रेटिक-रिपब्लिकन पार्टी । यसलाई विश्वको पहिलो लोकतान्त्रिक पार्टी भनेर संज्ञा दिइन्छ । आन्तरिक सैद्धान्तिक विचलनपछि यो पार्टी टुक्रिएर डेमोक्रेटिक पार्टी र नेसनल रिपब्लिक पार्टी बन्न पुगे, जसमा टुक्रिएकोमध्ये एक डेमोक्रेटिक पार्टी हालसम्म पनि ठुलो शक्तिका रूपमा अमेरिकामा कायमै छ । जसले बाराक ओबामालाई प्रथम अश्वेत अमेरिकी राष्ट्रपतिका रूपमा 'डेब्यु' गरायो । नेपालको परिप्रेक्ष्य पनि लगभग समानान्तर छ, वर्तमानमा । त्यो पनि दुई हिसाबले एक त नेपालमा वर्तमानमा बहुलवादी लोकतन्त्र वा समग्रमा उदार प्रजातान्त्रिक सैद्धान्तिक धरालत बोकेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मुलुकको पहिलो शक्ति बनेको छ । सोही पार्टीबाट मधेशी मूलका बालेन्द्र शाह (बालेन) नेपालका प्रधानमन्त्री बनेको पनि करिब एक महिना नधिसकेको छ ।

प्रसिद्ध जर्मन लेखक फ्रेन्ज काफ्काको एक विश्वप्रसिद्ध उपन्यास छ, मेटामोर्फोसिस अर्थात् कायान्तरण । यसका प्रमुख पात्र ग्रेगर सम्साको भौतिक रूपान्तरण एकदमै फरक हुन्छ । यहाँ त्यही पात्रको अन्त्य अविस्मरणीय छ । उपन्यासमा कायान्तरण पूर्वपात्रताका हिसाबले ग्रेगर सफल देखिन्छ भने कायान्तरणपछि त्यही पात्र ग्रेगर कार्यकुशलताका हिसाबले दुर्बल देखिन्छ । काफ्काको कृतिमा कायान्तरणपछि ग्रेगरको डेलिभरीमा दुर्बलता देखिन्छ । वर्तमान नेपालको राजनीतिमा दुर्बलता र सबलता कहाँ देखिन्छ, त्यो हेर्न बाँकी नै छ । नेपाली जनताले मुलुक कायान्तरणको ताल्चासाँचो रास्वपालाई दिइसकेका छन् । नेपालको नयाँ शक्तिलाई समग्र मुलुकको कायान्तरणबाट उम्कने छुट भने नेपाली जनताले दिनेवाला छैनन् । तैपनि, सूक्ष्म ढंगले हेर्ने हो भने रास्वपा र नेपाली कांग्रेसले घोषणापत्रमा गरेको अभ्यास र गृहकार्य अरू पार्टीले गरेको भन्दा अब्बल देखिन्छ ।

घोषणापत्रका मूल वाचा : रास्वपाको घोषणापत्र वा वाचापत्र हेर्दा लाग्छ, रास्वपाले अरूभन्दा फरक गर्नेछ । उसले जनतासँग विकासको तमसुक वा नागरिक करार गरेको छ, त्यो पनि सांकेतिक ल्याप्चेसहित । पहिलो वाचाका रूपमा 'पेपरलेस' र 'फेसलेस' प्रणालीबारे उल्लेख छ । वा, इ-गभर्नेन्सको अवधारणा भित्र्याइएको छ । यो इ-गभर्नेन्सको अवधारणा नेपालका लागि विशुद्ध नयाँ भने होइन । यसबारे पहिलो सूचना प्रविधि नीति २०५७ मा उल्लेख गरिएको छ । सूचना प्रविधि तथा प्रविधिमैत्री पूर्वाधारको अभावमा त्यो नीतिको सफल कार्यान्वयन भने हुन सकिएको थिएन । पेपरलेस र फेसलेस प्रविधिको वर्तमान उदाहरणका रूपमा व्यक्तिगत तथा संस्थागत प्यानका लागि घरबाटै आवेदन, नागरिक एपमा आवश्यक कागजातको प्रविष्टि, करको अनलाइन भुक्तानी (इ-टिडिएस) तथा एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) जस्ता रहेका छन् । वर्तमानमा यी प्रणालीको चुस्तता र प्रभावकारितामा प्रश्नचिह्नसमेत खडा नभएका होइनन् । यस्ता विकशित प्रविधिको पहुँच दुर्गम भेगका जनतासम्म पाँच वर्षमा पुऱ्याउनु रास्वपाको कठिन चुनौती हुनेछ ।

सन् १९९० देखि २००० सम्मको अवधिमा नेपालको अर्थतन्त्र कृषिमा आधारित थियो । सन् १९९० को अन्तिम दशकतिर जब मुलुक विश्वव्यापीकरणतर्फ उन्मुख भयो, तत्पश्चात् नेपालीको डायस्पोरा केवल नेपालमा मात्र सीमित हुन पुगेन । फलस्वरूप नेपालीको विदेश वहावको क्रम बढ्न थाल्यो । यसबाट विप्रेषणको प्रवाहमा क्रमिक वृद्धि हुन थाल्यो । विश्वका अरू मुलुकको इतिहास कृषिमुखी अर्थव्यवस्थाबाट औद्योगिक अर्थव्यवस्थामा प्रवेश गरेको पाइन्छ, तर नेपालको अर्थव्यवस्था कृषि हुँदै विप्रेषणमुखीमा प्रवेश गऱ्यो, जसले आर्थिक दुश्चक्र निम्त्यायो र अझै थप दुश्चक्र निम्त्याउन सक्ने सम्भावना यथावत् छ । किनकि, वर्तमानमा समेत विदेश पलायन र प्रवाहको क्रम रोकिएको छैन । चरम राजनीतीकरणबाट बन्द भएका नेपालका उद्योगधन्दामा रोजगारीको प्रबन्ध हुन नसकेपछि नेपालीको विदेशमोह थप बढ्यो र यो बढ्दो क्रममै छ । रास्वापाको वाचापत्रमा बाध्यकारी वैदेशिक रोजगारीलाई २० प्रतिशत कम गर्ने उल्लेख छ । नेपालीको विदेश प्रवाहमा न्यूनीकरण र स्वदेशमै रोजगारी सिर्जना रास्वपाको अबको अर्को चुनौती हो ।

समाज निर्माणको निर्विकल्प आयामका रूपमा राज्यलाई स्वीकार गरि रास्वपाको वाचापत्रमा समन्यायिक समाज निर्माण, स्वास्थ्य बिमा तथा अपांगतामैत्री संरचनामा जोड दिने उल्लेख छ । समन्यायिक समाज तथा सामाजिक न्यायबारेमा ०१५ सालको संविधानले नै उल्लेख गरिसकेको छ । जसमा व्यक्तिका व्यक्तिगत स्वतन्त्रतामा धर्म, जात, लिंग, बाध्यकारी श्रमबारे उल्लेख भएको छ । नेपाल सरकार तथा दातृ निकायको सहयोगमा अस्पताल, विद्यालय, स्वास्थ्य चौकी सकेसम्म



अपांगतामैत्री बनाउन थालिएको लगभग एक दशक वा सोभन्दा बढी भइसकेको छ । स्वास्थ्य बिमा नेपालका लागि नयाँ आयाम भने होइन, तर भुक्तानी प्रक्रियामा आवश्यक स्रोत नभएकाले यसको सञ्चालनमा प्रश्न उठिरहेको छ । यसका लागि स्रोतको परिचालन र बाँडफाँटसमेतका लागि रास्वपा तत्पर हुनु आवश्यक देखिन्छ । यसो हुन सक्यो भने समन्यायिक समाजको कल्पनामा रास्वपाको देन पृथक् देखिन सक्छ । यसर्थ, यो पनि रास्वपाको कार्यान्वयन पक्षमा प्रभाव पार्न सक्ने अर्को चुनौती हो ।

बदलिँदो समयको मागस्वरूप रास्वपाले सूचना प्रविधिको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाललाई सूचना प्रविधि हबका रूपमा विकास गर्ने वाचा गरेको छ । यसलाई युवा पलायनलाई रोक्ने कडीका रूपमा हेरिएको छ । नेपालमा सूचना प्रविधि पार्क बने पनि यसको उचित विकास हुन सकेको थिएन । सूचना प्रविधिजन्य आयस्रोतको निर्यातबाट करिब ५० अर्बमाथिको राष्ट्रिय आम्दानी भित्र्याउने लक्ष्य रास्वपाले तोकेको छ, जसका लागि उच्च गतिका इन्टरनेट क्षमताको पूर्वाधारमा जोड दिने उल्लेख छ । विश्वमा रहेका इन्टरनेटका माध्यमबाट कमाउनेको जमातमा नेपालको हिस्सा करिब ०.५ प्रतिशत मात्र छ । यो भनेको करिब सोह्रदेखि सत्र हजारको संख्या हो । करिब सोह्र-सत्र हजार जनशक्तिले वार्षिक पचास अर्बमाथि कमाउन ठुलै गृहकार्य गर्नुपर्ने देखिन्छ । यसबाट नेपालमा रहेको सूचना प्रविधि पार्कले सार्थकता पाउने विश्वास गरिएको छ । तर, यो चुनौती रास्वपाका लागि उत्ति सहज नहुन सक्छ ।

> स्वास्थ्य बिमामा स्रोतको परिचालन र बाँडफाँटसमेतका लागि भरपर्दो व्यवस्था मिलाउन सक्यो भने समन्यायिक समाजको कल्पनामा रास्वपाको देन पृथक् देखिन सक्छ

स्वच्छ सहरको परिकल्पनासहित रास्वपाले हरित अर्थतन्त्रमा जोड दिएको पाइन्छ । यसका माध्यमबाट विश्व बजारको जलवायु कूटनीतिसमेतलाई उसले दृष्टिगत गरेको छ । भनिएको छ, काठमाडौंलगायत नेपालका सहरको प्रदूषण ५० प्रतिशतले कम गरिनेछ । भारतको राजधानी दिल्ली पनि विश्वको प्रदूषित सहरकै श्रेणीमा पर्छ, जहाँ भारत सरकारले हरेक वर्ष करिब एक हजार एकानब्बे करोड भारतीय रुपैयाँ प्रदूषण नियन्त्रणमा खर्च गर्छ । यत्तिको बजेट खर्च गर्दा त दिल्लीको अवस्था सुध्रेको छैन भने विश्व बैंक तथा अन्य दातृ निकायको आर्थिक सहयोगमा काठमाडौंमा गरिएको करिब चौहत्तर करोड खर्चबाट कति प्रदूषण सुधारको अपेक्षा गर्न सकिएला ? यहाँनेर दातृ निकाय तथा सरकारी सहयोगलाई भने नजरअन्दाज गरिएको होइन । यसबाट केवल सापेक्षिक अनुमान गर्न मात्र खोजिएको हो । रास्वपाको वाचापत्रमा अंकित हरित अर्थतन्त्रको कार्यक्रम एक कठिन वातावरणीय चुनौतीसमेत हो । यो नेपालको मात्र नभई विश्वव्यापी चुनौतीसमेत हो ।

सडक संरचना निर्माणमा रास्वपाको वाचा प्रभावकारी देखिन्छ, जसमा सडक निर्माणमा ढिलासुस्ती अन्त्य, मेगा सहरमा 'ब्ल्यु बस', सिन्डिकेट तथा अस्वस्थ प्रतिस्पर्धालाई पूर्ण खारेजीको व्यवस्थाबारे केही नयाँ गर्न लागेको देखिन्छ । सडक निर्माणका विषयमा नेपालमा राम्रो कानुनी व्यवस्था भए पनि केही कानुनी तथा व्यावहारिक पक्षमा सुधार आवश्यक देखिएको छ । निर्माण व्यवसायीका अनुसार सरकारले मूल्यवृद्धि तथा मुद्रास्फीति दरमा समायोजन नगरी हचुवाका भरमा मूल्य निर्धारण गरेको तथा सरकार पक्षका अनुसार निर्माण व्यवसायीले काम गर्न आलटाल गरेको तथा कमसल समाग्री प्रयोग गरेको गुनासो छ । यसबाट न सरकार पक्ष, न त निर्माण व्यवसायीलाई नै फाइदा छ । निर्माण व्यवसायीबारे चुनावी अभियानका क्रममा वर्तमान प्रधानमन्त्रीले गरेको भाषणमा कांग्रेस सभापतिले दिएको 'काउन्टर' जगजाहेर नै छ । नेपालमा ब्ल्यु बस अभ्यासको उदाहरण त चितवनमा सबैले देखेकै विषय हो । यसमा गम्भीर गृहकार्य आवश्यक छ ।

सडक पूर्वाधारमार्फत देशको विकास र समृद्धिमा अग्रगामी छलाङबारे वाचापत्रमा उल्लेख छ । जहाँ तीस हजार किमिको गुणस्तरीय राजमार्ग र दशवटा रणनीतिक योजनाबारे उल्लेख छ । तर, रणनीतिक योजनाको प्रकृतिबारे उल्लेख छैन । १५ हजार मेगावाटको विद्युत् वितरण योजना तथा नेपाललाई ऊर्जा निर्यात केन्द्रका रूपमा विकास गर्नेबारे रास्वपाको वाचापत्रमा उल्लेख छ । यस्ता बृहत् विद्युत् वितरण परियोजना, गुणस्तरीय राजमार्ग निर्माण, 'सिग्नेचर प्रोजेक्ट' वा रणनीतिक योजनाको कार्यान्वयन करिब पाँच वर्षकै अवधिमा सक्नका लागि रास्वपाले गतिलै गृहकार्य गर्नु आवश्यक देखिन्छ ।

अन्त्यमा, संघीय माननीय बनेको स्पिरिट वा झोंकमा आफ्नो कार्यक्षेत्र नै भुलेर दिइने निर्देशनले प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा खाडल देखिन सक्छ । यसबाट नीतिगत विषयवस्तुबारे सांसद स्वयं पनि ज्ञात नभएको लगभग स्पष्ट हुन्छ । सुकुम्बासी बस्तीमा डोजर चलाइसकेपछि अब विस्थापित असली सुकुम्बासीको दीर्घकालीन व्यवस्थापन पनि रास्वपाको चुनौती बन्न सक्छ । तर, तिनको व्यवस्थापनमा उसले कस्तो नीति अँगाल्छ, त्यसैमा उसको सफलता अडेको छ ।

आफ्नो वाचापत्रमा समेटिएका विषय कार्यान्वयनमा तलमाथि या दायाँबायाँ भयो भने रास्वपा पनि अन्य पुराना दलभन्दा खासै भिन्न देखिनेछैन । ०१५ सालको निर्वाचनपछिको यो जनमत रास्वपाका लागि पहिलो जनमत हो । अबको अर्को संघीय निर्वाचनसम्ममा रास्वपाले कुनै पनि बहाना बनाएर वाचापत्रमा उल्लिखित वाचा पूरा हुन सकेनन् भनेर पन्छिने छुट पाउनेछैन । किनकि, यस्तो जनमत त विगतमा कांग्रेस, एमाले वा माओवादीले समेत पाएकै हुन् । जनमतको सम्मान गरी जनतालाई 'डेलिभरी' दिन नसक्दा उनीहरूको हालत के भयो, हेर्न टाढा जानुपर्दैन । त्यसैले, रास्वपाले आफ्ना चुनौतीको चाङ पन्छाएर जनतालाई डेलिभरी दिनुको विकल्प छैन ।

(राजनीतिक विश्लेषक पोखरेल त्रिविका उपप्राध्यापक हुन्)

---

३ प्रश्न

एमाले प्रमुख सचेतक **ऐन महर**लाई



सांसदलाई स्वकीय सचिव चाहिन्छ कि चाहिँदैन ?

सांसदहरूका लागि स्वकीय सचिव आवश्यक छ भन्ने महसुस गरेरै विगतमा त्यस्तो व्यवस्था राखिएको थियो होला । आवश्यकता र औचित्य नहेरी त त्यस्तो व्यवस्था पक्कै राखिएको थिएन होला । तर, यसअघिको सरकारले विचारै नगरी, क्षणिक र सस्तो लोकप्रियताका लागि सांसदहरूको स्वकीय सचिवको व्यवस्था कटौती गरिदियो । यो चाहिने विषय हो । तर, स्वयं सरकारले नै कटौती गरेको हुनाले अब यो चाहिन्छ या चाहिँदैन भनेर निर्णय गर्ने दायित्व पनि उसैको हो ।

स्वकीय सचिवको व्यवस्थाले सांसदलाई कति बलियो बनाउँछ ?

यस्तो व्यवस्थाले पक्कै पनि सांसदलाई थप व्यवस्थित र सबल बनाउँछ । सांसदले भूगोल पनि हेर्नुपर्ने हुन्छ । प्रदेश र स्थानीय तहसँग पनि समन्वय गर्नुपर्ने हुन्छ । उसले आइटी, कम्प्युटर या टेक्निकल विषयमा पनि काम गर्नुपर्ने हुन सक्छ । विभिन्न विषयमा समन्वय गर्नुपर्ने हुन्छ । त्यसैले, सांसदहरूलाई स्वकीय सचिव दिँदा त्यसले उनीहरूलाई बलियो नै बनाउँछ ।

अब सरकारले आह्वान गरेअनुसार स्वकीय सचिव चाहियो भनेर निवेदन दिनुहुन्छ कि दिनुहुन्न ?

सांसदहरूलाई स्वकीय सचिवको व्यवस्था हामीले खारेज गरेका होइनौं । सरकारले नै खारेज गरेको हो । अहिले पनि दिने या नदिने निर्णय उसैले गर्नुपर्छ । स्वकीय सचिव चाहियो भनेर हामी निवेदन दिन जाँदैनौं । यसमा हाम्रो कुनै राय छैन । सत्तारुढ दलका सांसदलाई अहिले स्वकीय सचिव चाहिएको छ । त्यसैले, यसमा निवेदन हाल्न लगाएर सरकार हामीलाई अपजसको भागीदार बनाउन चाहन्छ । यसमा हामी चाहिन्छ पनि भन्दैनौं, चाहिँदैन पनि भन्दैनौं । जे निर्णय गर्ने हो, सरकार स्वयंले गरोस् ।

प्रेरक प्रसंग

प्रतिभाको उचित कदर

यो घटना त्यो वेलाको हो, जतिवेला भारत अंग्रेजको गुलाम थियो । ग्वालियरको भिक्टोरिया स्कुलमा एकजना किशोर छैटौं कक्षामा पढ्थे । पढ्नुका साथसाथै उनी खुब लगनले खेल्थे । पढाइमा उनी जति तेज थिए, त्योभन्दा तेज उनी खेल्नमा थिए । खेल्न पाएपछि उनी संसार बिर्सिएर त्यसैमा तल्लीन हुन्थे ।

सो स्कुलका प्रिन्सिपल एकजना अंग्रेज थिए । उनी अत्यन्तै रिसाहा हुँदाहुँदै पनि अनुशासनप्रिय र प्रतिभाका पारखी थिए । उनी आफ्ना विद्यार्थीको प्रतिभा पहिचान गरेर त्यसको उचित कदर गर्न कहिल्यै पछि पर्दैनथे ।

एक दिन उनको स्कुलछेउको एउटा घरबाट एकजना अंग्रेज सज्जन रिसले रातोपिरो भएर आए । उनी तिनै केटा, जो खेल्न पाएपछि संसार बिर्सिन्थे, उनैका बारे ती अंग्रेज प्रिन्सिपलसित गुनासो गर्न आएका थिए । रिसाउँदै उनले भने, 'हेर्नुस् प्रिन्सिपल सर, तपाईंको स्कुलको एउटा विद्यार्थीले हक्कीको बल यति जोडले हान्यो कि मेरो घरको पर्खाल नै चर्कियो । त्यस्तो उद्दण्ड विद्यार्थीलाई तपाईंले तत्काल विद्यालयबाट निष्कासन गर्नुपऱ्यो । त्यस्तो बदमास विद्यार्थीलाई स्कुलमा राखिराख्नुभयो भने भोलि अझै के-के उपद्रव गर्ने हो ।'



उनको उजुरी सुन्नासाथ प्रिन्सिपलले ती विद्यार्थीको विषयमा खोजबिन गरे । आखिर ती विद्यार्थीलाई उनको अगाडि ल्याइयो । प्रिन्सिपल उनलाई देखेर मुस्कुराए । उनलाई कडा सजाय दिनुको साटो उनले ती विद्यार्थीको ढाड थपथपाउँदै उनलाई एउटा हक्की स्टिक र एउटा बल पुरस्कारका रूपमा दिएर थप उत्साहसाथ आफ्नो खेललाई निरन्तरता दिन हौस्याए ।

बाल्यकालमा ती प्रिन्सिपलले जुन केटालाई प्रोत्साहन गरेका थिए, उनी पछि भारतीय हक्की टिमका कप्तान रूप सिंहका नामले परिचित भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अस्पतालमा बिदा किन ?

सरकारले इन्धन खपत घटाउने उद्देश्यले शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेपछि सरकारी अस्पताललेपनि सातामा दुई दिन ओपिडी सेवा बन्द गरिरहेका छन् । यसको असर सर्वसाधारणमा परिरहेको छ । खासगरी दुई दिन बिदा हुँदा सरकारी अस्पतालबाट सेवा लिन चाहने सर्वसाधारणलाई निकै ठुलो मर्का परेको देखिन्छ । अन्य क्षेत्रमा जे-जस्तो व्यवस्था भए पनि अस्पतालजस्तो संवेदनशील संस्थामा भने सातामा दुई दिन होइन, सातामा सातै दिन सेवा सञ्चालन गर्ने व्यवस्था हुनुपर्छ । कर्मचारीलाई भने एक दिनमा नभई 'रोटेसन'मा पालो मिलाएर बिदा दिनु ठिक हुन्छ ।

● **सजनी यादव**, टेकु, काठमाडौं

राम्ररी छानबिन गरौं

सरकारी अनुदान लिएर सहकारीले खेती नगरी अनुदानको दुरुपयोग गरेको समाचार पढियो । जिसस, झापाका प्रमुखसमेत रहेका व्यक्ति स्वयं अध्यक्ष रहेको सहकारीले नै यसरी अनुदानको रकम दुरुपयोग गर्छ भने अरूले के मा नगर्लान् ? अब यसरी सरकारी अनुदान लिएर त्यहाँ खेती नगरी अनुदान भ्रष्टाचार पार्ने सहकारी र यसका पदाधिकारीमाथि गम्भीर छानबिन गरी अनुदान रकम फिर्ता ल्याउने र जिम्मेवार पदाधिकारीलाई कारबाही गर्ने दिशामा राज्यको अविलम्ब ध्यान जाओस् ।

● **सौरभ विक**, बनेपा, काभ्रेपलान्चोक

कांग्रेसले ठिक निर्णय गऱ्यो

नेपाली कांग्रेसले समयमै अधिवेशन गर्न नसकेका सबै भ्रातृ संगठन विघटन गरेको समाचार पढियो । टीके नेतृत्वका भरमा चलिरहेका यस्ता भ्रातृ संस्था निकै भुत्ते भएका थिए । अब तत्काल नयाँ अधिवेशन आयोजक कमिटी बनाएर कांग्रेसले आफ्ना सबै भ्रातृ संस्थाको अधिवेशन गराई नयाँ नेतृत्व चयन गर्ने वातावरण बनाउनुपर्छ । फेरि पनि टीके नेतृत्वलाई नै भ्रातृ संस्था जिम्मा लगाइयो भने कांग्रेसका लागि त्यो निकै ठुलो दुर्भाग्य साबित हुनेछ ।

● **अमृता कुँवर**, स्युचाटार, काठमाडौं

राजनीतिक फोहोर सफा गरौं

लामो समयदेखि जम्मा भएको फोहोर सफा गर्न केही समय त लाग्ला नै । अहिल्यै सरकारले केही गरेन भनेर आत्तिनु र आलोचना गर्नुको अर्थ छैन । विरोधका लागि विरोध गर्नुको के अर्थ ? एमाले, कांग्रेस, माओवादीलगायत दलले तीन दशकभन्दा बढी समयसम्म केही नगर्दा त जनता चुप लागेर बसेका थिए भने रास्वपाको सरकार बनेको भर्खर एक महिना त बित्यो । अहिले नै सरकारको विरोधमा अनेकौं टिप्पणी गर्नु ठिक होइन । गर्छु भन्नेलाई साथ, सहयोग र हौसला दिनुपर्छ, गालीगलोज होइन ।

राजनीतिक भागबन्डाले थला परेको देशमा स्वतन्त्र कर्मचारी, स्वतन्त्र विद्यार्थी, स्वतन्त्र शिक्षक भए कति बेस हुन्थ्यो होला, एकपटक सोचौं त । राजनीति गर्ने राजनीतिज्ञले हो । हरेक क्षेत्रलाई राजनीतिले गाँजेको राम्रो होइन । वर्तमान सरकार केही गर्छु भनेर लागेको छ, कम्तीमा केही समय त पर्खेर हेरौं न । वर्ष, दुई वर्षमा पनि केही गरेन भने विरोध गरौंला । गर्दागर्दै विरोध गर्नुचाहिँ गलत हो । सांसद भएपछि विरोध गर्नैपर्छ भन्ने होइन । सत्य के हो भनेर पहिचान गर्नुपर्छ । जनता उचालेर हिंसा भड्काएर फाइदा के ? हिजोदेखि जम्मा भएको राजनीतिक फोहोर सफा नगरी जनताको जीवनस्तर सुध्रनेवाला छैन । सफा गर्दा कहिलेकाहीं हिलोमैलो लाग्नु स्वाभाविक हो । त्यसकारण सरकार होसपूर्वक अगाडि बढ्न सक्नुपर्छ । हामी जनताले चाहिँ सरकारका राम्रा काममा ताली बजाउँदै नराम्रा काममा चाहिँ खबरदारी गर्नुपर्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

थलपतिको उदय र स्टालिनको पतनको अर्थ

एमके स्टालिनले आफ्नो करिअरमा दोस्रोपटक सत्ता मात्र गुमाएका छैनन्, आफ्नो निर्वाचन क्षेत्रमा नमिठो पराजय पनि चाखेका छन्



देश/विदेश

● टिएम विरराघवा

विजय थलपति र उनको तमिलगा भेत्री कजगम (टिभिके) पार्टी निर्णायक रूपमा आधा बाटोनजिक पुगेका छन् । मुख्यमन्त्री एमके स्टालिन आफ्नो कोलाथुर निर्वाचन क्षेत्रमा टिभिकेका उम्मेदवार एएस बाबुसँग पराजित भए । यद्यपि, उनका छोरा तथा उपमुख्यमन्त्री उदयनिधिले भने आफ्नो चेपौक क्षेत्रमा जित हात पारे । सोमबार सम्पन्न निर्वाचन नतिजाको पहिलो ठुलो निष्कर्ष यो हो कि विजय (थलपति) लहरले जातीय, धार्मिक र क्षेत्रका आधारमा हुने विभाजनलाई चुनौती दियो । तमिलनाडु र समग्र भारतीय युवाका लागि यो सुखद क्षण हो ।

अर्को ठुलो पक्ष के हो भने विजयको टिभिकेले मतदातासँग भोट माग्न वा आफ्ना च्यालीमा भेला गर्न कुनै घुस दिनुपरेको थिएन । यो तमिलनाडुमा एक उत्साहजनक परिवर्तन हो, जहाँ पैसाले चुनाव जितिन्छ भन्ने विषय एक खुला रहस्य हो । विजयको आधार स्वाभाविक थियो, उनका प्रशंसकले उनलाई हृदयैदेखि समर्थन गरे । उनको अभियान मौन थियो, किनकि विधानसभा निर्वाचन करुर भागदौड (दंगा) पछि सम्पन्न भएको थियो र उनका उम्मेदवारले सीमित स्रोतसाधनका साथ चुनावमा प्रतिस्पर्धा गरे । तैपनि, उनीहरूले जिते । यो तमिलनाडुको राजनीतिमा एक महत्त्वपूर्ण उदाहरण हो ।

४० देखि ४५ वर्षबिचका जनसंख्याबाट समर्थन पाए पनि उनले प्रमाणित गरेका छन् कि उनको आकर्षण कुनै पनि जाति, धर्म र लिंगका दृष्टिले हुने विभाजनभन्दा बाहिर छ । सहरी र ग्रामीणवासीबिचको खाडल पनि धेरै हदसम्म पुरिएको थियो । उनको पार्टीले चेन्नईमा परम्परागत राजनीतिक दललाई त बढारिदियो नै ग्रामीण भित्री भागमा पनि उत्साहजनक जित हासिल गऱ्यो । विजयका लागि धेरै कुरा उनी प्रतिकूल थिए । करुर भागदौडपछि उनी राज्य सरकारको निसानामा परे, उनको फिल्म जन नायगनलाई अझै पनि सेन्सर बोर्डले अनुमोदन गरेको छैन र उनको सम्बन्धविच्छेद सार्वजनिक तमासा र क्रूर सामाजिक सञ्जाल अभियानका लागि चारा बन्यो । निर्वाचन अभियानमा यो सबै कुरा मानिसले देखे । तर, यी सबै कुराको हिसाबकिताब मतदाताले मतदान केन्द्रमा गरे । यो तमिलनाडुको राजनीतिमा एउटा ठुलो र आलोचनात्मक परिवर्तन हो ।

■ एउटा अनौठो पुनरावृत्ति

पराजित स्टालिनका लागि यो नतिजाले उनका बुबा एम करुणानिधिको पराजयको सम्झना गराउँछ । उनलाई १९७७ मा एमजिआरले पदच्युत गरेका थिए र १९८९ मा एमजिआरको निधन नहुँदासम्म सत्ताबाट वञ्चित थिए । त्यसपछि उनलाई जयललिताले सन् १९९१, २००१ र २०११ मा पराजित गरिन् । यद्यपि, करुणानिधिले कहिल्यै विधानसभा सिट हारेनन् । आज यसविपरीत स्टालिनले आफ्नो करिअरमा दोस्रोपटक सत्ता मात्र गुमाएका छैनन्, आफ्नो निर्वाचन क्षेत्रमा पनि नमिठो पराजय चाखेका छन् ।



यहाँ अर्को एउटा सन्दर्भ पनि जोडौं । सन् २०११ मा डिएमकेले अर्को पार्टी डिएमडिकेसँग पराजित हुँदा प्रमुख विपक्षी दल बन्ने हैसियत गुमाएको थियो । यसपटक यसले आफूलाई यस्तो पराजयबाट बचाएको भए पनि आजको नतिजा ६ दशकदेखि तमिलनाडुको राजनीतिलाई परिभाषित गर्ने पार्टीका लागि आश्चर्यजनक अपमान हो । एक तरिकाले यो परिणाम स्पष्ट रूपमा स्टालिनविरुद्धको जनादेश हो । वंश र पारिवारिक राजनीति उनका बुबा एम करुणानिधिको सबैभन्दा ठुलो कमजोरी थियो । आज, यो कमजोरी एमके स्टालिनका लागि ठुलो धक्का हो ।

डिएमकेले आफूलाई पुनर्जीवित गर्नका लागि यसले पारिवारिक छाया त्यागेर आफ्नो जरामा फर्कनु आवश्यक छ । यसको विचारधारा र उद्देश्य नातावाद र भ्रष्टाचारमा हराएको छ । स्टालिन परिवार र डिएमकेले सम्झनुपर्ने एउटा पाठ यही हो । स्टालिन अब सदनमा नभएको अवस्थामा राज्यसभामा कसले नेतृत्व गर्ने भन्ने कुरा पनि पार्टीले निर्णय गर्नुपर्नेछ । यसका लागि उदयनिधिको उत्तराधिकारमा कुनै चुनौती छ कि छैन भनेर नजिकबाट हेरिनेछ ।

अन्त्यमा, सबैभन्दा ठुलो प्रश्न भनेको मुख्यमन्त्रीका रूपमा विजयले केकस्ता योजना ल्याउँछन् भन्ने हो । चुनाव जित्नु एउटा कथा हो, मुख्यमन्त्री बन्ने अर्को विषय । के उनी लगभग ६ दशकदेखि एआइएडिएमके-डिएमकेले परिभाषित गरेको राज्यमा कर्मचारीतन्त्र र प्रहरी बलसँग 'डिल' गर्न सक्छन् ? अवश्य पनि उनलाई समर्थन गर्ने बलिया र अनुभवी नेता छन् । तर, उनीहरूले कस्तो भूमिका खेल्नेछन् र उनीहरूले उनका लागि अगाडिको बाटो कसरी बनाउनेछन् भन्ने कुरा हेर्न भने बाँकी नै छ ।

(भारतीय समाचार संस्था एनडिटिभीबाट)

(विरराघवा एनडिटिभीका कार्यकारी सम्पादक तथा स्तम्भकार हुन्)

असममा भाजपाको निरन्तर जितको अर्थ

कंग्रेसभित्रको कमजोरी र पार्टीभित्रको क्षतिले भाजपाको विजयलाई सहयोग पुऱ्यायो

भारतीय जनता पार्टी (भाजपा) ले असममा लगातार तेस्रोपटक सरकार बनाउने संकेत मात्र होइन, राज्यमा आफ्नो उत्कृष्ट चुनावी प्रदर्शन पनि गरेको छ। पार्टीले असमको कुल १२६ सिटमध्ये ८२ सिट जितेको छ। यसको विपरीत २०२१ को विधानसभा चुनावदेखि कंग्रेसको उपस्थिति नाटकीय रूपमा घटेको छ, जतिबेला उसले २९ सिट जितेको थियो। राज्यका लगभग सबै क्षेत्रमा पार्टी ध्वस्त छ। पार्टीको १९ मध्ये एकबाहेक सबै सिट मुस्लिम मतदाताको उल्लेखनीय संख्या भएका क्षेत्रबाट आएका छन्।



मुख्यमन्त्री हिमन्त विश्व शर्मा भाजपा समर्थकमाझ। तस्बिर : शर्माको फेसबुकबाट

■ हिन्दु मतको विशाल एकीकरण

भाजपाको भारी विजयको प्रमुख कारण हिन्दु मतको विशाल एकीकरणजस्तो देखिन्छ। 'हिन्दुहरूको रक्षकको रूपमा भाजपाको आत्म-प्रक्षेपण र हिन्दु तथा असामी पहिचानको संयोजनले पार्टीलाई मत एकीकृत गर्न सहयोग गऱ्यो,' डिब्रुगढ विश्वविद्यालयमा अध्यापन गर्ने राजनीतिक वैज्ञानिक कौस्तुभ डेकालेले भने। भाजपा पहिलोपटक २०१६ मा असममा जातीय, माटी र भेती (समुदाय, भूमि र चुलो) को रक्षा गर्ने वाचाका साथ सत्तामा पुगेको थियो। तर, दोस्रो कार्यकालमा त्यो वाचा आक्रामक साम्प्रदायिक राजनीतिमा परिणत भयो (विशेषगरी मुख्यमन्त्री हिमन्त विश्व शर्माबाट)।



● रोकिबुज जमान

(जमान द स्क्रोल डट इनका स्तम्भकार हुन्)

विगत पाँच वर्षमा मुख्यमन्त्री शर्माले असमेली जनताको दशकौँ पुरानो चिन्तालाई हतियार बनाएका छन् कि राज्य बाहिरी व्यक्तिले कब्जा गरिरहेको छ र यस विषयलाई मुस्लिमको हिन्दुत्व शंकामा जोडेका छन्। शर्माले राज्यमा बंगाल मूलका मुस्लिम समुदायविरुद्ध एक उग्र अभियानको नेतृत्व गरे, उनीहरूलाई 'बंगलादेशबाट आएका अवैध आप्रवासी' भएको आरोप लगाए। उनले बारम्बार कंग्रेसलाई मुस्लिमहरूका लागि मात्र काम गर्ने पार्टीको रूपमा प्रस्तुत गरे र कंग्रेस नेता गौरव गोगोईलाई 'पाकिस्तानी एजेन्ट' भएको आरोप लगाए।

उत्तरी असमका हिन्दुबहुल क्षेत्रहरू, जातीय समूहको प्रभुत्व रहेको माथिल्लो असम र छैटौँ अनुसूची-प्रशासित क्षेत्रहरू, जस्तै- बोडोल्यान्ड, कार्बी र दिमासा हिल्समा कंग्रेसको निराशाजनक प्रदर्शनलाई मनन गर्दा भाजपाले लगाएको आरोपले काम गरेको देखिन्छ। कंग्रेसले जितेका २१ सिटमध्ये १८ मुस्लिमबहुल क्षेत्र पर्छन्। कांग्रेसले हिन्दु मतदाताबहुल भएको एउटा मात्र क्षेत्र (माथिल्लो असमको नौबोइचा) मा जितेको छ। यहाँ पनि मुस्लिम मतदाताको उल्लेखनीय संख्या छ। २०२१ मा भारतको पुरानो राजनीतिक दल कंग्रेसले २९ सिट जितेको थियो र १६ जना विधायक हिन्दु थिए। राजनीतिक वैज्ञानिक डेकाले भन्छन्, 'ध्रुवीकरणका लागि अगाडि बढाएको भाजपाको कट्टरपन्थी हिन्दु दृष्टिकोणले जनसांख्यिकीय लाभांश पाएको छ।'

> भारतीय जनता पार्टी (भाजपा) ले असममा हालसम्मकै आफ्नो उत्कृष्ट चुनावी प्रदर्शन गरेर लगातार तेस्रोपटक सरकार बनाउँदैछ

■ कल्याणकारी योजना र पूर्वाधार

भाजपा सरकारको नगद लाभको ठुलो सञ्जाल (महिलाका लागि प्रमुख ओरुनोदोई योजनादेखि विद्यार्थी र स्नातकका लागि आर्थिक सहयोगसम्म) मतदातामाझ प्रतिध्वनित भयो। 'यसका लागि भाजपाको 'विकासात्मक' मोडेल विभिन्न तरिकाले काम गरेको छ,' डेकालेले भने, 'बृहत् स्तरमा, मानिसको एक हिस्साले पार्टीले कनेक्टिभिटी र आवश्यक पूर्वाधार निर्माणको सन्दर्भमा डेलिभर गरेको महसुस गर्छ। थप सूक्ष्मस्तरमा असमका मानिसले विभिन्न कल्याणकारी योजना महत्त्वपूर्ण छन् र उनीहरूले ती योजना गुमाउन सक्दैनन् भन्ने महसुस गर्छन्।'

■ हिमन्तका लागि भोट

मुख्यमन्त्री हिमन्त शर्माको लोकप्रियता राज्यमा अक्षुण्ण थियो। उनको लोकप्रियता प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रियतासँग पनि मेल खान्छ। सोमबारको चुनावी नतिजाले त्यसलाई प्रमाणित गऱ्यो। 'हिमन्त विश्व शर्मा पार्टी स्रोत प्रयोग गरेर आफ्नो एकल छवि निर्माण गर्न र बृहत् अखिल भारतीय भाजपा परिदृश्यमा आफ्नो स्थान बनाउन सक्षम देखिन्छन्,' राज्यका राजनीतिक पर्यवेक्षक र अनुसन्धानकर्ता अंगसुमान चौधरीले भने। गत वर्ष सिंगापुरमा लोकप्रिय गायिका जुबीन गर्गको मृत्युपछि भएको हंगामाले उनको लोकप्रियतालाई केही हदसम्म कमजोर बनाएको थियो, तर शर्माले चुनौती पार गर्न सक्षम थिए।

पूर्वकांग्रेसी शर्माको 'असम कांग्रेसबाट पक्ष परिवर्तन गराउने क्षमताले पनि उनलाई महत्त्वपूर्ण फाइदा पुऱ्याउँछ,' पर्यवेक्षक चौधरीले भने, 'उनको निर्लज्ज साम्प्रदायिक बयानबाजी धेरै हिसाबले मोदीको भन्दा पनि बलियो र स्पष्ट छ। यसले असममा मात्र नभई राज्यबाहिरका कट्टर भाजपा समर्थकलाई पनि आकर्षित गर्छ।' डिब्रुगढ विश्वविद्यालयका राजनीतिक वैज्ञानिक डेकालेको विश्लेषणमा शर्माले 'डबल-इन्जिन' सरकारको अभियानबाट पनि फाइदा उठाए, किनकि केन्द्र र राज्य सरकारको 'समन्वयपूर्ण काम' उत्तरपूर्वी भारतको ऐतिहासिक वास्तविकता हो। 'यी गतिशीलतावरपर अभियान चलाउनु राम्रो भयो,' उनले भने।

■ सीमांकनका फाइदा भाजपालाई

असमले देशको सबैभन्दा विवादास्पद सीमांकन अभ्यासमध्ये एउटा अभ्यास देखेको छ, जसले राज्यमा मुस्लिम प्रतिनिधित्वलाई प्रभावकारी रूपमा कमजोर बनाएको छ। सोमबारको नतिजाले देखाउँछ कि सीमांकनले 'मुस्लिम मत' क्षेत्रगत रूपमा प्रभावकारिता घटाएर भाजपा र यसका सहयोगीको संख्या बढाउन मद्दत गरेको देखिन्छ। २०२१ मा असमका मतदाताले ३१ मुस्लिम विधायकलाई विधानसभामा पठाएका थिए। यसपटक २२ जना मात्र छन्।

तल्लो असममा मुस्लिमबहुल क्षेत्रमा हिन्दु मतदातालाई बहुमत समूहमा एकीकृत गर्न सीमा पुनः कोरिएको थियो। उदाहरणका लागि यी धेरै नयाँ सिटमा, बारपेटा, अभयपुरी, गोलपारा पश्चिम, हैलाकांडीमा भाजपा र यसका सहयोगीको दबदबा देखियो। दक्षिणी असममा कंग्रेसले १३ सिटमध्ये चार जितेको छ। २०२१ मा सीमांकनअघि कंग्रेस र एआइयुडिएफ गठबन्धनले १५ मध्ये नौ सिट जितेको थियो। यस क्षेत्रका दुई मुस्लिमबहुल सिट खारेज गरिएका थिए।

■ कलहमा फसेको विपक्षी

अन्ततः राज्यको ठुलो भागमा कंग्रेसभित्रको कमजोरी र पार्टीभित्रको क्षतिले भाजपाको विजयलाई सहयोग पुऱ्याएको छ। २०२१ को विधानसभा चुनावमा पार्टीले अल इन्डिया युनाइटेड डेमोक्रेटिक फ्रन्ट र बोडो पिपुल्स फ्रन्टसँग बलियो गठबन्धन बनाएको थियो, तर यसपटक पार्टीले गठबन्धनलाई मैदानबाट हटाउन संघर्ष गऱ्यो। रायजोर दल र असम जातीय परिषद्सँगको यसको अन्तिम समयको सम्झौताले कुनै फाइदा दिएन।

पार्टीसँग भाजपाको हिन्दुत्व र असमिया राष्ट्रवाद र कल्याणकारी लाभको मिश्रणलाई लिनका लागि स्पष्टता थिएन। दुई प्रमुख नेता भूपेन बोरा र प्रद्योट बोर्डोलोईको अचानक बहिर्गमन र पार्टीभित्रको आन्तरिक कलहले कंग्रेसको हारलाई सहज बनायो। 'हामीले हाम्रो घर व्यवस्थित गर्न ध्यान दिएनौँ,' एक कंग्रेस नेताले भने।

स्क्रोल डट इनबाट

इतिहासमा आज

मे ६



सन् १९९४ : बेलायतलाई फ्रान्ससँग जोड्ने च्यानल टनेल खुल्यो। बेलायती महारानी एलिजाबेथ द्वितीय र फ्रान्सेली राष्ट्रपति फ्रान्स्वा मितेराँले 'च्यानल'को उद्घाटन गरेका थिए। ५० किलोमिटर लम्बाइको रेलमार्ग बन्दा संसारको सबैभन्दा लामो समुद्रमुनिको सुरुङ थियो।

सन् १५२७ : सम्राट् चार्ल्स पन्चमको नेतृत्वमा स्पेनिस तथा जर्मन फौजले रोममा ठुलो विनाश सुरु गरे। विनाश र आगजनीले सहरमा चलिरहेको पुनर्जागरण अभियान अन्त्य गऱ्यो।

सन् १५४१ : इंग्ल्यान्डका राजा हेनरी आठौँले देशका सबै चर्चमा अंग्रेजी भाषाको बाइबल राख्ने निर्देशन दिए। त्यस समय मुख्यतः ल्याटिन भाषाको बाइबल मात्र प्रचलनमा थियो।

सन् १५४२ : पोर्चुगलका राजाले धर्मप्रचारका लागि भारतीय उपनिवेश गोवामा पठाएका फ्रान्सिस जेभियर तेह्र महिना लामो यात्रापछि पुरानो गोआ आइपुगे।

सन् १८४० : मे १ मा जारी गरिएको विश्वको पहिलो टाँस्ने हुलाक टिकट 'पेनी ब्ल्याक'को पहिलो प्रयोग भने पाँच दिनपछि यसै दिन भयो।

सन् १८८२ : अमेरिकी कंग्रेसले देशमा चिनियाँ श्रमिकको बढ्दो आगमनलाई रोक्ने गरी 'चाइनिज एक्सक्लुसन एक्ट' पारित गऱ्यो।

सन् १९३७ : चर्चित जर्मन एअरसिप 'हिन्डनबर्ग' न्युयोर्क सहरको आकाशमा विस्फोट हुँदा ३५ जनाको ज्यान गयो। दुर्घटनाले एअरसिपको प्रयोगमै धक्का लाग्यो।

सन् १९४१ : जोसेफ स्टालिन सोभियत संघको सरकार प्रमुख 'प्राइमर' बने। पहिले नै सत्तारुढ कम्युनिस्ट पार्टीका महासचिव रहेका स्टालिनको यस कदमपछि पार्टी र सरकार प्रमुख एकै व्यक्ति बन्ने अवस्था आयो र उनको हातमा अथाह शक्ति केन्द्रीकृत भयो।

सन् १९६० : अमेरिकी पूर्वराष्ट्रपति ड्वाइट डी आइसेनहावरले अश्वेत अधिकारसम्बन्धी 'सिभिल राइट्स एक्ट-१९६०' मा हस्ताक्षर गरेसँग सो विधेयक कार्यान्वयनमा आयो।

सन् २००२ : व्यवसायी इलन मस्कले अन्तरिक्षसम्बन्धी काम गर्ने कम्पनी 'स्पेस-एक्स' स्थापना गरे।

विश्व संक्षेप

हर्मुजमा तनाव, अमेरिकी सेनाले पाँच नागरिकको हत्या गरेको इरानको आरोप

तेहरान/ इरानले संयुक्त राज्य अमेरिकामाथि स्ट्रेट अफ हर्मुज क्षेत्रमा आफ्ना पाँच नागरिकको हत्या गरेको आरोप लगाएको छ। अमेरिकी सेनाले 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)का डुंगामाथि आक्रमण गरेभन्दा नागरिक डुंगालाई निसाना बनाएको तेहरानको आरोप छ।

मंगलबारको दाबी अमेरिकी एडमिरल ब्राड कुपरले यसअघि अमेरिकाको सेन्ट्रल कमान्ड (सेन्टकम) ले हर्मुज क्षेत्रमा आइआरजिसीका ६ डुंगालाई निसाना बनाएर डुबाएको दाबी गरेका थिए। ती वाहनले हर्मुज क्षेत्रमा फसेका जहाजलाई बाहिर निकाल्ने अमेरिकी मिसनमा हस्तक्षेप गर्ने प्रयास गर्दा आक्रमणमा परेको कुपरले बताएका थिए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछि डुबाइएका डुंगाको संख्या सात भएको बताएका थिए। 'प्रोजेक्ट फ्रिडम'मा अमेरिकाले अप्रिल ८ हर्मुजबाट जहाज निकाल्ने प्रयास गर्दा इरान र अमेरिकाबिच अप्रिल ८ देखि लागू युद्धविराम भंग हुने डर बढाएको छ। ट्रम्पले युद्धविरामपछि पनि नखुलेको हर्मुजलाई पुनः खोल्ने कुरालाई जोड दिएका छन्।

इरानले भने स्ट्रेट अफ हर्मुजमा आफूहरूको नियन्त्रण हुनुपर्ने र त्यस समुद्री मार्ग भएर चल्ने जहाजबाट शुल्क उठाउन पाउनुपर्नेमा जोड दिइरहेको छ।

अविश्वासको मतद्वारा रोमानियाको सरकार ढल्यो

बुचारेस्ट/ रोमानियाका प्रधानमन्त्री इली बोलोजानमाथि अविश्वासको मतदान पारित भएपछि उनको सरकार ढलेको छ। युरोपेली संघ समर्थक गठबन्धनको समर्थनमा गठित सरकार ढलेसँगै देशमा वित्तीय संकटको डर बढेको छ। अप्रिलको अन्त्यमा वामपन्थी दल सोसल डेमोक्रेटिक पार्टी (पिएसडी) गठबन्धनबाट बाहिरिएको थियो। त्यसपछि नै उग्र दक्षिणपन्थीको विपक्षी गठबन्धन 'एलायन्स फर द युनिटी अफ रोमानियन्स पार्टी (एयुआर)ले संसद्मा अविश्वासको प्रस्ताव पेस गरेको थियो।

मंगलबार संसदीय बहसपछि भएको मतदानमा २८१ सांसदले सरकारप्रति विश्वास नभएको पक्षमा र चारजनाले विपक्षमा मतदान गरे। बोलोजान नेतृत्वको मध्य दक्षिणपन्थी नेसनल लिबरल पार्टी (पिएनएल) र गठबन्धन साझेदार 'सेभ रोमानिया युनियन पार्टी'का साथै देशका हंगेरियन समुदायको प्रतिनिधित्व गर्ने सानो दल युडिएमआर पार्टीका सांसदले भने मतदानमा भाग लिएका थिएनन्।

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड
MOUNT EVEREST POWER DEVELOPMENT LIMITED

रजिष्टर्ड कार्यालय : महालक्ष्मीस्थान वडा नं. १५, ललितपुर, नेपाल। फोन नं.: +९७७-१-५४२७४६९
Email: mounteverestpower@gmail.com Website: www.mounteveresthydro.com

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूको लागि निष्काशन गरिएको साधारण शेयरको निष्काशन तथा बिक्री बन्द गरिने बारेको सूचना

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडले आफ्नो जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छ्यासी करोड रुपैयाँ मात्र) को ३० प्रतिशत अर्थात रु.२५,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका कूल २५,८०,००० कित्ता साधारण शेयरको प्राथमिक सार्वजनिक निष्काशन गर्नेछ। जसमध्ये जारी पूँजीको २० प्रतिशत अर्थात १,७२०,००० कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात १,७२,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि **मिति २०८३ बैशाख १७ गते** बिहीबारदेखि बिक्री खुल्ला गरिएकोमा माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८३ बैशाख २३ गते बुधबार** (**बैंकिङ्ग समय पश्चात्**) उक्त शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सि-आस्वा बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८३ बैशाख २३ गते बुधबार** (**बैंकिङ्ग समय पश्चात्**) बन्द गर्नुहुन अनुरोध गदर्छौं।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	**दरखास्त दिन पाउने अधिकतम कित्ता :**	१०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

क्र.सं.	विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :
१.	माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेड, वडा नं.१५, ललितपुर र वेबसाइटः www.mounteveresthydro.com
२.	एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइटः www.nimbacecapital.com
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरि सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

प्रारम्भिक सार्वजनिक निष्काशन गर्नुपूर्व संगठित संस्थाको शेयर प्राप्त गरिसकेका संस्थापक शेयरधनीहरु तथा निजको एकाघरका सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखास्त दिन पाइने छैन।

संक्षिप्त वित्तीय विवरण :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व.२०७९/८०	आ.व.२०८०/८१	आ.व.२०८१/८२	२०८२ पौष मसान्त	आ.व.२०८२/८३	आ.व.२०८३/८४	आ.व.२०८४/८५
संचित मुनाफा (रु.हजारमा)	(२८,५३६)	११,५१९	४१,२००	८४,१२०	१६२,४५५	३३२,१२२	५२२,६८१
प्रति शेयर नेटवर्थ (रु.)	९५.२६	१०१.९१	१०६.८४	११३.९७	११८.८९	१३८.६२	१६०.७८
प्रति शेयर आम्दानी (रु.)	(०.०७)	०.१३	५.१३	१२.१३	१४.५८	१९.७३	२२.१६

आ.व २०८०/८१ को वित्तीय विवरण एनएफआरएस बमोजिम तयार गरिएकोले आ.व. २०७९/८० र २०७८/७९ को वित्तीय विवरण लेखापरीक्षण भएको सम्बन्धित आ.व सँग को विवरण भन्दा फरक पर्न गएको कारण नेपाल धितोपत्र बोड मार्फत स्वीकृत विवरण पत्रको दफा ग.९.क (पृष्ठ नं.२५) मा उल्लेख गरिएको।

आयोजनाको नाम : दुधकुण्ड खोला जलविद्युत आयोजना	**आयोजनाको कूल लागत** : रु. २,३६,९३,२०,०४२/- [Interest during construction (IDC)] सहित
प्रति मेगावाट लागत : आयोजनाको प्रति मेगावाट लागत रु १९,७४,४३,३३६/८३	**विद्युत उत्पादन क्षमता** : १२ मेगावाट
साधारण लगानी फिर्ता हुने अवधि : ६.४० वर्ष	**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि** : ८.९४ वर्ष
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि : अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०८/१८ देखि २१११/०८/१७ सम्म रहेकोले २८ वर्ष ९ महिना बाँकी रहेको छ।	

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८२/०९/०८ को प्राप्त पत्र अनुसार "CARE-NP BB+ (Is) [Double B Plus (Issuer)]" को प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेका (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

रेटिङ्ग प्राप्त गरेको मिति : २०८२/०९/०८ (सन् २०२५, डिसेम्बर २३) **बहाल रहने मिति : २०८३/१०/२४ (सन् २०२७, फेब्रुअरी ०७)**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८३ बैशाख ०८ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.mounteveresthydro.com, नेपाल धितोपत्रबोर्डको वेबसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nimbacecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-५९७१२३३, ४००५०८०, ४००५१५७
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८३/०१/२३)

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नँ/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरिकाले गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्न परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र. सं	ऋणी/प्रोप्राईटर/शेयरधनी/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणीहरु : (क) ओम शिवम् ज्वेलर्स प्रा.लि. (विविध कर्जा)** दर्ता नं. : २७०६९१/०७८/०७९, ठेगाना : खैरहनी वडा नं. ८, चितवन **(ख) बाबुराम विश्वकर्मा (धितो कर्जा)** (ना.प्र.नं. ४६१००१/१५२, मिति २०६३-१०-२९ मा जि.प्र.का. कास्कीबाट जारी भएको) ठेगानाः पोखरा वडा नं. १५, कास्की बाबु : खरिलाल विश्वकर्मा, बाजे : रामलाल विश्वकर्मा **ऋण प्रवाह गर्ने शाखा : न्यूरोड पोखरा** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. रुबी विश्वकर्मा-संचालक/शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४६१००१/१८०, मिति २०६३/११/०३ मा जि.प्र.का. कास्कीबाट जारी भएको),पति : बाबुराम विश्वकर्मा, ससुरा : खरिलाल विश्वकर्मा **२. सबुनम विश्वकर्मा- शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४६१००१/११०७४, मिति २०६७/०१/०३ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : बाबुराम विश्वकर्मा, बाजे : खरिलाल विश्वकर्मा **३. सैलेष विश्वकर्मा- शेयरधनी /जमानीकर्ता** (ना.प्र.नं. ४६१००१/१९४५०, मिति २०६९/०२/१९ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : बाबुराम विश्वकर्मा, बाजे : खरिलाल विश्वकर्मा **४. बाबुराम विश्वकर्मा- शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४६१००१/१५२, मिति २०६३/१०/२९ मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु : खरिलाल विश्वकर्मा, बाजे : रामलाल विश्वकर्मा
अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २३ वैशाख ०८३

सडक परियोजनालाई छैन बजेट

चालू आवकै डेढ खर्ब दायित्व आगामी आवमा स्थानान्तरण हुने, तर बजेटको सिलिङ मात्र ८२.६३ अर्ब

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सडकतर्फ चालू आर्थिक वर्ष ०८२/८३ को एक खर्ब ५१ अर्ब ८९ करोड रुपैयाँ दायित्व आगामी आवमा स्थानान्तरण हुने देखिएको छ। तर, अर्थ मन्त्रालयले आगामी आवका लागि सडक विभागलाई ८२ अर्ब ६३ करोड पाँच लाख रुपैयाँ मात्रै बजेट सिलिङ तोकेको छ। यसले आगामी आवमा पनि सडक विभागलाई बजेट व्यवस्थापनमा चुनौती हुने देखिएको छ। अर्थ मन्त्रालयलाई राष्ट्रिय योजना आयोगले आगामी आवका लागि १८ खर्ब ९० अर्ब रुपैयाँको बजेट सिलिङ दिएको छ। मन्त्रालयले त्यहीअनुसार विभिन्न मन्त्रालय तथा विभागलाई सिलिङ बाँडफाँट गरेको हो। त्यसमा सडक विभागलाई पुँजीगततर्फ सोबराबरको सिलिङ तोकिएको छ। चालू आवमा विभागले एक खर्ब २३ अर्ब ८६ करोड रुपैयाँ बजेट पाएको थियो। त्यसको तुलनामा पनि विभागलाई आगामी आवमा कम बजेट विनियोजन हुने देखिन्छ।

यतिवेला अर्थ मन्त्रालय आगामी आवको बजेट निर्माणको चरणमा छ। संविधानमै भएको व्यवस्थाअनुसार सरकारले आगामी आवका लागि १५ जेठमा संसद्मा बजेट प्रस्तुत गर्दै छ। त्यसका लागि सरकारले २८ वैशाखबाट संसद्को बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गरिसकेको छ। यता अर्थ मन्त्रालयले बजेट निर्माणलाई अन्तिम रूप दिन मन्त्रालयगत छलफल पनि गरिरहेको छ। तर, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र त्यसअन्तर्गतको सडक विभाग भने आगामी आवको बजेट सिलिङप्रति सन्तुष्ट छैन।

सडक विभागबाट प्राप्त विवरणअनुसार हालसम्मको सिर्जित दायित्व नै दुई खर्ब २९ अर्ब ११ करोड रुपैयाँ पुगिसकेको छ, जुन दायित्व चालू आवमै भुक्तानी हुने सम्भावना छैन। सडक विभागले नै चालू आवबाट एक खर्ब ५१ अर्ब ८९ करोड रुपैयाँ दायित्व आगामी आवमा सर्ने अनुमान गरेको छ। त्यसमा आगामी आवको दायित्वलाई पनि अर्को आवमा सार्न सकिने विकल्पलाई समेत दृष्टिगत गर्दै विभागले आगामी आवमा एक खर्ब ८८ अर्ब १५ करोड रुपैयाँ बजेट चाहिने अनुमान गरेको छ। तर, अर्थले भने ८२ अर्ब ६३ करोड पाँच लाख रुपैयाँ मात्रै सिलिङ दिएको छ, जुन आवश्यक बजेटभन्दा एक खर्ब पाँच अर्ब ५२ करोड रुपैयाँ कम हो। योसँगै आगामी आवमा पनि बजेट अभावका कारण विकास निर्माणले गति नलिने जोखिम देखिएको छ। यसका अलावा ठेकेदारले पनि समयमा भुक्तानी नपाउने जोखिम बढेको छ।

मंगलबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा पनि नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलस पाण्डेले सरकारबाट अर्बौं रुपैयाँ भुक्तानी लिन बाँकी रहेको बताए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलले सडक विभागका लागि बजेट बढाउन पहल भइरहेको बताए। 'सडक विभागमा हालकै दायित्व एक खर्ब २९ अर्ब रुपैयाँ छ। त्यसबाट अर्को आवमा डेढ खर्ब हाराहारीमा दायित्व सर्ने देखिन्छ। आगामी आवमा पनि नयाँ दायित्व सिर्जना हुनेछ नै। त्यसमा केही दायित्व अर्को वर्षका लागि सार्न पनि सकिन्छ। त्यसले गर्दा आगामी आवमा सडक विभागलाई डेढ खर्बभन्दा बढी पुँजीगत बजेट चाहिने देखिन्छ। तर, बजेट सिलिङ भने ८० अर्ब रुपैयाँ हाराहारी मात्रै छ। यसले पुरानै दायित्व भुक्तानी गर्न पनि नपुग्ने देखियो,' उनले भने, 'हामीले कम्तीमा पनि ५० अर्ब बजेट थप गर्न आग्रह गर्दै आएका छौं। अर्थ मन्त्रालयसँग छलफल पनि भइरहेको छ।'

नयाँ परियोजना थप्न मुस्किल

● **रामहरि पोखरेल**, प्रवक्ता, भौतिक मन्त्रालय



आगामी आवमा सडक तथा पुलतर्फ नयाँ परियोजना घोषणा हुने सम्भावना न्यून छ। पुरानो दायित्व भुक्तानी गर्न पुग्ने बजेट पनि छैन। त्यो अवस्थामा नयाँ परियोजना घोषणा गर्न सक्ने अवस्था छैन। यद्यपि, अर्थ मन्त्रालयसँग छलफल जारी छ। सकारात्मक नजिताको आशामा छौं।

■ मन्त्रालयले आगामी बजेटका लागि प्रस्ताव गरेका प्रमुख आयोजना

विवरण	शीर्षक
राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम	२० अर्ब
काँकडभिट्टा-इनरुवा-पथलैया-नारायणघाट खण्ड	१६ अर्ब ४३ करोड
वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम	१५ अर्ब
स्थानीय सडक, पुल निर्माण	१२ अर्ब ४५ करोड
राणनीतिक सडक-पुल निर्माण तथा पुलपुलेसा संरक्षण	१२ अर्ब
क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना	११ अर्ब ४५ करोड
मदन भण्डारी राजमार्ग (बाहुनडाँगीदेखि रुपालसम्म)	१० अर्ब १ करोड
सडक बोर्ड	१० अर्ब
हुलाकी राजमार्ग (पुलहरूसमेत)	९ अर्ब १६ करोड
दक्षिण एसियाको यातायात तथा व्यापार आबद्धता	७ अर्ब ५ करोड
उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी)	६ अर्ब
मध्यपहाडी राजमार्ग	५ अर्ब ६१ करोड
निर्वाचन क्षेत्र रणनीतिक सडक	४ अर्ब
सूर्यविनायक-धुलिखेल र कोटेश्वर-बानेश्वर- त्रिपुरेश्वर सडक	३ अर्ब
गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक आयोजना	२ अर्ब ७० करोड
सासेक सडक सुधार आयोजना	२ अर्ब २० करोड

ठुला परियोजनाबाट कति सर्दै छ दायित्व ?

■ मदन भण्डारी राजमार्ग

मदन भण्डारी राजमार्गबाट आगामी आवका लागि १२ अर्ब ५१ करोड रुपैयाँ दायित्व सर्ने देखिएको छ। चालू आवमा दुई अर्ब ५१ करोड मात्रै बजेट विनियोजन यस परियोजनामा हाल १४ अर्ब २६ करोड रुपैयाँ दायित्व छ। त्यसबाट साढे १२ अर्ब दायित्व अर्को वर्षका लागि सर्ने अनुमान गरिएको छ। यद्यपि, विभागले आगामी आवका लागि १० अर्ब मात्रै माग गरेको छ।

■ उत्तर-दक्षिण करिडोर

उत्तर-दक्षिण करिडोरअन्तर्गतका कर्णाली, कालीगण्डकी र कोशी राजमार्गबाट पाँच अर्ब १५ करोड दायित्व आगामी आवमा सर्ने देखिन्छ। चालू आवमा तीन अर्ब ७४ करोड बजेट विनियोजन गरिएका यी परियोजनाको हालको दायित्व नै सात अर्ब ७६ करोड छ। यस परियोजनाका लागि न्यूनतम ६ अर्ब रुपैयाँ बजेट चाहिने विभागको अनुमान छ।

■ मध्यपहाडी राजमार्ग

मध्यपहाडी राजमार्गबाट सात अर्ब दायित्व आगामी आवमा सर्ने अनुमान गरिएको छ। चालू आवमा तीन अर्ब ९४ करोड विनियोजन भएको यस परियोजनामा हालकै दायित्व नौ अर्ब ७७ करोड छ। त्यसबाट सात अर्ब रुपैयाँ दायित्व अर्को वर्ष सार्ने तयारी छ। यस परियोजनालाई न्यूनतम पाँच अर्ब ६१ करोड रुपैयाँ बजेट चाहिने बताइएको छ।

■ स्थानीय सडक-पुल निर्माण

स्थानीय सडक-पुल निर्माण परियोजनामा अहिले नै १७ अर्ब ८० करोड रुपैयाँ दायित्व बाँकी छ। चालू आवका लागि तीन अर्ब २० करोड बजेट विनियोजन भएको यस परियोजनाबाट १५ अर्ब ५६ करोड रुपैयाँ दायित्व अर्को वर्षका लागि सर्दै छ। यस परियोजनालाई आगामी आवका लागि न्यूनतम १२ अर्ब ४५ करोड बजेट चाहिने विभागको भनाइ छ।

■ हुलाकी राजमार्ग

तथ्यांकअनुसार हुलाकी राजमार्गमा अहिले नै १३ अर्ब ९५ करोड रुपैयाँ दायित्व बाँकी छ। चालू आवमा तीन अर्ब ५६ करोड बजेट विनियोजन भएको परियोजनाबाट ११ अर्ब ४५ करोड रुपैयाँ दायित्व स्थानान्तरण हुने अनुमान छ। सडक विभागले यस परियोजनालाई आगामी आवका लागि नौ अबै १६ करोड बजेट माग गरेको छ।

■ रणनीतिक सडक-पुल

रणनीतिक सडक-पुल निर्माणमा अहिले नै १२ अर्ब १९ करोड रुपैयाँ दायित्व छ। चालू आवमा तीन अर्ब ८३ करोड बजेट विनियोजना भएको यस परियोजनाबाट नौ अर्ब ५१ करोड दायित्व अर्को वर्षका लागि सर्दै छ। आगामी आवमा १२ अर्ब बजेट चाहिने अनुमान सडक विभागले गरेको छ।

■ राजमार्ग स्तरोन्नति

राजमार्ग स्तरोन्नति कार्यक्रममा भने अहिलेकै दायित्व १७ अर्ब ४५ करोड रुपैयाँ देखिन्छ। चालू आवमा आठ अर्ब ६९ करोड रुपैयाँ बजेट विनियोजन भएको यस परियोजनाबाट ११ अर्ब ३७ करोड दायित्व अर्को वर्षका लागि सर्दै छ। आगामी आवमा २० अर्ब बजेट चाहिने दाबी छ।

■ क्षेत्रीय व्यापारिक मार्ग विस्तार

क्षेत्रीय व्यापारिक मार्ग विस्तार परियोजनामा अहिले नै २४ अर्ब ६१ करोड दायित्व छ। चालू आवमा १४ अर्ब ७० करोड बजेट विनियोजन भएको यस परियोजनाबाट १४ अर्ब ३२ करोड दायित्व अर्को वर्ष सर्ने देखिन्छ। आगामी आवमा न्यूनतम ११ अर्ब ४५ करोड माग गरिएको छ।

■ काँकडभिट्टा-नारायणगढ सडक

काँकडभिट्टा-पथलैया-नारायणगढ सडकमा अहिले नै २८ अर्ब २३ करोड रुपैयाँ दायित्व छ। चालू आवमा ११ अर्ब बजेट विनियोजन भएको परियोजनाबाट २० अर्ब ५३ करोड दायित्व अर्को वर्षका लागि सर्ने अनुमान छ। आगामी आवमा १६ अर्ब ४३ करोड बजेट चाहिने दाबी गरेको छ।

■ निर्वाचन क्षेत्र रणनीतिक सडक

निर्वाचन क्षेत्र रणनीतिक सडकमा हाल ११ अर्ब ५२ करोड रुपैयाँ दायित्व छ। चालू आवमा चार अर्ब ३५ करोड रुपैयाँ बजेट विनियोजन भएको परियोजनाबाट तीन अर्ब दायित्व सर्ने अनुमान गरिएको छ।

■ पूर्व दक्षिण एसियाको यातायातमा आबद्ध हुने कार्यक्रम

पूर्व दक्षिण एसियाको यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रमा १२ अर्ब ३७ करोड रुपैयाँ वर्तमान दायित्व देखिएको छ। यस कार्यक्रमका लागि चालू आवमा पाँच अर्ब नौ करोड बजेट विनियोजन भएको छ। यस परियोजनाबाट आठ अर्ब ८१ करोड रुपैयाँ दायित्व सर्ने अनुमान छ।

भन्सार विन्दुमा एमआरपी लागू नगर्न सांसदको सुझाव

● **सिर्जना श्रेष्ठ**, रास्वपा सांसद

एमआरपी कार्यान्वयनको अवस्थाले आयात अन्योलमा परेको जानकारीमा आएको छ, त्यसैले यसलाई सुधार गर्नुपर्ने देखिन्छ। विदेशका उत्पादक कम्पनीहरूसमेत सरकारको नीतिका कारण प्रभावित भएका कारण सबै कुरा स्पष्ट पार्नुपर्छ।

● **प्रकाशसिंह कार्की**, कांग्रेस सांसद

भन्सारले एमआरपी उल्लेख नभएका वस्तु जाँचपास नगर्ने नीति लिनासाथ सीमापारि धेरै कन्टेनर रोकिएका छन्। १५ सयजति कन्टेनरमा राख्न पुग्ने सामान कोलकत्ता बन्दरगाहमा बेवारिसे भएर बसेको जानकारीमा आएको छ। त्यसैले, एमआरपी लागू गर्ने निर्णय तत्काल स्थगित गरेर केही समय दिएर मात्र लागू गरौं।

● **क्षितिज थेबे**, एमाले सांसद

१५ वैशाखदेखि एमआरपी लागू गर्ने निर्णय भएको छ। सरकारको यो निर्णयको म पक्षमै छु, तर एमआरपी लागू गर्न खोज्दा अहिले देशभरका भन्सारमा कन्टेनर जाँचपास हुन सकेका छैनन्। 'देशभरका बजारमा पुग्ने वस्तुको अधिकतम मूल्य भन्सार विन्दुमै निर्धारण गर्नुपर्ने प्रावधान व्यावहारिक पनि छैन।

नयाँ पत्रिका

भन्सार विन्दुमै एमआरपी लागू गर्ने व्यवस्थामा पुनर्विचार गर्न र अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी)को व्यवस्था तत्काल स्थगन गर्न सांसदहरूले सुझाव दिएका छन्। मंगलबार दिउँसो बसेको संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिको बैठकमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सिर्जना श्रेष्ठले एमआरपी कार्यान्वयनको अवस्थाले आयात अन्योलमा परेको भन्दै सुधार गर्नुपर्ने बताइन्। उनले विदेशका उत्पादक कम्पनीहरूसमेत सरकारको नीतिका कारण प्रभावित भएको भन्दै सबै कुरा स्पष्ट पार्नुपर्ने बताइन्।

कांग्रेस सांसद प्रकाशसिंह कार्कीले एमआरपी नीतिका कारण देशभरका भन्सारमा पाँच हजारभन्दा बढी कन्टेनर सीमापारि रोकिएको बताए। 'भन्सारले एमआरपी उल्लेख नभएका वस्तु जाँचपास नगर्ने नीति लिनासाथ सीमापारि धेरै कन्टेनर रोकिएका छन्। १५ सयजति कन्टेनरमा राख्न पुग्ने सामान कोलकत्ता बन्दरगाहमा बेवारिसे भएर बसेको जानकारीमा आएको छ,' उनले बैठकमा भने, 'त्यसैले, एमआरपी लागू गर्ने निर्णय तत्काल स्थगित गरेर केही समय दिएर मात्र लागू गरौं।'

उनले भन्सारमा घोषणा गरेको एमआरपीअनुसार सबैतिर एउटै भाउमा बिक्री मूल्य निर्धारण गर्न मुस्किल हुने पनि बताए। त्यस्तै, एमाले सांसद क्षितिज थेबेले हतारमा लागू गर्न खोजेको एमआरपी प्रणालीले भन्सारमा आयातित मालवस्तु बोकेका कन्टेनरको जाँचपासमा अवरोध भइरहेको बताए। उनले आयातित वस्तुको एमआरपी भन्सारमै निर्धारण गर्नु व्यावहारिक नहुने भएकाले सरकारको निर्णय लागू नगरी तत्काल स्थगन गर्ने र विस्तृत छलफलपछि मात्रै कार्यान्वयन गर्नुपर्ने बताए। '१५ वैशाखदेखि एमआरपी लागू गर्ने निर्णय भएको छ। सरकारको यो निर्णयको म पक्षमै छु, तर एमआरपी लागू गर्ने खोज्दा अहिले देशभरका भन्सारमा कन्टेनर जाँचपास हुन सकेका छैनन्,' उनले भने, 'देशभरका बजारमा पुग्ने वस्तुको अधिकतम मूल्य भन्सार विन्दुमै निर्धारण गर्नुपर्ने प्रावधान व्यावहारिक पनि छैन।'

सांसदको सुझावपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण राउतले उपभोक्ता संरक्षण ऐन, ०७५ मा सबै वस्तुको एमआरपीसहितको लेबल अनिवार्य हुनुपर्ने व्यवस्था रहेकाले कार्यान्वयन गरिएको जानकारी दिएका थिए। उनले स्वदेशी उत्पादनमा कुनै समस्या नरहेको, तर आयातित वस्तुको भन्सार मूल्यांकनमा केही असहजता भएकाले अन्तरसरकारी निकाय बसेर समाधान निकाल्ने बताए। सरकारले जारी गरेको शासकीय सुधारका एक सयदिने कार्यसूचीमा समेत एमआरपी लागू गर्ने विषय उल्लेख भएको उनले बैठकमा जानकारी गराएका थिए।

'एमआरपी लागू गर्ने विषयमा गत असोजदेखि नै पत्राचार भइरहेको विषय हो। अहिले अपर्भट लागू गरेको निर्णय होइन,' उनले भने, 'यद्यपि, आयातमा देखिएको समस्यालाई पनि सम्बोधन गर्ने गरी अन्तरनिकाय समन्वय गर्नेछौं।' बैठकमा समिति सभापति रहबर अन्सारीले पनि एमआरपीका विषयमा अन्योलता देखिएकाले स्पष्ट भएर कार्यान्वयन गर्न सुझाव दिएका थिए।



संक्षेप

निर्माणकार्यमा तीव्रता ल्याउन मन्त्रालयको निर्देशन

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास मन्त्रालयले चालू आर्थिक वर्षको निर्माण आयोजनाको काम द्रुत गतिमा अघि बढाउन र कार्यान्वयनका क्रममा देखिएका समस्या समाधान गर्न मातहतका निकायलाई निर्देशन दिएको छ। मंगलबार मन्त्रालयले मातहतका निकायलाई निर्माणकार्यमा ढिलाइ हुने प्रवृत्ति अन्त्य गर्न, नियमित अनुगमन तथा प्रगति प्रतिवेदन अनिवार्य रूपमा पेस गर्न भनेको हो। आयोजना कार्यान्वयनमा देखिएका अवरोध तत्काल पहिचान गरी समाधान गर्न सम्बन्धित निकायबिच प्रभावकारी समन्वय गर्नसमेत मन्त्रालयले परिपत्र गरेको छ।

'मूल्य समायोजन सम्बन्धमा कन्ट्र्याक्ट डकुमेन्टमा भएको व्यवस्थाअनुरूप मूल्य समायोजन गरिने हुँदा सो व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउनुहुन र उक्त व्यवस्था कार्यान्वयनमा कुनै समस्या भएमा वा मन्त्रालयबाट सहजीकरण हुनुपर्ने विषय भएमा तत्काल मन्त्रालयमा पठाउनुहुन निर्देशन छ,' परिपत्रमा भनिएको छ।

नौ महिनामा साढे १३ हजार पर्यटक रारा पुगे

मुगु/ प्रमुख पर्यटकीय स्थल रारामा नौ महिनामा साढे १३ हजारभन्दा बढी पर्यटक पुगेका छन्। गत साउनदेखि चैत मसान्तसम्म १३ हजार आठ सय ८३ जनाले रारा भ्रमण गरेका हुन्। रारा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख वरिष्ठ संरक्षण अधिकृत विश्वबाबु श्रेष्ठका अनुसार १३ हजार ६ सय ६१ जना आन्तरिक पर्यटक हुन्। सार्क राष्ट्रका ६९ र अन्य देशका एक सय ३३ जनाले रारा भ्रमण गरेका छन्।

पछिल्लो नौ महिनामा रारा घुम्न आएका पर्यटकको संख्या अघिल्लो वर्षको सोही समयमा भन्दा बढी रहेको उनले बताए। उनका अनुसार पछिल्लो समय दैनिक ६० देखि ७० जना पर्यटक रारा पुग्ने गरेका छन्। यही हिसाबले असार मसान्तसम्म पर्यटकको संख्या १८-१९ हजार पुग्ने उनको अनुमान छ।

निकुञ्जले सो अवधिमा ५२ लाख ३४ हजार तीन सय ३१ रुपैयाँ राजस्व संकलन गरेको छ। निकुञ्जको कार्यालयले चैत मसान्तसम्म पर्यटन शुल्कबाट मात्र २५ लाख १३ हजार आठ सय ३० रुपैयाँ राजस्व उठाएको छ। निकुञ्जले आन्तरिक पर्यटकबाट प्रतिव्यक्ति एक सय, सार्क राष्ट्रका नागरिकलाई एक हजार पाँच सय र अन्य देशका नागरिकलाई तीन हजार शुल्क तोकेको छ।

अप्रिलमा पर्यटक आगमन ७.३% ले घट्यो

शान्ता कमली/नयाँ पत्रिका

मध्यपूर्वमा बढ्दो द्वन्द्वको प्रभावले मुख्य सिजनमै पर्यटक आगमन खस्केको छ। पर्यटन बोर्डका अनुसार अप्रिलमा एक लाख सात हजार नौ सय ३४ विदेशी पर्यटक नेपाल भित्रिएका छन्, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७.३ प्रतिशतले कम हो।

सन् २०२५ को अप्रिलमा एक लाख १६ हजार चार सय ९० पर्यटक आएका थिए भने कोभिड-१९ अघि सन् २०१९ को अप्रिलमा एक लाख नौ हजार तीन सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

क्षेत्रगत रूपमा दक्षिण एसिया (सार्क)बाट सबैभन्दा धेरै ३३ हजार चार सय ३२ पर्यटक आएका छन्, जुन कुल आगमनको करिब ३१ प्रतिशत हो। त्यसपछि अन्य एसियाली मुलुकबाट २६ हजार सात सय २६, युरोपबाट २१ हजार नौ सय ८८, अमेरिकी क्षेत्रबाट ११ हजार ३२, ओसिनियाबाट पाँच हजार आठ सय ९८, पश्चिम एसियाबाट एक हजार ६ सय ९७, अफ्रिकी मुलुकबाट तीन सय १५ तथा अन्य देशबाट ६ हजार आठ सय ४६ पर्यटक नेपाल आएका छन्। देशगत रूपमा भारत प्रमुख स्रोत बजार बनेको हो। भारतबाट २५ हजार एक सय ९६ पर्यटक आएका छन् भने चीनबाट ११ हजार सात सय २२, संयुक्त राज्य अमेरिकाबाट आठ हजार सात सय २४, बंगलादेशबाट पाँच हजार दुई सय ३१, बेलायतबाट चार हजार आठ सय ८६, जर्मनीबाट तीन हजार एक सय ४३ र मलेसियाबाट तीन हजार ८५ पर्यटक नेपाल आएका छन्।



स्थलमार्गबाट आउने पर्यटकवाहक अब अनलाइनबाटै दर्ता

काठमाडौं/ भारतीय पर्यटक तथा भारत भएर नेपाल भित्रिने अन्य देशका पर्यटकलाई सहजीकरण गर्न अनलाइन सेवा सुरु गरिएको छ। भन्सार विभागले स्थलमार्ग भएर नेपाल भित्रिने विदेशी सवारीसाधनले अनलाइनबाटै विवरण भर्न र राजस्व तिर्न सक्ने प्रणाली अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुभारम्भ गरेका छन्। नयाँ प्रणाली सञ्चालनमा आएसँगै अब नेपालमा सवारीसाधन लिएर भित्रिने भारतीय तथा तेस्रो मुलुकका पर्यटकले अनलाइनबाटै राजस्व तिर्न सक्नेछन्। यसअघि भन्सार नाकामा आएर यस्ता सवारीसाधनले भौतिक रूपमा अस्थायी इजाजत लिनुपर्ने व्यवस्था थियो।

साथै, नेपाल यात्राकै क्रममा यात्रा अवधि सकिए नवीकरणका लागि भन्सार नाकामै पुग्नुपर्ने वा जरिवाना तिर्नुपर्ने अवस्था थियो। तर, नयाँ अनलाइन प्रणाली सुरु भएसँगै अब नेपाल भित्रिने पर्यटकले आफ्नो सवारीसाधनको इजाजतपत्र घरैबाट अनलाइनमार्फत भुक्तानी गर्न सक्ने विभागले जनाएको छ। नयाँ अनलाइन सहजीकरण सेवाको शुभारम्भ गर्दै अर्थमन्त्री डा. वाग्लेले सीमा क्षेत्रमा पर्यटकले पाउने सास्ती अब हट्ने बताए। 'सरकारले अनुसरण गरेको सुशासन र छरितो गुणस्तरीय सार्वजनिक सेवा दिने घोषणा कार्यान्वयनका क्रममा यो कार्य सुरु गरिएको हो,' उनले भने, 'पर्यटकलाई कुनै कठिनाइ नहोस्। सरकारी सेवा छिटो र छरितो होस् भन्ने हामी चाहन्छौं।'

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद मैनालीले नेपाल भित्रिने पर्यटक बोकेका विदेशी सवारीसाधनको इजाजत अब डिजिटल भएको बताए। उनका अनुसार अब नेपाल प्रवेश गर्ने यात्रु तथा पर्यटकले प्रयोग गर्ने विदेशी सवारीसाधनसम्बन्धी विवरण अनलाइनमै स्वयं घोषणा गर्न सक्नेछन्।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको ३१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८३/०१/२३ गते

यस बैंकको शाखा वत्तिसपुतली, काठमाडौंबाट कर्जा कारोवार गर्ने तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेनारकम असूल उपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालयः शाखा वत्तिसपुतली, गौशाला, काठमाडौं

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राईटरको नाम/ कम्पनी तथा संचालकहरूको नाम	ठेगाना	ग्राहकको बाबु/पतिको नाम	ग्राहकको बाजेको नाम	उद्देश्य	साँवा रकम रू.	२०८२।१२।३० सम्मको व्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम रू.	धितो मञ्जूरीनामा दिनेको नाम
१.	रोहिणी प्रसाद कुइकेल	कागेश्वरी मनोहरा ३ भद्रवास	बुद्दि सागर कुइकेल	खडानन्द कुइँकेल	आवास / सरल कृषि कर्जा	१३,६२,१८७	२,०९,६३८	१५,७१,८२५	
२.	सम्झना क्याफे प्रो. सम्झना थापा मगर	ललितपुर ११ पुल्चोक	डम्बर बहादुर थापा मगर/ गोपाल भुजेल	चतुर सिं भुजेल	महिला उद्यमशिल कर्जा	५,७४,७८४	५६,८७०	६,३१,६५४	
३.	यू कल्पना हस्पिटालिटी प्रो. कल्पना मगर	का.म.न.पा. १० शंखमुल	चतुरे भुजेल/ नेत्र बहादुर मगर	भिमबहादु मगर	महिला उद्यमशिल कर्जा	४,८०,८१०	२,५६५	४,८३,३७५	
४.	क्यात्लिन एग्रो ग्रुप नेपाल प्रा.लि. सं. ललित लामा	काठमाडौं २ चपली	दिल बहादुर लामा	कुष्णबहादुर लामा	सरल कृषि कर्जा	६३,००,२१५	४,५७,९७२	६७,५७,१८७	कल्पना लामा
५.	राममणी प्रसाद सापकोटा	चाँगुनारायण २,भक्तपुर	चिन्तामणि सापकोटा	कालिकाप्रसाद सापकोटा	आवास कर्जा	३४,४७,२०६	३,०१,४९२	३७,४८,६९८	
६.	प्रधान विल्डर्स प्रा.लि. सं. रबिन्द्र प्रधान	का.म.न.पा. १०, काठमाडौं	हरिलाल प्रधान	विष्णुलाल प्रधान	सरल ठेक्का कर्जा तथा जमानत दाबी कर्जा	६,८८,८५,३११	५७,२१,२१८	७,४६,०६,५२९	हरिलाल प्रधान/ सुनिता श्रेष्ठ/ सरिता श्रेष्ठ/अमृतलाल श्रेष्ठ

कम्पनि दर्ता नं.१७२५६५/०७४/०७५, दर्ता गर्ने निकायः कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, दर्ता मितिः २०७४।०४।२२, पान नं.६०६९०९६३७ लिएको मिति २०७४।०४।३१

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

समृद्धिको अनलाइन धितो रोक्का-फुकुवा सेवा सुरु



काठमाडौं/ समृद्धि फाइनान्सले अनलाइन प्रणालीमार्फत धितोबन्धक रोक्का-फुकुवा सेवा सुरु गरेको छ। यो सेवा सुरु गर्नेसम्बन्धी सम्झौतामा भूमि व्यवस्थापन तथा अभिलेख विभागसँग समझदारी भएको छ। सम्झदारीपत्रमा फाइनान्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार घिमिरे र विभागका तर्फबाट महानिर्देशक शिवप्रसाद रेग्मीले हस्ताक्षर गरेका छन्।

सम्झौतापश्चात् धितो बन्धकको रोक्का तथा फुकुवासम्बन्धी सम्पूर्ण कार्य अनलाइनमार्फत संस्थाले नै गर्नेछ। यो सुविधा फाइनान्सको केन्द्रीय कार्यालयसहित देशभरका सम्पूर्ण शाखा कार्यालयबाट समेत गर्न सकिने बताइएको छ। यससँगै फाइनान्सका ग्राहकले कर्जा उपभोग गर्दा छिटो-छरितो तथा सहज रूपमा सेवा प्राप्त गर्न सक्नेछन्।

डिजिटल वित्तीय सेवा विस्तार गर्दै नयाँ प्रविधिमार्फत सेवा प्रदान गर्ने लक्ष्य लिएको संस्थाले जनाएको छ। हाल यो संस्थाले १३ वटा शाखामार्फत कारोबार गर्दै आएको छ।

'नबिल निःशुल्क जलन शिविर'बाट डेढ सय लाभान्वित



काठमाडौं/ वीरगन्जस्थित नारायणी अस्पतालमा सञ्चालन भएको 'नबिल निःशुल्क जलन उपचार शिविर'मार्फत एक सय ५० जनाले परामर्श तथा उपचारसेवा लिएका छन्। नारायणी अस्पताल वीरगन्ज र नबिल बैंकको संयुक्त आयोजना तथा फेक्ट नेपालको प्राविधिक सहयोगमा यही १७ देखि २० वैशाखसम्म शिविर आयोजना गरिएको थियो। शिविरमा ४६ जना बिरामीको वरिष्ठ चिकित्सकद्वारा शल्यक्रिया गरिएको बैंकले जनाएको छ। त्यसमध्ये जटिल किसिमका ६ जना बिरामीलाई काठमाडौंको कीर्तिपुरस्थित अस्पतालमा रिफर गरिएको छ।

शिविर सञ्चालन गर्नुअघि मधेश प्रदेशका विभिन्न ६ जिल्लाका २७ पालिकामा स्क्रिनिङ क्याम्प आयोजना गरिएको थियो। उक्त क्याम्पमा फेक्ट नेपालका स्वास्थ्यकर्मीले स्थानीय तहमै पुगेर बिरामीको प्रारम्भिक विवरण लिएका थिए।

बैंकले काठमाडौंमा कार्यरत विशेषज्ञ चिकित्सकमार्फत दुर्गम स्थानमा रहेका जलनसम्बन्धी बिरामीलाई निःशुल्क उपचार र परामर्श दिँदै आएको छ। 'नेपालमा जलनसम्बन्धी घटनाका पीडितले अझै पनि उचित उपचार नपाएर बस्नुपर्ने अवस्था रहेकामा बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मधेशका दुर्गम क्षेत्रमा रहेका जलनपीडितलाई लक्षित गरी शिविर आयोजना गरेको हो,' बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले भने। बैंकका अनुसार वैशाख २५ देखि २८ सम्म लुम्बिनी प्रदेशमा पनि यस प्रकारको शिविर आयोजना हुँदै छ।

फेक्ट नेपाल, कीर्तिपुर अस्पतालका वरिष्ठ प्लास्टिक सर्जन डा. शंकरमान राईसहितका विशेषज्ञ चिकित्सकको टोलीले मधेश प्रदेशका जलनका बिरामीलक्षित शिविरमा शल्यक्रिया गरेका हुन्। बैंकले यअघि सुदूरपश्चिम र कर्णाली प्रदेशका विभिन्न स्थानमा निःशुल्क जलन शिविर सञ्चालन गरिसकेको छ।

गत फागुन १२ देखि १४ गतेसम्म धनगढीमा सञ्चालन भएको उक्त पहिलो शिविरमार्फत ६५ जना र गत चैत २७ देखि कर्णालीमा प्रदेशमा सञ्चालन भएको शिविरमा एक सय ९४ जनाले उपचार तथा परामर्श सेवा प्राप्त गरेका थिए।

महुली लघुवित्तको नाफा १२ करोड २८ लाख

काठमाडौं/ चालू आर्थिक वर्षको तेस्रो त्रैमास अर्थात् चैतसम्म महुली लघुवित्तले १२ करोड २८ लाख रुपैयाँ नाफा कमाएको छ। गत आवको सोही अवधिमा संस्थाको यस्तो नाफा आठ करोड ९५ लाख कायम थियो। त्यसैगरी, संस्थाले समीक्षा अवधिमा ३६ करोड ५० लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ। गत आवको सोही अवधिमा संस्थाले १६ करोड ४८ लाख खुद ब्याज आम्दानी गरेको थियो।

३८ करोड ७४ लाख चुक्ता पुँजी रहेको संस्थाको यस अवधिमा एक अर्ब ९८ करोड ९१ लाख निक्षेप संकलन गरेको जनाएको छ। यस्तै, पाँच अर्ब ९८ करोड ९३ लाख कर्जा प्रवाह गरेको छ। चैत मसान्तसम्म संस्थाको एनपिएल ८.१७ प्रतिशत छ।

माइडिया ब्रान्डका फ्यान बजारमा



काठमाडौं/ लोकप्रिय घरेलु उपकरण ब्रान्ड माइडियाका फ्यानको नयाँ, शक्तिशाली तथा आधुनिक शृंखला नेपाली बजारमा सार्वजनिक भएका छन्। सिजी इलेक्ट्रोनिक्सअन्तर्गतको माइडियाले फ्यान सिरिज सार्वजनिक गरेको हो। यसअघि कम्पनीका वासिङ मेसिन, रेफ्रिजेरेटर, भ्याकुम क्लिनर, चेस्ट फ्रिजर, एयर प्युरिफायर, एयर फ्रायर, चिम्नी, वाटर डिस्पेन्सर र डिसवासरजस्ता उत्पादन उपलब्ध थिए। अब कम्पनी फ्यान सेग्मेन्टमा पनि प्रवेश गरेको छ।

नेपालको तापक्रमलाई ध्यानमा राख्दै डिजाइन गरिएको यो फ्यान शृंखलाले दैनिक जीवनलाई थप सहज र आरामदायी बनाउने लक्ष्य राखेको छ। एफडब्ल्यू-४५-२५ एम मोडेलको भित्तेपंखामा शक्तिशाली एयरफ्लो, अक्सिलेसन फंक्सन र 'पुल कर्ड' कन्ट्रोल छ, जसले प्रयोगलाई सहज बनाउने कम्पनीले जनाएको छ। साथै, यसमा तीनवटा स्पिड सेटिङ र पाँचवटा एबिएस ब्लेड जडान गरिएको छ।

त्यस्तै, एफएस ४५-२५ एमटी स्ट्यान्ड फ्यान उचाइ मिलाउन सकिने भएकाले प्रयोगकर्तालाई थप लचिलोपन प्रदान गर्ने बताइएको छ। यसैगरी, प्रिमियम विशेषतासहित आएको एफएस ४०-१३ क्युआरए मिस्ट स्ट्यान्ड फ्यानमा पानी स्प्रे गर्ने सुविधा, आयन जेनेरेटर, टाइमर र रिमोट कन्ट्रोलजस्ता आधुनिक प्रविधि समावेश छ। अर्को मोडेल एफएस ४०-१३ पिजी हाई-स्पिड स्ट्यान्ड फ्यान उच्च गतिको कुलिङ आवश्यक पर्ने स्थानका लागि उपयुक्त मानिएको छ।

नेपाल लाइफको निःशुल्क स्वास्थ्य शिविर र रक्तदान



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले स्थापनाको २५औं वार्षिकोत्सवको अवसर पारेर निःशुल्क स्वास्थ्य शिविर एवं देशैभर बृहत् रक्तदान कार्यक्रम गरेको छ। कम्पनीले २१ र २२ वैशाखमा प्रधान कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो। स्वास्थ्य परीक्षण सेवा आरबी डायग्नोस्टिकमार्फत प्रदान गरिएको थियो।

शिविरमा इसिजी, थाइराइड, सुगर, प्रेसर, एसजिपिटी, कोलस्ट्रोल, युरिक एसिडलगायतका निःशुल्क चेकजाँचका साथै विज्ञ डाक्टरबाट परामर्श प्रदान गरिएको थियो। दुईदिने शिविरबाट ६ सय एकजनाले प्रत्यक्ष लाभ लिएको कम्पनीले जनाएको छ। यससँगै कम्पनीले सातवटै प्रदेशका १३ स्थानमा बृहत् रक्तदान कार्यक्रमसमेत सम्पन्न गरेको छ।

कार्यक्रममार्फत कोशी प्रदेशको इटहरीमा ३०, मधेशको वीरगन्जमा २५, जनकपुरमा २५, बागमतीको काठमाडौंमा ७८, नारायणगढमा ८१, नुवाकोटमा ३९, हेटौंडामा २६ र बनेपामा ३२ पिन्ट रगत संकलन भएको बताइएको छ। यस्तै, गण्डकी प्रदेशको पोखरामा ५५, लुम्बिनी प्रदेशको बुटवलमा ३३, भैरहवामा ३४, कर्णालीको सुर्खेतमा २५ र सुदूरपश्चिमको धनगढीमा ३३ गरी कुल ५०५ पिन्ट रगत संकलन गरिएको छ। वार्षिकोत्सवका अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले मार्गनिर्देशन प्रदान गर्ने सञ्चालक समिति अध्यक्ष तथा सञ्चालकहरू, सेयरधनी, अभिकर्तालगायत सबैलाई धन्यवाद दिए।

पाथीभरामा नेपाल टेलिकमको फोर-जी सेवा सञ्चालन



काठमाडौं/ नेपाल टेलिकमले ताप्लेजुङको प्रसिद्ध तीर्थस्थल पाथीभरामा फोर-जी सेवा सञ्चालनमा ल्याएको छ। टेलिकमले पाथीभरा मन्दिर र आसपासका स्थानीय तहलाई समेट्ने गरी उच्च गतिको फोर-जी सेवा सोमबारबाट सञ्चालनमा ल्याएको जनाएको हो।

विकट भौगोलिक क्षेत्रमा नेटवर्क विस्तार भएसँगै पाथीभरा माताको दर्शन गर्न जाने श्रद्धालु भक्तजनका साथै मन्दिरआसपास जोडिएका फुडलिङ नगरपालिका, फक्ताङलुङ गाउँपालिका, सिरिजंघा गाउँपालिका र पाथीभरा याङ्वरक गाउँपालिकाका विभिन्न वडाका बासिन्दा प्रत्यक्ष रूपमा लाभान्वित हुने बताइएको छ।

'अब मन्दिर दर्शन गर्न जाने क्रममा र मन्दिरपरिसरमा श्रद्धालुले आफ्ना परिवार र आफन्तजनसँग सहजै सम्पर्क गर्न सक्नेछन्,' टेलिकमले भनेको छ। सञ्चारको पहुँचबाट टाढा रहेको सो जिल्लाका नगरपालिका तथा गाउँपालिकाका बासिन्दा सूचना प्रविधिको मूलधारमा जोडिएका छन्। यसले शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता पूर्तिमा सहयोग पुऱ्याउनुका साथै दैनिक जनजीवनलाई सहज र सुविधायुक्त बनाउने टेलिकमको विश्वास छ।

उच्च पहाडी र विकट पदमार्ग भएका कारण स्वास्थ्य समस्या वा अन्य आपत्कालीन अवस्था आइपर्दा तत्काल उद्धार तथा सहयोगका लागि सम्बन्धित निकाय वा परिवारसँग सम्पर्क गर्न यो सेवाले महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ। त्यसैगरी, सञ्चार सुविधाको उपलब्धताले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्नेछ। साथै, स्थानीय होटेल व्यवसायी तथा व्यापारीलाई क्युआर कोडमार्फत भुक्तानीलगायतका डिजिटल बैंकिङ कारोबार र व्यवसाय प्रवर्द्धन गर्न सहज हुने अपेक्षा राखिएको छ।

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोन: ९७७-१-४००२८०१, फ्याक्स: ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

मिति २०८२/१२/०९ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि
१ शेयर बराबर नर्यौं ०.५ शेयर (१ : ०.५) को अनुपातमा प्रति शेयर अंकित मूल्य रु.१००।- दरको
५३,२७,०८५ कित्ता शेयरको मिति २०८३ बैशाख १७ गतेदेखि निष्काशन भैरहेको

हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
मिति २०८३ जेष्ठ ०६ गते (बैंकिङ्ग समय) सम्ममात्र

अन्य विस्तृत जानकारीको लागि **मिति २०८२/१२/३० गते**को **"नयाँपत्रिका" राष्ट्रिय दैनिक**मा प्रकाशित कम्पनीको हकप्रद निष्काशन सम्वन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

Upper Lohore Khola Hydropower Company Limited

Kathmandu, Nepal

UNAUDITED FINANCIAL REPORT FOR THE THIRD QUARTER
FY 2082-083 Period Ended 30th Chaitra 2082

Statement of Financial Position

Amount in NRs.

Particulars	As on 30th Chaitra 2082 (13th April 2026) (Unaudited)	As on 30th Poush Ashadh 2082 (14th Jan 2026) (Unaudited)	As on 32nd Ashadh 2082 (16th July 2025) (Audited)
Equity and Liabilities			
Equity			
Equity Share Capital	509,804,000	509,804,000	509,804,000
Reserve and Surplus	(33,128,391)	(27,062,320)	(29,000,419)
Total Equity	**476,675,609**	**482,741,680**	**480,803,581**
Non-Current Liabilities			
Long Term Borrowings	565,169,476	565,384,693	566,099,910
Other Financial Liabilities	54,245,099	81,593,076	83,896,076
Total Non-Current Liabilities	**619,414,575**	**646,977,769**	**649,995,986**
Current Liabilities			
Short Term Loans & Borrowings	1,500,000	1,500,000	1,500,000
Other Current Liabilities	8,849,773	8,849,773	36,527,291
Other Financial Liabilities	108,490,197	83,219,014	44,876,396
Total Current Liabilities	118,839,970	93,568,786	82,903,687
Total Equity and Liabilities	**1,214,930,154**	**1,223,288,236**	**1,213,703,254**
Assets			
Non-Current Assets			
Property, Plant and Equipment	1,984,854	2,117,178	1,475,330
Intangible Assets	48,332	51,554	58,919
Service Concession Arrangements	1,151,148,815	1,160,836,564	1,154,209,326
Net Property, Plant and Equipment	**1,153,182,001**	**1,163,005,295**	**1,155,743,574**
Current Assets			
Cash and Cash Equivalents	616,310.13	800,526	248,878.60
Bank Balance Other Than Cash and Cash equivalents	816,511	816,511	9,094,539
Trade Receivables	7,886,600	24,900,712	4,338,628
Other Current Assets	52,428,732	33,765,192	44,277,634
Total Current Assets	**61,748,153**	**60,282,941**	**57,959,679**
Total Assets	**1,214,930,154**	**1,223,288,236**	**1,213,703,254**

Unaudited Statement of Profit & Loss

Amount in NRs.

Particulars	As on 30th Chaitra 2082 (13th April 2026) (Unaudited)	As on 30th Poush Ashadh 2082 (14th Jan 2026) (Unaudited)	As on 32nd Ashadh 2082 (16th July 2025) (Audited)
Direct Income			
Revenue from Sale of Energy	11,138,730	27,026,790	9,040,401
Less : Cost of Sales	929,990	2,652,707	7,145,845
Gross Profit/ (Loss)	**10,208,740**	**24,374,084**	**1,894,556**
Add: IFRIC Income	-	-	-
Add: Other Income	341	1,423	1,449
Total Income	**10,209,081**	**24,375,507**	**1,896,005**
Less: Employee Benefit and Administrative Expenses	406,787	363,202	2,078,302
Less : Depreciation Amortization	9,823,295	9,823,295	9,533,903
Earning Before Interest & Tax	**(21,000)**	**14,189,010**	**(9,716,200)**
Less : Financial Expenses	6,045,071	9,211,602	11,805,262
Earning Before Tax	**(6,066,071)**	**4,977,408**	**(21,521,462)**
Less: Provision for Tax	-	-	-
Earning After Tax (EAT)	**(6,066,071)**	**4,977,408**	**(21,521,462)**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**(6,066,071)**	**4,977,408**	**(21,521,462)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४
(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८२/२०८३ का चैत्र मसान्त २०८३ त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
(क) आ.व.२०८२।२०८३ को तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।
(ख) यस त्रैमासिकको अन्त्यसम्मको प्रमुख वित्तीय अनुपातहरू सम्बन्धी विवरण :
प्रति शेयरआम्दानी त्रैमासिक : (1.19)
मूल्य आम्दानी अनुपात P/E Ratio : (451.30)
प्रति शेयर नेटवर्थ : 93.50
प्रति शेयर कुल सम्पत्तिको मूल्य : 238.31
तरलता अनुपात सम्बन्धी विवरण : 0.52 (Current Ratio)

२. **व्यवस्थापकीय विश्लेषण :** कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरू
(क) यस त्रैमासिकमा कम्पनिको खातामा नियमित विद्युत बिक्रीबाट रकम भुक्तान प्राप्त भएको छ।
(ख) आगामी अवधिमा पनि यस कम्पनिको Upper lohore Hydropower Project ४ मे.वा.को व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट सञ्चालन गरि अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**
हाल सम्म यस कम्पनिले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन। कुनै संस्थापक वा सचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुसार समान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयर कारोबार निम्नानुसार भएको छ।
अधिकतम मूल्य (रु.) : 599 (10th March 2026)
न्यूनतम मूल्य (रु.) : 470 (5th & 6th April 2026)
समीक्षा अवधिको अन्तिम मुल्य (रु.) : 537 (13th April 2026)
कुल कारोवार संख्या : 7356
कुल कारोबार दिन : 34 Days
कूल कारोबार शेयर संख्या : 13,37,394

५. **समस्या तथा चुनौति :**
संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन्। संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरूलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ।

६. **संस्थागत सुशासनः**
संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन्। संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरूलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने गरेको छ।
यस कम्पनिले संस्थागत सुशासन, संस्थागत सुशासन अभिवृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरू व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको

एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८३/०१/२३)

आदरणीय शेयरधनी महानुभावहरु,

यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८३/०१/१४ गते सोमबारका दिन साँझ ६:०० बजे बसेको ६०औं बैठकको निर्णयानुसार संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न तपशिलमा उल्लेखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान
मिति : २०८३/०२/०५ गते मंगलबार, तदनुसार १९ मे, २०२६।
समय : दिउँसो १२:३० बजे।
स्थान : होटल मेलम्ची क्याफे ईन, मेलम्ची-११, मेलम्ची, सिन्धुपाल्चोक।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको लेखा विवरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु माथी छलफल गरी पारित गर्ने।
३. स्वतन्त्र सञ्चालकमा प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने।
४. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०८२/०८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (हाल बहालवाला लेखापरीक्षक श्री के.जे. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन नियुक्तिका लागी योग्य हुनुहुन्छ।)

(ख) विशेष प्रस्ताव

१. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६२.०३ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३७.९२ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
२. विन नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति(एक्विजिशन) गर्ने सम्बन्धी तपसिल बमोजिमका प्रस्तावहरु पारित गर्ने।

क) विन नेपाल लघुवित्त वित्तीय संस्था लि.लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.ले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

ख) विन नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. ले प्राप्ति (एक्विजिशन) प्रयोजनको लागि मूल्यांकनकर्तावाट प्राप्त चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Deligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) तथा दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर कित्ता (१:१) कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई अनुमोदन गर्ने।

ग) विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय सस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र तथा अन्तिम सम्झौता अनुमोदन गर्ने।

घ) विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants, ललितपुरको नियुक्ति तथा पारिश्रमिक र प्राप्ति सम्बन्धी कार्यमा भए गरेका खर्चहरु अनुमोदन गर्ने।

३. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. एघारौं वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८३ वैशाख २२ गते १ दिन शेयर दाखिल खारेज किताब बन्द रहनेछ। शेयर दाखिला खारेजी बन्द हुने अघिल्लो कारोबार दिन अर्थात् मिति २०८३/०१/२१ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित कानुन बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन योग्य हुनेछन्।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ।
३. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकीएको ढाँचामा रीतपुर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराउनुपर्नेछ। यसरी नियुक्ति गरिएको प्रतिनिधि यस कम्पनीको शेयरधनी हुनुपर्नेछ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।
५. शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ११.३० बजे नै खुल्ला गरिने छ।
६. शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण यस वित्तीय संस्थाको वेवसाइट www.weannepal.com साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा समेत प्रकाशित गरिने छ कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, साँगा, काभ्रेपलाञ्चोक र एनएमबि क्यापिटल लिमिटेड, काठमाडौमा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।
८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन।
९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ। सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।
१०. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा फोन नं: ०११-६६५६२६ वा संस्थाको इमेल ठेगाना: nepalseva@gmail.com मार्फत कम्पनी सचिवलाई सम्पर्क गर्नु हुन अनुरोध छ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लि.
Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था, (बागमती प्रदेश स्तरीय कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. : ०११-६६५६२६, वेवसाईट : https://weannepal.com

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/२३

यस सा व उ स वाट संकलित साल गोलिया काट ३३९.९८ क्यू फिट, साज गोलिया काठ ३५.३६ क्यू फिट, साल साज मिश्रित बाउरा १ चट्टा र खयर काठ २९२.०३ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ। **गैराथोक सा. वन उपभोक्ता समूह, भानु ६, तनहूँ।**

सारथि नै...

पृष्ठ १ बाट क्रमशः

एमालेको आन्तरिक समीकरणमा ठुलो अर्थ राख्छ। नेताहरूका अनुसार अबको केन्द्रीय कमिटी बैठकमा पौडेल र पोखरेल नेतृत्व परिवर्तनको औपचारिक प्रस्ताव लैजाने तयारीमा छन्। यी दुई नेताले ओलीलाई भेटेरै यस विषयमा आग्रहसमेत गरिसकेका छन्। त्यसबाहेक युवा-विद्यार्थी परिचालनसमेत गरेर यी दुई नेताले माहोल अनुकूल बनाउने प्रयास गरिरहेका छन्। यद्यपि, केन्द्रीय कमिटी बैठक डाकेर चुनावी समीक्षा गर्ने भनिए पनि अध्यक्ष ओलीको प्रतिकूल स्वास्थ्यका कारण तत्काल बैठक बस्ने अवस्था बनेको छैन। प्रदेश र जिल्लाले चैतभित्र नै चुनावी समीक्षा प्रतिवेदन पठाएका छन्। नेताहरूका अनुसार प्रदेश र जिल्लाका प्रतिवेदनमा पार्टीलाई नयाँ ढंगले अगाडि बढाउन पुनर्गठन अपरिहार्य रहेको उल्लेख छ।

ओलीकै 'कोर टिम'का दुई नेताले नै पार्टी नेता-कार्यकर्तासँगको अनौपचारिक भेटघाट र कुराकानीमा पुनर्गठनको विकल्प नरहेको सन्देश दिन थालेपछि एमालेभित्र नयाँ शिराको ध्रुवीकरण प्रयास अगाडि बढेको मानिएको हो। यसै शिलशिलामा केही दिनअघि गुन्डुस्थित निवासमा संयुक्त रूपमा भेटेरै पौडेल र पोखरेलले पार्टी पुनर्गगठनको दिशामा लैजान बहिर्गमनको मानसिकता बनाउन ओलीसँग आग्रह गरिसकेका छन्। तर, ओलीले रुखो जवाफ फर्काएको ती नेताले जानकारी दिए।

वार्ताबारे जानकार एक पदाधिकारीका अनुसार त्यस दिन पौडेल-पोखरेलको संयुक्त प्रस्ताव थियो, 'पार्टीभित्र तलका धेरै साथीहरू पुनर्गठनको पक्षमा उभिँदै गइरहेका छन्। वर्तमान चुनौती सामना गर्न नेतृत्वबाट सम्मानजनक बहिर्गमन आवश्यक छ। पुनर्गठनको स्पष्ट सन्देश दिन अन्तरिम संगठन कमिटी गठन गरौँ र त्यसको नेतृत्वका लागि तपाईंले विश्वास गरेको व्यक्तिको नाम प्रस्ताव गर्नुस्, हामी स्विकार्न तयार छौँ। हालका लागि संगठन कमिटी बनाएर ६ महिनादेखि एक वर्षभित्र महाधिवेशन गर्ने गरी अघि बढ्न सकिन्छ। त्यस अवधिमा तलसम्मका सबै कमिटी पुनर्गठन गरी रूपान्तरित पार्टीका रूपमा नयाँ सन्देश दिन सकिन्छ।'

पछिल्लो समय उपाध्यक्ष पौडेलले सार्वजनिक कार्यक्रम र सामाजिक सञ्जालमार्फत नेतृत्वको विकल्प खोज्नुपर्ने स्पष्ट सन्देश दिँदै आएका छन्। '२१ फागुनको निर्वाचनमा हामीले ठुलो धक्का व्यहोरेका छौँ। त्यस असफलतालाई चिर्दै हामी पुनः उठ्छौँ। पराजयको जिम्मेवारी नेतृत्व, कार्यशैली वा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिमध्ये कसमा छ भन्नेबारे व्यापक समीक्षा गरौँला। हाम्रा कमजोरीप्रति देशवासीसँग क्षमायाचना गर्दै आन्दोलनलाई पुनर्गठित गर्छौं,' पछिल्लो उनले भनेका छन्, 'बदलिँदो सन्दर्भअनुसार नीतिगत, व्यावहारिक र नेतृत्वगत सुधार अपरिहार्य छ। जहाँ-जहाँ त्रुटि छन्, ती सच्याएर नयाँ दिशामा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्छौं।'

ओलीमा सुधारको गुन्जायस नदेखिएपछि उनको बहिर्गमनको पक्षमा उपाध्यक्ष पौडेल र महासचिव पोखरेल देखिँदा नयाँ ध्रुवीकरणको सम्भावना बढेको छ। तर, त्यसपछि पार्टी कसले नेतृत्व गर्ने, तलसम्म पुनर्गठन प्रक्रिया बढाउने विधि, प्रक्रियासहितको रोडम्यापबारे दुवै नेता 'रिजर्भ' छन्। अर्कोतर्फ एघारौँ महाधिवेशनदेखि इतर समूहको नेतृत्व गर्दै आएको पूर्वराष्ट्रपति विद्या भण्डारी र अध्यक्षका उम्मेदवार ईश्वर पोखरेलको समूह पौडेल र पोखरेलसँग मिलेर पहिले ओली हटाउने रणनीतिमा छ। पौडेल र पोखरेल खुल्दा १९ सदस्यीय पदाधिकारीभित्र ओलीलाई बहिर्गमन गराएर पुनर्गठन अभियान अगाडि बढाउने प्रस्तावमा बहुमत पुग्ने सम्भावना छ। अहिलेलाई भने उपाध्यक्ष गोकर्ण विष्ट र उपमहासचिव योगेश भट्टराई मात्र पदाधिकारीमा इतर पक्षबाट प्रतिनिधित्व गर्छन्।

एकातिर प्रतिकूल स्वास्थ्य, अर्कोतिर आफ्नै राइट ह्यान्ड र लेफ्ट ह्यान्डका रूपमा चिनिएका पोडेल-पोखरेलको अप्रत्याशित 'युर्टन' दबाबमा आएका ओली यही मौकामा नयाँ रणनीति बुनेर 'मुभ' गर्ने योजनामा रहेको उनीनिकट नेताहरू बताउँछन्। तर, त्यो 'मुभ' कस्तो हुन्छ भन्ने स्पष्ट छैन।

संस्थापन पक्षकी सचिव पद्मा अर्यालले अध्यक्षमाथि पदाधिकारी तहबाटै पुनर्गठनका लागि दबाब बढिरहेको भन्ने विषयमा आफूलाई जानकारी नभएको बताइन्। 'हामी एजेन्डामा केन्द्रित भएर औपचारिक छलफलमा बसेका छैनौँ। परिवर्तित परिस्थितिका चुनौतीबारे नेताहरूबिच अनौपचारिक तहमा हुने छलफल बेग्लै कुरा हो,' उनले भनिन्, 'नेतृत्व परिवर्तनबारे कुनै संस्थागत धारणा बनेको छैन। अध्यक्षकै उपस्थितिमा चुनावको व्यवस्थित समीक्षा गर्ने योजना भए पनि प्रतिकूल स्वास्थ्य अवस्थाका कारण कम्तीमा एक महिना केन्द्रीय कमिटी बैठक बस्ने सम्भावना छैन।'

समीक्षा र पुनर्गठनको हतारोमा केन्द्रीय नेता

शनिबार पूर्वराष्ट्रपति विद्या भण्डारी र नेता ईश्वर पोखरेलनिकट युवा-विद्यार्थी भेलामा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल पक्षका केन्द्रीय सदस्यहरू सहभागी हुँदै पार्टी पुनर्गठनका लागि अध्यक्षको बहिर्गमन अपरिहार्य रहेको निष्कर्ष निकालेका छन्। नेपाल कमर्स क्याम्पस, मीनभवनमा आयोजित भेलामा करिब ५० युवा-विद्यार्थी पृष्ठभूमिका अगुवा सहभागी थिए। भेलामा झपट रावल, नविना लामा, रमेश पौडेल, गजेन्द्र थपलिया, समिक बडाल, नरेश रोकाय, उपेन्द्र शाही, डा. उज्वल कडरिया, रोशन बस्नेत, कमल जोशीलगायत सहभागी थिए। पार्टी केन्द्रीय सदस्यसमेत रहेका बडाल, रोकाय तथा अनेरास्ववियुका निवर्तमान अध्यक्ष कडरिया महासचिव पोखरेलका रूपमा चिनिँदै आएका थिए।

केन्द्रीय सदस्य ठाकुर गैरेले पुनर्गठन र नेतृत्व हस्तान्तरणका विषयमा छिटो निर्णय लिन केन्द्रीय कमिटी बैठक तत्काल बोलाउनुपर्ने आवश्यकता रहेको बताए। 'पार्टी पुनर्गठनका बारेमा के गर्ने, कुन विधिबाट कसरी गर्ने विषय छलफलबाट तय हुने कुरा हो। त्यसका लागि केन्द्रीय कमिटीको बैठक छिटो आह्वान हुनुपर्छ। बैठकको मिति तय भएपछि छलफलका लागि प्रस्ताव तय हुने हो,' गैरेले भने। तर, कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाले भने नेतृत्वमाथि आक्रमण भइरहेका वेला पुनर्गठनको बहस चलाउनुको कुनै अर्थ नहुने बताए।

ओली अझै एक महिना बेडरेस्टमा

चुनावपछि लगातार देखिएका राजनीतिक चुनौतीबिच अध्यक्ष केपी ओलीको स्वास्थ्य अवस्था सुधार नहुँदा एमालेको केन्द्रीय कमिटी बैठक अनिश्चित बनेको छ। चैतमै समीक्षा गर्ने तयारी भए पनि पितृशोक, गिरफ्तारी र पित्तथैलीको शल्यक्रियापछि देखिएको संक्रमणका कारण उनी अझै एक महिना आराममै रहने चिकित्सकले बताएका छन्। सचिव पद्मा अर्यालका अनुसार प्रतिवेदनहरू आउँदै भए पनि अध्यक्षकै उपस्थितिमा समीक्षा गर्ने योजना तत्काल सम्भव छैन। अस्पतालमा उपचारका क्रममा हल्का निमोनियासमेत देखिएको र डिस्चार्जपछि निवासमै आराम गरिरहेका बेला इन्फेक्सन थपिएकाले ओलीलाई भेटघाटमा समेत रोक लगाइएको छ, जसले पार्टीभित्रको निर्णय प्रक्रिया थप प्रभावित बनेको छ।

प्रतियुनिट औसत...

पृष्ठ १ बाट क्रमशः

मात्रै लाग्छ। गत वर्ष प्राधिकरणले तोकेको विद्युत्को औसत बिक्री मूल्य ९.४४ रुपैयाँ मात्रै थियो। तर, अधिकांश घरबेटीले भाडामा बस्नेहरूसँग प्रतियुनिट १२ रुपैयाँदेखि १९ रुपैयाँसम्म असुल गर्ने गरेको गुनासो सुनाएका छन्। कुनै-कुनै घरबेटीले त प्रतियुनिट २८ रुपैयाँसम्म उठाउने गरेका छन्।

काठमाडौं नेपालटार बस्दै आएका रामकृष्ण पुडासैनी घरबेटीले प्रतियुनिट १५ रुपैयाँ लिने गरेको बताए। 'घरबेटीले मसँग प्रतियुनिट १५ रुपैयाँका दरले लिने गरेका छन्। कतिपयसँग १२ रुपैयाँ मात्रै लिने गरेको पनि सुनेको छु,' उनले भने।

बानेश्वर थापागाउँ बस्ने एक महिलाले प्रतियुनिट १९ रुपैयाँ तिर्ने गरेको बताइन्। नाम नखुलाउने सर्तमा उनले भनिन्, 'घरबेटीले मसँग प्रतियुनिट १९ रुपैयाँ लिने गरेका छन्। वरिपरिका अन्य घरमा बुझ्दा यही दरमा असुल्ने गरेको जानकारीमा आएको छ।' उनी डेरा बसेकै घरमा किराना पसल पनि चलाउँछिन्। सामान्य किराना पसल भएका घरमा पनि सिंगल फेज लाइन नै जोडिएको हुन्छ। यदि उद्योगका लागि चाहिने 'थ्री-फेज'कै लाइन जडान गरेको हो भने पनि प्राधिकरणले निर्धारण गरेको 'उपभोक्ता विद्युत् महसुल दर' प्रतियुनिट अधिकतम ११.५० रुपैयाँ मात्रै हो।

डिल्लीबजारमा कन्सल्टेन्सी चलाइरहेकी सरला थपलियाले कुनै समय प्रतियुनिट २८ रुपैयाँसम्म तिरेको सुनाइन्। 'पहिले मेरो अफिस हात्तीसारमा थियो, त्यहाँका घरबेटीले युनिटको २८ रुपैयाँ असुल्थे। अहिले डिल्लीबजारमा युनिटको १६ रुपैयाँ बुझाउँदै आएको छु,' उनले भनिन्।

अध्यनका लागि काठमाडौं आएका गुल्मीका समीर सुनार क्षेत्रपाटीमा भाडामा बस्छन्। उनीसँग घरबेटीले बिजुलीको प्रतियुनिट १६ रुपैयाँको दरले पैसा उठाउने गरेका छन्। 'म क्षेत्रपाटीमा भाडामा बस्छु। यहाँ बिजुलीको पैसा प्रतियुनिट १६ तिरिरहेको छु। मेरो दाइको डिल्लीबजारमा कन्सल्टेन्सी छ। त्यहाँ पनि प्रतियुनिट १६ रुपैयाँको दरमा पैसा तिरिरहेका छौँ,' उनले भने, 'तोकिएभन्दा बढी शुल्क तिर्नुपर्दा बसाइ र व्यवसाय महँगो भएको छ। बढी पैसा तिर्नुपर्ने भएकाले विद्युतीय चुलोलगायतका उपकरणसमेत प्रयोग गर्न पनि मन जाँदैन।'

अनामनगर बस्दै आएका भोजपुरका सन्दीप न्यौपानेले पनि प्रतियुनिट १५ रुपैयाँ तिर्दै आएको बताए। 'मसहित त्यो घरमा भाडामा बस्ने अरूसँग पनि घरबेटीले एक युनिटको १५ रुपैयाँ उठाउँछन्,' उनले भने। अनामनगरमै सञ्चारसम्बन्धी एजेन्सी चलाउँदै आएका एक व्यवसायीले पनि प्रतियुनिट १६ रुपैयाँ तिर्दै आएको बताए। 'म इमाडोल बस्छु, त्यहाँका घरबेटीले प्रतियुनिट १५ रुपैयाँ लिन्छन्। अनामनगरमा मेरो कार्यालय छ, यहाँका घरबेटीले १६ रुपैयाँका दरले लिन्छन्,' उनले भने।

कतिपय घरबेटीले भाडावालासँग युनिटको आधारमा भन्दा प्रतिकोठाका हिसाबले निश्चित दर तोकेर लिने गरेका छन्। उनीहरूले डेरावालालाई हिटर, फ्रिज, आइरन, विद्युतीय चुलोजस्ता उपकरण प्रयोगमा बन्देज लगाउने गरेका छन्।

बानेश्वर थापागाउँमा बसोबास गर्दै आएका रुपन्देहीका चन्द्र केसी भन्छन्, 'हाम्रो घरबेटीले बिजुलीको शुल्कबापत मासिक रूपमा प्रतिकोठा १५० रुपैयाँ लिनुहुन्छ। तर, बिजुली बाल्नेबाहेक अन्य विद्युतीय सामग्री प्रयोग गर्न पाइँदैन।' सामान्यतः सबमिटर जडान नगरिएका घरमा यस्तो समस्या छ।

अधिकांश भाडामा बस्नेलाई घरबेटीले बिजुलीको बिलसमेत नदेखाउने र मनलाग्दी शुल्क माग्ने गरेको उपभोक्ता अधिकारकर्मीहरू बताउँछन्। उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिना भन्छन्, 'औसतमा बिजुलीको मूल्य प्रतियुनिट ९-१० रुपैयाँ छ। तर, घरबेटीले भाडामा बस्नेसँग त्योभन्दा धेरै शुल्क उठाउँदै आएका छन्। घरबेटीले बढी शुल्क असुल गर्नु ठगी हो। अधिकांशले प्रतियुनिट १५-१६ रुपैयाँ लिन्छन्। कतिपयले त्योभन्दा बढी लिने गरेको पनि देखिन्छ। घरबेटीको यस्तो ठगीबाट विद्यार्थी, मजदुर, कर्मचारी र साना व्यवसायी मर्कामा परेका छन्।'

विद्युत् महसुलमा घरबेटीहरूले गरेको मनपरी रोक्न सरकार नै जिम्मेवार हुनुपर्ने तिमिल्सिनाको सुझाव छ। 'प्राधिकरणजस्ता सेवा प्रदायक निकायले यसमा अनुगमन त गर्नैपर्छ, चुप बसेर हुँदैन। तर, यसमा सरकार नै बढी जिम्मेवार हुनुपर्छ,' उनले भने, 'घरभाडालाई व्यवस्थित बनाउन सरकारले तत्काल मापदण्ड बनाएर जारी गर्नुपर्छ। त्यसमा घरबेटी र भाडावाला दुवै पक्षको भनाइ समावेश हुनुपर्छ।' ऊर्जासचिव चिरञ्जीवी चटौत घरबेटी र भाडावालाका लागि फरक-फरक विद्युत् महसुल दर निर्धारण नगरिएको बताउँछन्। 'विद्युत् महसुल घरबेटी र भाडावालाका लागि फरक-फरक दरमा निर्धारण गरिएको छैन। जुन दर तोकिएको छ, त्यो सबैका लागि समान हो। त्यसअनुसार घरेबेटीले भाडामा बस्नेसँग बढी शुल्क लिन नपाउने हो,' उनले भने, 'तर, यो घरबेटी र भाडामा बस्नेहरूबिचको आपसी समझदारीको विषय भयो। यस्तो प्रवृत्ति भएको सुन्ने गरिए पनि उजुरी भने आएको थाहा छैन। गुनासो आए सम्बोधन गर्छौं।'

प्राधिकरणका उपकार्यकारी निर्देशक तथा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठले घरबेटीले विद्युत् शुल्कमा ठगी गरेको सम्बन्धमा उजुरी नआएको बताए।

संयुक्त...

पृष्ठ १ बाट क्रमशः

जसमा भनिएको छ, 'संविदाकारी पक्ष (सम्झौता गर्ने पक्ष)हरूले आपसी सहमति भएका सर्त र अवस्थाहरूबमोजिम अनुसन्धान, अभियोजन वा कारबाहीको सम्बन्धमा मुद्दागत आधारमा संयुक्त अनुसन्धान गर्न सक्नेछन्।' सहसचिव विनोद भट्टराईका अनुसार अन्तरदेशीय प्रकृतिका अपराधमा संयुक्त अनुसन्धान गर्न यस्तो प्रावधान राखिएको हो। तर, यसका लागि दुई देशबिच छुट्टै सहमति गर्नुपर्ने उनी बताउँछन्। कार्यविधि र संयोजक नै तोकेर यस्तो अनुसन्धान टोली बनाउने अवधारणा सन्धिको छ। त्यस्तै, धारा ९ र १० मा अनुसन्धानका लागि व्यक्ति नै उपलब्ध गराउने प्रावधान पनि छ। धारा ९ को १ मा भनिएको छ, 'अनुरोध गर्ने राज्यले कुनै व्यक्तिलाई बकपत्र गराउन वा अनुसन्धानमा सहयोग गर्न उपलब्ध गराइदिनका लागि अनुरोध गर्न सक्नेछ।' धारा १० मा हिरासतमा रहेका व्यक्तिलाई प्रमाण पेस गर्न वा अनुसन्धानमा सहयोग गर्न उपलब्ध गराउनेसम्बन्धी व्यवस्था छ। अभियुक्तका रूपमा नभई साक्षीका रूपमा मात्र यसरी व्यक्ति उपलब्ध गराउने प्रावधान राखिएको कानुन मन्त्रालयका अधिकारी बताउँछन्। यसका लागि सम्बन्धित व्यक्तिको अनुमति भने अनिवार्य छ। सन्धिको धारा १३ मा खानतलासी र बरामदीसम्बन्धी व्यवस्था छ। जसमा एउटा राज्यले दिएको सूचनाका आधारमा अर्को राज्यले खानतालासी र बरामदी गर्न सक्ने उल्लेख छ।

कल डिटेलदेखि बैंक खातासम्मका विवरण आदानप्रदान हुने

सन्धिमा कल डिटेलदेखि बैंक खातासम्मका विवरण आदानप्रदान हुने विषय पनि उल्लेख छ। भनिएको छ, 'संविदाकारी पक्षहरूले यस सम्झौताका प्रावधान र आ-आफ्ना राष्ट्रिय कानुनको अधीनमा रही फौजदारी अनुसन्धान, अभियोजन र फौजदारी विषयमा न्यायिक कारबाहीमा सम्भव भएसम्म व्यापक पारस्परिक कानुनी सहायता उपलब्ध गराउनेछन्।'

सहायताअन्तर्गत कसुरजन्य सम्पत्ति र साधनहरू पत्ता लगाउने, रोक्का राख्ने, प्राप्त गर्ने वा जफत गर्ने उपाय अपनाउने, प्रमाण संकलन गर्ने र कसुरका पीडितलगायत व्यक्तिहरूको बयान लिने, फौजदारी र न्यायिक अभिलेखलगायत सूचना, कागजात र अन्य रेकर्ड उपलब्ध गराउनेजस्ता विषय छन्। अभियुक्त बनाइएका वा सजाय पाएका व्यक्तिको पहिचानसम्बन्धी जानकारी आदानप्रदानसमेत गर्न सक्नेछन्।

सन्धिअनुसार व्यक्ति तथा वस्तुहरू रहेका स्थान पत्ता लगाउने, तिनको पहिचान र सनाखत गर्ने, खानतालासी लिने र बरामद गर्ने, दसी प्रमाणहरू लिने-दिने, हिरासतमा रहेका वा अन्य व्यक्तिलाई प्रमाण दिन, बकपत्र गर्न वा अनुसन्धानमा सहयोग गर्न उपलब्ध गराउनुपर्नेछ। समाह्वान वा पुर्जीलगायत कागजातको तामेली गर्ने, आ-आफ्नो देशको कानुनको अधीनमा रही यस सम्झौताका उद्देश्यसँग तादत्म्यता राख्ने अन्य कुनै पनि सहायता आदानप्रदान गर्ने विषय समावेश छन्। तर, व्यक्तिलाई पक्राउ वा थुनामा राख्ने, व्यक्ति तथा फौजदारी कारबाहीको हस्तान्तरण नगर्ने भनेर सन्धिमा लेखिएको छ। यसका लागि छुट्टै सुपुर्दगी सन्धिको आवश्यकता पर्छ। राज्यको सार्वभौमसत्ता, सुरक्षा, सार्वजनिक व्यवस्था वा राष्ट्रिय हितमा हानि पुऱ्याउने भएमा तथा देशको कानुनसँग नमिल्दो भएमा अस्वीकारसमेत गर्न सकिने व्यहोरा पनि सन्धिमा राखिएको छ।

कल डिटेजलगायतका विवरण भने मौखिक रूपमा समेत सुरक्षित गर्न भन्न सकिने व्यहोरा छ। अनुरोध गरिएको राज्यले माग गरिएको सहायताबमोजिम तथ्यांक प्राप्त गरी हस्तान्तरण नगरेसम्म त्यस्तो डाटालाई सुरक्षित राख्ने व्यवस्था गर्नुपर्नेछ।

अर्को एक व्यवस्था आतंककारी कार्यमा वित्तीय लगानीका लागि लक्षित कोषसँग सम्बन्धित छ। आतंकवादी गतिविधिका लागि कुनै कोष बनेको मनासिव आधार भएमा खानतलासी, बरामद र जफत गर्न तथा सम्बन्धित व्यक्तिको अभियोजनका लागि आफ्नो कानुनले व्यवस्था गरेबमोजिको कदमहरू चाल्नुपर्ने उल्लेख छ। एक उच्च सुरक्षा अधिकारीका अनुसार भारतले नेपालमा कतिपय संघसंस्थामा विदेशबाट धर्मको आवरणमा पैसा आएको र त्यस्ता संस्थाले आफ्नो देशविरोधी गतिविधि गरिरहेको भारतीय अधिकारीको आशंका रहँदै आएको छ। सोही कारण भारतकै चासोका आधारमा यससम्बन्धी प्रावधान राखिएको कानुन मन्त्रालय स्रोत बताउँछ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल पारस्परिक कानुनी सहायता सन्धिले अन्तरदेशीय अपराध नियन्त्रणमा सहयोग पुग्ने बताउँछन्। 'अहिले पनि अपराध अनुसन्धानमा दुई देशका सुरक्षाकर्मीबिच अनौपचारिक रूपमा सहकार्य हुँदै नै आएको थियो,' उनी भन्छन्, 'सन्धि भएपछि औपचारिक रूपमा सहकार्य हुन्छ, यसले दुवै देशलाई फाइदा नै छ भन्ने लाग्छ।'

तर, कतिपय अधिकारी भने दुई देशबिच सम्बन्ध राम्रो नभएको अवस्थामा भने सन्धिले समस्या पनि ल्याउन सक्ने बताउँछन्। फ्रान्स र जिबुटीबिचको एक घटनाको उदाहरण दिँदै एक उच्च सरकारी अधिकारी भन्छन्, 'यसबाट फाइदा मात्र छ भन्नेर ढुक्क भएर अघि बढ्न हुँदैन, नेपाल र भारतको सम्बन्ध सधैँ सुमधुर छैन, सम्बन्ध बिग्रिएको अवस्थामा यसको दुरुपयोगको जोखिम पनि हुन्छ। फ्रान्सका एक न्यायाधीशको जिबुटीमा शंकास्पद मृत्यु भएको घटनामा फ्रान्सले यही सन्धिअनुसार जिबुटीका तत्कालीन राष्ट्रपतिलगायतलाई फ्रान्सको अदालतमा उपस्थित हुन पत्र काटेपछि ठुलो विवाद भएको थियो।' नेपाल र भारतबिच पनि यस्ता घटना हुन सक्ने भएकाले निकै संवेदनशील र प्रस्ट भएर मात्र सन्धि कार्यान्वयन गर्नुपर्ने जानकारहरू बताउँछन्।

जेठ पहिलो...

पृष्ठ १ बाट क्रमशः

'समितिले डुबेको रकम असुल गर्न आवश्यक सबै प्रयत्न गर्नेछ। यसरी संकलन भएको रकमबाट बचतकर्ताको रकम फिर्ता गरिनेछ,' उनले भने, 'सम्बन्धित सहकारीबाट उठेको रकम सोही सहकारीको बचतकर्तालाई मात्रै फिर्ता गरिनेछ। फिर्ता हुने रकमको दर असुल गरिएका रकमको परिमाणमा भर पर्नेछ।'

बचतकर्ताको रकम फिर्ता गर्न संस्थाको सम्पत्ति, बचत, कर्जा वा सेयर रकम अपचलन वा हिनामिनामा संलग्न सञ्चालक, लेखा समिति, व्यवस्थापक, ऋण उपसमितिबाट असुल गरिएको रकम अपुग भए अपचलनमा संलग्न परिवारका सदस्यको सम्पत्ति रोक्का गरिनेछ। सम्बन्ध-विच्छेद वा अंशबन्डा गरिएको भए त्यस्ता सम्पत्तिको खोजी गरिनेछ। र, सोही सम्पत्ति बिक्रीपछि प्राप्त रकमबाट बचतकर्ताको बचत रकम फिर्ता गरिनेछ। साथै, रकम फिर्ता गर्नुअघि सरकारले प्रत्येक बचतकर्ताको लगत संकलन गर्नेछ। उनीहरूले लिएको ऋण र बचत गरेको रकम यकिन गर्नेछ। लिएको ऋण र बचत रकमको सन्तुलन जाँच गर्नेछ। ऋण चुक्ता नभए बचत रकम फिर्ता गर्नेछैन। बचतकर्ताको रकम फिर्ता गर्नुअघि समस्याग्रस्त सहकारीको सञ्चालक, व्यवस्थापक, लेखा समिति, ऋण उपसमिति र अन्य जिम्मेवार व्यक्ति र निजहरूको एकाघर परिवारका बचतकर्ता सदस्यको बैंक खाता रोक्का गर्नेछ। अदालतमा विचाराधीन भएको मुद्दासँग सम्बन्धित बचतकर्ताको रकम भने सम्बन्धित अदालतको अन्तिम फैसला नभएसम्म फिर्ता हुनेछैन।

I.M.E. Life Insurance Company Limited

3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu
Phone Number : 01-4024071 Email ID: info@imelifeinsurance.com
Website: www.imelifeinsurance.com

IMELiFE Ensuring Future

Statement of Financial Position
As on Chaitra 30, 2082 (13th April 2026)

Fig in NPR.

Particulars	(Unaudited) At the end of this Quarter	(Audited) At the end of Immediate Previous Year
Assets:		
Goodwill & Intangible Assets	9,449,206	7,331,689
Property and Equipment	173,898,846	203,896,626
Investment Properties	-	-
Deferred Tax Assets	232,590,495	212,219,867
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investments	20,753,687,497	17,666,487,402
Loans	1,278,462,695	1,008,523,818
Reinsurance Assets	32,402,484	-
Current Tax Assets	554,480,417	478,388,690
Insurance Receivables	-	4,283,559
Other Assets	26,181,845	21,271,208
Other Financial Assets	97,146,926	1,006,566,537
Cash and Cash Equivalent	1,535,320,753	625,011,396
Total Assets	**24,693,621,163**	**21,233,980,792**
Equity:		
Share Capital	5,000,000,000	5,000,000,000
Share Application Money Pending Allotment	-	-
Share Premium	523,816,613	523,816,613
Catastrophe Reserves	299,595,591	262,803,979
Retained Earnings	520,844,715	719,721,630
Other Equity	230,219,580	232,645,142
Total Equity	**6,574,476,499**	**6,738,987,363**
Liabilities:		
Provisions	57,866,072	43,227,593
Gross Insurance Contract Liabilities	17,467,190,936	13,768,430,855
Deferred Tax Liabilities	-	-
Insurance Payable	29,057,044	-
Current Tax Liabilities		
Borrowings	-	-
Other Liabilities	153,607,236	212,003,148
Other Financial Liabilities	411,423,377	471,331,833
Total Liabilities	**18,119,144,664**	**14,494,993,429**
Total Equity and Liabilities	**24,693,621,163**	**21,233,980,792**

Statement of Profit or Loss
For the quarter ended Chaitra 30, 2082 (13th April 2026)

Fig in NPR.

Particulars	Current Year (Unaudited)		Corresponding Previous Year (Unaudited)	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Income:				
Gross Earned Premiums	1,827,556,793	5,161,765,371	1,290,888,157	3,730,991,727
Premiums Ceded	(4,508,418)	(146,619,138)	(26,920,978)	(127,635,876)
Net Earned Premiums	**1,823,048,375**	**5,015,146,234**	**1,263,967,179**	**3,603,355,852**
Commission Income	-	-	4,381,048	35,162,298
Other Direct Income	8,384,562	23,877,890	5,301,771	13,288,783
Interest Income on Loan to Policyholders	27,060,729	74,124,506	21,931,560	65,001,276
Income from Investments and Loans	295,100,622	1,010,683,615	318,968,274	987,777,268
Net Gain/(Loss) on Fair Value Changes	-	-	-	-
Net Realised Gains/(Losses)	10,274,570	52,851,560	54,748,230	106,310,174
Other Income	145,295	1,911,342	13,636,557	18,603,525
Total Income	**2,164,014,153**	**6,178,595,147**	**1,682,934,619**	**4,829,499,176**
Expenses:				
Gross Benefits and Claims Paid	310,486,185	954,669,836	361,104,795	971,386,087
Claims Ceded	(23,931,151)	(87,014,590)	(37,750,235)	(101,771,710)
Gross Change in Contract Liabilities	1,375,462,791	3,753,760,777	941,694,827	2,645,755,284
Change in Contract Liabities Ceded to Reinsurers	(14,403,795)	(32,402,484)	-	-
Net Benefits and Claims Paid	**1,647,614,029**	**4,589,013,539**	**1,265,049,387**	**3,515,369,661**
Commission Expenses	152,232,269	436,432,069	115,754,800	335,975,917
Service Fees	13,672,863	37,613,597	9,479,754	27,025,169
Other Direct expenses	108,880	317,060	91,110	267,660
Employee Benefits Expenses	103,762,426	330,875,335	79,742,852	277,545,454
Depreciation and Amortization Expenses	14,979,854	43,689,328	19,494,481	45,540,939
Impairment Losses	-	-	-	-
Other Operating Expenses	131,511,279	364,251,704	92,035,071	252,990,213
Finance Cost	2,874,965	8,486,402	2,817,022	8,451,067
Total Expenses	**2,066,756,565**	**5,810,679,033**	**1,584,464,478**	**4,463,166,080**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**97,257,588**	**367,916,114**	**98,470,141**	**366,333,096**
Share of Net Profit of Associates accounted using Equity Method	-	-	-	-
Profit Before Tax	**97,257,588**	**367,916,114**	**98,470,141**	**366,333,096**
Income Tax Expenses	-			
Net Profit/(Loss) For The Year	**97,257,588**	**367,916,114**	**98,470,141**	**366,333,096**
Earning Per Share				
Basic EPS		9.81		9.77
Diluted EPS		9.81		9.77

Statement of Other Comprehensive Income
For the quarter ended Chaitra 30, 2082 (13th April 2026)

Fig in NPR.

Particulars	Current Year (Unaudited)		Corresponding Previous Year (Unaudited)	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Net Profit/(Loss) For The Year	97,257,588	367,916,114	98,470,141	366,333,096
Other Comprehensive Income	179,616,405	(61,111,884)	(24,432,201)	(77,801,146)
Total Comprehensive Income	**276,873,993**	**306,804,229**	**74,037,940**	**288,531,950**

OTHER DETAILS

Particulars	Current Year (Unaudited) Upto this Quarter (YTD)	Previous Year(Unaudited) Upto this Quarter (YTD)
1. Total inforce Policy count	487,484	492,032
2. Total no. of issued policy during the year	185,663	148,541
3. First Year Premium (Including single premium)	1,963,798,182	1,136,587,977
4. Single Premium	224,827,871	62,341,612
5. Renewal Premium	3,197,967,189	2,594,403,751
6. Total Benefits and Claims Paid in Count	2,188	1,867
7. Outstanding Benefits and Claims in Count	49	29
8. Gross Claim Outstanding (Amount)	273,385,940	276,972,388
9. Declared Bonus rate (FY 2081.82)	Rs. 22 to Rs. 80	Rs. 22 to Rs. 80
10. Interim bonus rate	Rs. 22 to Rs. 80	Rs. 22 to Rs. 80
11. Long Term Investments (Amount)	15,172,666,846	13,267,950,026
12. Short Term Investments (Amount)	5,644,960,000	3,520,000,000
13. Policyholders Loan (Amount)	1,230,717,937	908,240,746
14. Investment in cost value (Amount)	20,817,626,846	16,787,950,026
15. Life Insurance Fund (Amount)	16,831,082,835	11,843,491,172
16. Unearned Premium reserve for term policies (Amount)	362,722,161	439,377,322
17. Solvency Margin Ratio	2.59	2.23

Notes:
1. The Unaudited Financial Figures are subject to change after Actuarial Valuation and Statutory Audit.
2. Above Financial Statement are prepared as per Nepal Financial Reporting Standard (NFRS) and Financial directive 2080 issued by Nepal Insurance authority
3. Figures have been regrouped and rearranged wherever necessary.

Disclosure as per Section 84(3) of Insurance Act, 2079
1. **Solvency Ratio :** Company has maintiained adequate solvency margin as per the Regulatory Requirement.
2. **Reinsurance:** Reinsurance Policy has been formulated as per the requirement of Nepal Insurance Authority to minimize its overall risks.
3. **Details regarding legal proceeding :** There are no any legal proceedings during the period which might have negative impact on the reserve, profit or cash flow position of the company.
4. **Corporate Governance:** Company has a separate Governance unit in place for the continuous monitoring and implementation of Corporate Governance Directive issued by the Nepal Insurance Authority. The board of directors, Audit Committee and Senior Management are committed to upholding good governance practices in the company. The organisation structure, internal control system and management practices are designed keeping the best corporate governance practices in mind.
5. **Regulator limit on expenses ratio :** Expenses has been maintained as per the limit prescribed by the Nepal Insurance authority.
6. Interim Financial Report has been published in the company's website www.imelifeinsurance.com

Additional Disclosure as per Securities Registration and Issuance Regulation - 2073 (Sub-Rule (1) of Rule 26, Annex 14) for

Third Quarter of FY 2082/83

A. Financial Statement
i) Statement of Financial Position and Statement of Profit or loss Published along with this report
ii) Key financial indicators and ratios

Earnings per share	9.81
Price Earnings Ratio (P/E Ratio)	45.46
Net Worth per Share	131.49
Total Assets per Share	493.87

B. Management Analysis
i) The Company has formulated its strategy comprising long term as well as short term plan focusing on sustainable growth through business diversification and customer service excellence.
ii) The Company is improvising its IT Infrastructure and adopting digitization.
iii) The Company has been utilizing its capital to the optimum Level.

C. Details to Legal Action
i) Except in the normal course of business, no lawsuit of material nature has been filed by or against the company during the quarter period.
ii) No legal suit related to criminal activity has been filed by or against the director/ organization/promoter of the Company during the period.

D. Analysis of share transaction and progress of the insurance
i) Management view on share transaction of the insurance at securities market- since price and transaction of the company's shares are being determined at Nepal Stock Exchange through open share market operation, management view on this is neutral.
ii) Maximum, Minimum and last share price of the Company including total number of transactions traded and days of transaction during the quarter.

Minimum Value	Rs. 430	Total Share Transacted	1,326,770
Maximum Value	Rs. 483	Total Amount of Share transaction	Rs. 601,492,528
Closing Price	Rs.446	Total Days Transacted	53

E. Problem and Challenges
- Recruitment and retention of quality human resources.
- Lack of awareness among general public.
- Low interest rate and volatile capital market
- Global economy and inflation has an adverse effect on national economy resulting price hikes.

F. Strategy
- Better management of assets and liabilities.
- Focus on investment diversification
- Closely monitoring internal and external environment changes and adopting proactive approaches.
- Developing human resources through online trainings and motivating them for growth.

G. Corporate Governance
i) Committees like Human Resource Committee, Audit Committee, AML/CFT Committee have been constituted to carry out operations and these committees have been involved in major policy/plans related decisions.
ii) The company is committed to maintain high standard of corporate governance by compliance to legal and regulatory requirement.
iii) Good Corporate Governance is an integral part of the Company to safeguard the interest of stakeholders.

H. Declaration by the Chief Executive Officer on the truthfulness and accuracy of information
I, CEO of the insurance company, take responsibility for the truthfulness of the information and details disclosed in this report. I also herby declare that to the best of my knowledge and belief, the information disclosed in this report are true, fair and complete and have not concealed any matters that can adversely affect the investment decisions of the investors.

Pawan Kumar Khadka
Chief Executive Officer

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७
बुधबार २३ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपालले बटुल्यो ८ मध्ये ६ अंक

चालू विश्वकप क्रिकेट लिग २ सिरिजमा दुवैपटक युएईलाई हराउँदा नेपालले ओमानसँग समान एक जित र हार निकाल्यो



विश्वकप लिग २ सिरिजमा ओमानलाई ८१ रनले हराएपछि नेपाली खेलाडी। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

आइसिसी विश्वकप क्रिकेट लिग २ अन्तर्गत ओमान र युएई सम्मिलित त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालले आठमध्ये ६ अंक बटुल्न सफल भएको छ। दोस्रो सिजनको विश्वकप लिग २ सिरिजमा पहिलोपटक नेपालले चारमध्ये तीन खेलमा जित निकालेको हो। यसअघिका सिरिजमा नेपालले सर्वाधिक चार अंक जोडेको थियो। योपटक कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले महत्त्वपूर्ण ६ अंक जोडेको हो।

नेपालले मंगलबार ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरी अंकतालिकाको तेस्रो स्थानमा रहेको ओमानमाथि सानदार ८१ रनको जित निकालेको हो। नेपालको जितमा ब्याटिङतर्फ आसिफ सेख र बलिङमा गुल्सन झाले उत्कृष्ट प्रदर्शन गरेका थिए। नेपालले यसअघि युएईलाई दुवै खेलमा हराएको थियो। ओमानसँग भने नेपालले समान एक हार र जित नतिजा हात पारेको छ।

नेपालले २४ खेलबाट १८ अंक जोडेको छ। आठ टोली सहभागी विश्वकप लिग २ मा यसपटक ६ अंक जोडे पनि नेपालको स्थान परिवर्तन भएन। नेपाल सातौँ स्थानमै यथावत् छ। चालू सिरिजमा नेपालले युएईलाई पहिलो खेलमा ३६ रन र दोस्रो खेलमा डकवर्थ लेविस नियमअनुसार ६ रनले हराएको थियो। ओमानसँगको पहिलो खेलमा नेपाल १०२ रनले फराकिलो अन्तरले पराजित भएको थियो। आफ्नो अन्तिम खेलमा जित निकाल्दै नेपालले ओमानमाथि पछिल्लो हारको बदलासमेत लिएको छ। अब नेपालले अमेरिका र स्कटल्यान्ड सम्मिलित विश्वकप लिग २ कै अर्को सिरिज खेल्दै छ। यो पनि त्रिवि क्रिकेट मैदानमा आगामी २९ वैशाखदेखि सुरु हुँदै छ। सो सिरिजमा पनि नेपालले उत्कृष्ट प्रदर्शन गरी अंकतालिकामा सुधार गर्ने प्रयास बनाएको छ। विश्वकप लिग २ को तालिकामा अमेरिका शीर्ष स्थान र स्कटल्यान्ड दोस्रो स्थानमा छ। अमेरिकाले २४ खेलमा सर्वाधिक ३६ अंक जोडेको छ। स्कटल्यान्डले २८ खेलबाट ३४ अंक हात पारेको छ। ओमानले २८ खेलमा ३१ अंक हात पारेको छ। अंकतालिकामा युएई १४ अंकका साथ पुछारमा छ। नेपालले युएईविरुद्ध चार अंकको अग्रता लिएको छ।

आसिफ र अर्जुनको शतकीय साझेदारी

पहिलो ब्याटिङ गरेको नेपालको सुरुवात गतिलो भएन। ओपनर विनोद भण्डारी शून्य रनमा आउट भए। उनी आउट हुँदा नेपालले स्कोर बोर्डमा केवल एक रन मात्र बनाएको थियो। दोस्रो एकदिवसीय खेल खेलिरहेका अर्जुन कुमाल र आसिफ सेखबिच दोस्रो विकेटका लागि १२२ रनको शतकीय साझेदारी भयो। अर्जुन र आसिफले नेपाललाई २७.५ ओभरसम्म १२३-२ को स्थितिमा राखे। उनीहरूले इनिङ्सको मध्यसम्म आफ्नो विकेट जोगाए पनि नेपालको रनरेट भने ४.६५ रहेको थियो।

अर्जुन अर्धशतकीय इनिङ्स खेल्न दुई रनले चुके। अर्जुनले ८७ बलमा चार चौका प्रहार गरी ४८ रनको योगदान दिए। उनलाई हसैन साहले क्याचआउट गराए। आसिफ र अर्जुनले १६० बलसम्म साझेदारी गरेका थिए। लगातार कप्तान रोहित पौडेलले गतिलो योगदान दिन सकेनन्। रोहित र आसिफबिच तेस्रो विकेटका लागि २२ बलमा १८ रनको साझेदारी भएको थियो। रोहितले १६ बलमा नौ रन बनाए। पहिलो दुई खेलमा अर्धशतक तथा तेस्रोमा शतकीय इनिङ्स खेलेका उपकप्तान दीपेन्द्रसिंह ऐरीले आसिफसँग चौथो विकेटका लागि १८ बलमा २२ रनको साझेदारी गरे। योपटक नेपालले ओपनर आसिफलाई गुमाएको थियो।

आसिफ शतकीय इनिङ्स खेल्न ६ रनले पछि परे। नदिम खानको ओभरमा उनले आफ्नो विकेट गुमाएका थिए। ९४ रनमा पेभेलियन फर्कनुअघि आसिफले सात चौका र पाँच छक्का प्रहार गरेका थिए। उनी आउट हुँदा नेपाल ३४.३ ओभरमा १६३-४ को स्थितिमा थियो। दीपेन्द्रसिंहले गुल्सन झासँग पाँचौँ विकेटका लागि ४६ बलमा ३२ रनको साझेदारी गरे। दीपेन्द्रसिंह योपटक भने अर्धशतकीय इनिङ्स खेल्न सकेनन्। उनले ४२ बलमा ३३ रन बनाए।

नेपालको पुछारको ब्याटिङमा आरिफ सेखले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले २४ बलमा चार छक्का र एक चौकाको सहयोगमा ४३ रन बनाए। आसिफले एकदिवसीय क्रिकेटमा १४औँ अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ६६ एकदिवसीयमा १ शतक पनि लगाएका छन्।

गुल्सनको ५ विकेटमा ओमान धराशायी

पहिलो ब्याटिङ गरेको नेपालले ४९.५ ओभरमा सबै विकेट गुमाएर २५६ रनको मध्यम योगफल बनाएको थियो। ओमानका ब्याट्समान्यानले नेपालका सिमर गुल्सनको घातक बलिङ सामना गर्न नसक्दा पूरै ५० ओभर ब्याटिङ गर्न सकेनन्। ओमानको पूरै टोली ३९.५ ओभरमै १७५ रनमा समेटिएको थियो। गुल्सनले ९ ओभरमा ३८ रन खर्चेर पाँच विकेट हात पारेका थिए। यसैगरी करण केसी, नन्दन यादव, सन्दीप लामिछाने र दीपेन्द्रसिंहले समान एक विकेट लिए। सन्दीपले आफ्नो १४३औँ एकदिवसीय विकेट पूरा गरेका छन्।

गुल्सनले आफ्नो एकदिवसीय बलिङ रेकर्डमा सुधार गरेका छन्। उनले दोस्रोपटक ५ विकेट लिए। उनले सन् २०२४ सेप्टेम्बरमा क्यानडामा भएको विश्वकप लिग २ मै ओमानविरुद्ध १० ओभरमा २ मेडन राख्दै ४७ रन खर्चेर ५ विकेट लिएका थिए। मंगलबार ओमानका लागि विकेटकिपर विनायक शुक्लाले सर्वाधिक ३६ रन बनाए। उनले ४१ बलमा तीन चौका र २ छक्का प्रहार गरेका थिए। हम्मद मिर्जाले ३४ रन तथा हसनैन वाहावले २९ रन बनाए। अघिल्लो खेलमा नेपालविरुद्ध शतकीय इनिङ्स खेलेका कप्तान जतिन्दर सिंह १२ रनमा आउट भए।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	२४	१८	६	३६	०.९३
स्कटल्यान्ड	२८	१४	८	३४	०.९१
ओमान	२८	१४	११	३१	०.०१
नेदरल्यान्ड्स	२४	१३	९	२८	०.१६
नामिबिया	२८	१०	१६	२२	-०.४९
क्यानडा	२४	९	१२	२१	-०.२०
नेपाल	२४	८	१४	१८	-०.२१
युएई	२४	७	१७	१४	-१.०१

राखेपमा उपाध्यक्षसहित १९ सदस्य पदमुक्त

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का उपाध्यक्ष ध्रुव आचार्यसहित १९ जना पदमुक्त भएका छन्। सार्वजनिक पदाधिकारीको पदमुक्त सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशअनुसार उनीहरू स्वतः पदमुक्त भएको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ। १९ वैशाखदेखि नै लागू हुने गरी पदमुक्त भएको मन्त्रालयले मंगलबार निकालेको सूचनामा उल्लेख छ। मन्त्रालयले अध्यादेश कार्यान्वयन गर्नका लागि सोमबार राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई पत्राचार गरेको थियो।

त्यसपछि मन्त्रालयले सार्वजनिक सूचना निकालेर राखेप उपाध्यक्ष आचार्यसहित १९ जनाको पद स्वतः मुक्त भएको जनाएको हो। मन्त्रालयले १८ सदस्यको नाममा जिन्सी तथा नगद नदेखिएको र उपाध्यक्षको जिम्मामा देखिएका खप्ने मालसामान र अन्य कुनै दायित्व भए फरफारक गर्न सूचनामा उल्लेख गरिएको छ। उपाध्यक्षबाट आचार्यले यसअघि नै पदबाट राजीनामा दिइसकेका थिए। निवर्तमान उपाध्यक्ष आचार्यले सरकारले अध्यायदेशमातर्फ राजनीतिक नियुक्त खारेज कार्यान्वयन गर्नुअघि नै आफूले राजीनामा दिएको सामाजिक सञ्जालबाट बताएका छन्।

> एकैपटक १९ सदस्य पदमुक्त हुँदा अब राखेपको बोर्डमा सदस्यसचिव, मन्त्रालयका प्रतिनिधि, सात प्रदेशका सदस्यसचिव र तीन विभागका प्रतिनिधि मात्र बाँकी

'मैले सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ जारी हुनुअघि नै राखेपको उपाध्यक्षबाट राजीनामा दिएको थिएँ,' आचार्यले भनेका छन्। पदमुक्त हुनेमा नन्दा बस्याल, जगतसिंह धामी, सुवर्ण श्रेष्ठ, शान्तिकुमारी चौधरी, आनन्दकुमार झा, हिमालकुमार श्रेष्ठ, कमलबहादुर भट्टराई, भानबहादुर चन्द, अञ्जना श्रेष्ठ, डा. मधुसुदन सुवेदी, रामचन्द्र श्रेष्ठ, रञ्जना प्रधान, विदुर ढुंगाना, प्रयास कार्की, कुमार लामा घिसिङ, रोजेश खड्का, सन्तकुमार मेहता र जगतबहादुर टमाटा छन्।

अहिले राखेपका सदस्यसचिव रहेका रामचरित्र मेहता सरकारी कर्मचारी हुन्। सरकारले अर्को सदस्यसचिव नियुक्त नभएसम्मका लागि उनलाई सदस्यसचिवको जिम्मेवारी दिएको छ। टंकलाल घिसिङको कार्यकाल सकिएपछि सरकारले मेहतालाई सो जिम्मेवारी दिइएको हो। पदमुक्त हुनेमा गत पुसमा नियुक्त भएका पाँचजनासमेत छन्। तत्कालीन युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले राष्ट्रिय खेलकुद परिषद्को बोर्ड सदस्यमा पाँचजनालाई नियुक्त गरेका थिए।

तत्काल गुप्ताले क्रिकेट प्रशिक्षक टमाटा, रग्बी संघका संघका बोर्ड सदस्य मेहता, नेपाल एसोसिएसन अफ राफ्टिङ एजेन्सिज (नारा)को तर्फबाट खड्का, नेपाल तेक्वान्दो संघबाट घिसिङ र उद्योग वाणिज्य महासंघको सिफारिसमा प्रयास कार्कीलाई बोर्ड सदस्यका रूपमा नियुक्त दिएका थिए।

आधा बोर्ड सदस्य रिक्त

पदाधिकारीको पदमुक्त भएसँगै राखेपको आधाभन्दा बढी बोर्ड रिक्त हुन भएको छ। सरकारले रिक्त पदमा नयाँ नियुक्ति प्रक्रिया चाँडै अगाडि बढाउने तयारी गरेको मन्त्रालयले जनाएको छ। सरकारले सम्बन्धित कार्यालयमा भएको रिक्तता अर्को नियुक्ति नभएसम्म कार्यालयका वरिष्ठ कर्मचारीले कायममुकायम भएर काम गर्ने जनाएको छ। राष्ट्रिय खेलकुद ऐन २०७७ मा भएको व्यवस्थाअनुसार सदस्यसचिवले कुनै निर्णय गर्नुपर्दा कार्यकारी बोर्डबाट पारित गराउनुपर्ने हुन्छ। कार्यकारी समितिमा सातजना सदस्य रहने गर्छन्। भानबहादुर चन्द, कमल भट्टराई, रञ्जना श्रेष्ठ र सुवर्ण श्रेष्ठ गरी चारजना पदमुक्त भएपछि अब बोर्डमा तीन सदस्य मात्र बाँकी छन्।

राखेप सदस्यसचिवको नेतृत्वमा रहने टोलीमा राखेप प्रशासन विभागका प्रमुख समितिको सदस्यसचिव हुने प्रावधान छ। खेलकुद मन्त्रालयको खेलकुद महाशाखाका प्रमुख सदस्य रहेका छन्। कार्यकारी समितिका चारजना पदमुक्त भएपछि राखेप सदस्यसचिव मेहता एक्लिएका छन्। यद्यपि, उनले रिक्त रहेको पदमा चाँडोभन्दा चाँडो पदपूर्ति गर्ने बताएका छन्। अब राखेप बोर्डमा सदस्यसचिव, मन्त्रालयका प्रतिनिधि, सात प्रदेशका सदस्यसचिव, तीन विभागका प्रतिनिधि मात्र छन्। राखेपको अध्यक्ष युवा तथा खेलकुदमन्त्री रहने व्यवस्था छ।

खेल संक्षेप

मनास्लुद्वारा उपाधि रक्षा

काठमाडौं/ साबिक विजेता मनास्लुले चौथो वडाध्यक्ष कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिताको उपाधि मंगलबार जितेको छ। चन्द्रविनायक पार्कको मैदानमा आइतबार भएको फाइनलमा मनास्लुले बाल व्यवसायी केन्द्र माविलाई २-० ले पराजित गरी उपाधि रक्षा गऱ्यो। विमल तामाङ र संगम तामाङले मनास्लुका लागि समान एक गोल गरेका थिए। उपाधिसँगै मनास्लुले ३० हजार र उपविजेता बाल व्यवसायीले १५ हजार रुपैयाँ पाएका छन्। काठमाडौं महानगरपालिका- ७ को आयोजनामा भएको प्रतियोगितामा मनास्लुका संगम तामाङ सर्वोत्कृष्ट खेलाडी भएका छन्। मनास्लुका विमल तामाङ उत्कृष्ट खेलाडी, बाल व्यवसायीका अर्जुन खडायत उत्कृष्ट डिफेन्डर, मनास्लुका मेवाङ लामा उत्कृष्ट गोलरक्षक तथा क्लिन्टनका अतुल्य पाण्डे उदीयमान खेलाडी घोषित भए। सबैले जनही २५ सय रुपैयाँ पाएका छन्। एन्फाका उपाध्यक्ष विराटजंग शाही र आयोजक वडा- ७ का अध्यक्ष विमलकुमार होडालगायतले विजेतालाई पुरस्कृत गरे। सेभेन ए साइडस्वरूपको नकआउट प्रतियोगितामा १९ टिम सहभागी थिए।



नेपाल टिम च्याम्पियन

काठमाडौं/ काभ्रेको धुलिखेलमा भएको सातौँ एसियन सभात च्याम्पियनसिपमा नेपाल टिम च्याम्पियन बनेको छ। अन्तर्राष्ट्रिय सभा महासंघको आयोजनामा १६ देखि २० वैशाखसम्म भएको च्याम्पियनसिपमा नेपालले सर्वाधिक ३१ स्वर्ण, २० रजत र ३० कांस्य पदक जित्यो। १८ स्वर्ण, २७ रजत र २२ कांस्यका साथ भारत दोस्रो भएको छ। ३ स्वर्ण, ४ रजत र १ कांस्यसाथ इन्डोनेसिया तेस्रो भएको थियो। च्याम्पियनसिपमा नेपालकी अमृता तामाङले फेयर प्लेको अवार्ड पाइन्। उज्वेकिस्तानका माम्नपोभ ओमिदिल्लोल पुरुषतर्फ र भारतकी वातन्पाई महिलातर्फ उत्कृष्ट खेलाडी घोषित भए।

सोमपाल बने ब्रान्ड एम्बास्डर

काठमाडौं/ श्री गणेश प्लाइउड इन्डस्ट्रिज प्रालिअन्तर्गतको जागुआर प्लाईले नेपाली राष्ट्रिय क्रिकेट टोलीका तीव्रगतिका बलर सोमपाल कामीलाई ब्रान्ड एम्बास्डरमा नियुक्त गरेको छ। जागआर प्लालाइका निर्देशक रोहित निमानी र सोमपालले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। निर्देशक निमानीले सोमपाललाई ब्रान्ड एम्बास्डर बनाउन पाउँदा खुसी लागेको बताए। उनले सोमपालसँगको सम्झौताले ग्राहकसँगको सम्बन्ध अझै बलियो बनाउने विश्वास व्यक्त गरे। सोमपालले ब्रान्डको विकासमा योगदान गर्न उत्साहित रहेको बताए।

नाइट रनमा एक्सट्रिम इनर्जी पार्टनर

नेपालगन्ज/ दोस्रो नेपालगन्ज १० म्युजिक नाइट रनमा एक्सट्रिम इनर्जीले इनर्जी पार्टनरका रूपमा सहकार्य गर्ने भएको छ। २५ वैशाखका दिन राति ८ बजे हुने म्युजिक नाइट रन संगीत र दौडमार्फत समाजलाई एकतामा बाँध्ने र सहरलाई चलायमान गराउने अभियान रहेको रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङले बताए। नाइट रन पनि एम्स प्रमाणीकरण रुटमा सञ्चालन हुने रेस डाइरेक्टर गुरुङले बताए। नाइट रनमा १० किमि पुरुष र महिलासँगै ५ किमि स्कुलस्तरीय छात्र एवं छात्रा विधामा स्पर्धा समावेश गरिएको छ। गत वर्ष नेपाली सेनाका मुकेश पाल र बाँकेकी गीताकुमारी साहुले दौड जितेका थिए। यसपटक स्थानीयस्तरमा राम्रो प्रदर्शन गर्ने धावकलाई विश्व एथलेटिक्सबाट मान्यताप्राप्त दक्षिण एसियाली र एसियाली मुलुकमा हुने आधिकारिक रेसमा सहभागी गराउने तयारी गरिएको आयोजक रेस नेपालका कोषाध्यक्ष सुमन बस्नेतले बताए।

चित्लाङले हरायो मच्छिन्द्र क्लबलाई



मकवानपुर/ आठौँ बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। मंगलबार सहिद स्मृति रंगशालामा भएको अन्तिम क्वार्टरफाइनलमा चित्लाङ एफसीले मच्छिन्द्र एफसीलाई १-० ले हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेको हो। खेलमा निर्णायक गोल चित्लाङका एरोन थापाले ८६ औँ मिनेटमा गरेका थिए। मच्छिन्द्र छैटो संस्करणको विजेता हो। अब चित्लाङले सेमिफाइनलमा सिमराको नवजनजागृति क्लबको सामना गर्नेछ। प्रतियोगिताको पहिलो सेमिफाइनल बुधबार हुनेछ। जसमा फ्रेन्ड्स क्लबले बागमती युथ क्लब सर्लाहीविरुद्ध खेल्नेछ। विजेता टोलीले १० लाख र उपविजेतालै पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्।

बिर्तामोडलाई रारा गोल्डकप उपाधि

धनकुटामा सन्तोष रुचाल

धनकुटाको चौबिसे राजारानीमा भएको १३औँ रारा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि बिर्तामोड युनाइटेड क्लब झापाले जितेको छ। प्रतियोगिताको मंगलबार भएको फाइनलमा बिर्तामोडले आयोजक रारा फुटबल क्लबलाई टाइब्रेकरमा ५-४ ले पराजित गर्दै दोस्रोपटक उपाधि हात पारेको हो। बिर्तामोडले सात लाख र उपविजेता आयोजक रारले तीन लाख रुपैयाँ पाएका छन्। उपाधि भिडन्तको निर्धारित समय १-१ को बराबरीमा सकिएको थियो। त्यसपछि विजेताको छिनोफानो टाइब्रेकरबाट भयो।



दोस्रो हाफको ३३औँ मिनेटमा राराका मनिकुमार लामाले पेनाल्टीमा गोल गर्दै १-० को अग्रता दिलाए। खेलको अन्तिम इन्जुरी समयमा बिर्तामोडका प्रशान्त लक्ष्मले फ्रिकिकमा टोलीलाई १-१ को बराबरीमा पुऱ्याए। टाइब्रेकरमा बिर्तामोडका सञ्जय लिम्बू, दिवस उराव, प्रशान्त लक्ष्म, मौसम सुब्बा र विवेक पौडेलले गोल गरे। राराका किरण चेम्जोङ, मनिकुमार लामा, शिशिर लेखी र विशाल भण्डारीले मात्र गोल गरे। दीपेश गुरुङको प्रहार बिर्तामोडका गोलरक्षक अभिषेक बरालले रोकका थिए।

उदीयमान खेलाडी आयोजकका लोकेन्द्र चेम्जोङ घोषित भए। झापाका अभिषेक उत्कृष्ट गोलरक्षक भए। सर्वाधिक चार गोल गरेका झापाका राजेश दाहाल उच्च गोलकर्ता बने। उत्कृष्टले जनही ११ हजार रुपैयाँ पाए।

इरानको अन्तिम निर्णयको प्रतीक्षामा फिफा

एजेन्सी

अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आगामी जुन-जुलाईमा फिफा विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दै छन्। फिफाले पहिलोपटक ४८ राष्ट्रहरूबिच विश्वकप गर्दै छ। सहभागी मध्ये ४७ राष्ट्रले विश्वकपको तयारी गरिरहँदा इरानले भने खेल्ने वा नखेल्ने अन्तिम निर्णय लिइसकेको छैन। अमेरिकाले आफूमाथि आक्रमण गरेपछि इरानले अमेरिकामा गएर विश्वकप नखेल्ने बताइसकेको छ।

विश्वकपमा सहभागी नहुने भनी आधिकारिक रूपमा इरानले आयोजक तथा फिफालाई कुनै पत्र पठाएको छैन। इरानकै कारण विश्व फुटबलको सर्वोच्च निकाय फिफा द्विविधामा छ। इरानले अन्तिम निर्णय गरिनसक्दा फिफाले पनि उसको स्थानमा कसलाई खेलाउने भन्ने प्रस्ट पार्न सकेको छैन। अमेरिका भने इरानको स्थानमा इटालीलाई विश्वकपमा सहभागी गराउनुपर्ने धारणा राखेको छ।

गत साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वरीयताका आधारमा इटालीलाई विश्वकपमा पुनः एकपटक मौका दिनुपर्ने बताएका थिए। अमेरिकाले इटालीलाई खेलाउनु प्रस्ताव पठाउनु भनेको कुटनीतिक सम्बन्ध हो। पछिल्लो समय अमेरिका र इटालीबिचको सम्बन्ध राम्रो छैन। यसै सम्बन्ध सुमुधुर बनाउन नै ट्रम्पले इरानको स्थानमा इटालीलाई समावेश गर्नुपर्ने फिफालाई आग्रह गरेको हो। तर, फिफाका अध्यक्ष जियानी इन्फाटिन्हो भने विश्वकपमा इरान हुनुपर्ने बताउँछन्।

इरानले आफ्नो धारण स्पष्ट पार्न नै फिफाले इरानको फुटबल महासंघलाई छलफलका लागि जुरिचमा बोलाएको रोयटर्सले जनाएको छ। फिफा अध्यक्ष इन्फान्टिनोले विश्वकपको खेल तालिका प्रभावित नबनाउन नै इरानलाई बोलाएको जनाएका छन्। विश्वकप ११ जुन देखि १९ जुलाईसम्म हुँदै छ। इरानले आफ्नो समूहका सबै खेल अमेरिकामा



खेल्नेछ। समूह 'जी' मा रहेको इरानले न्युजिल्यान्ड, बेल्जियम र इजिप्टसँग प्रतिस्पर्धा गर्नेछ।

इरानले आफ्नो पहिलो खेल १५ जुनमा लस एन्जलसमा न्युजिल्यान्डविरुद्ध खेल्ने तालिका रहेको छ। यसैबिच अमेरिकाका विदेशमन्त्री मार्को रुबिओले इरानलाई विश्वकप खेल्न कुनै अप्ठ्यारो नहुने जानकारी दिएका छन्। 'दुई राष्ट्रबिचको सम्बन्ध जस्तो भए पनि इरानलाई अमेरिकामा आएर विश्वकप खेल्न कुनै समस्या हुनेछैन,' मार्कोसले भने, 'उनीहरूका खेलाडी सहजै अमेरिकी भूमिमा फुटबल खेल्न सक्छन्।'

> अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपमा सहभागी हुने वा नहुने निर्णय गर्न फिफाले इरान फुटबल महासंघसँग वार्ताको तयारी गर्दै

फिफा कंग्रेसमा इरान सहभागी भएन

गत साता क्यानडामा फिफाको कंग्रेस भएको थियो। जसमा फिफमा आबद्ध सबै फुटबल संघका प्रतिनिधिहरू सहभागी भएका थिए। तर, इरान फुटबल महासंघबाट कोही पनि कंग्रेसमा सहभागी भएनन्। क्यानडाले इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प्ससँग सम्बन्धित व्यक्तिलाई प्रवेश निषेध गरेकाले इरानले भाग नलिएको हो। इरान फुटबल महासंघका अध्यक्ष मेहदी ताज क्यानडाबाटै स्वदेश फर्किए। क्यानडाका प्रधानमन्त्री मार्कले आतंकवादी सूचीमा रहेका व्यक्तिहरूलाई देशमा प्रवेश नदिएको बताए। 'हामीले प्राप्त सूचनाका आधारमा आतंकवादी सूचीमा रहेका व्यक्तिहरूलाई मात्र क्यानडामा प्रवेश नदिइएको हो, तर फिफा कंग्रेसमा आएका पाहुनालाई कुनै रोक थिएन,' उनले भने। फिफाले यस सम्बन्धमा केही प्रतिक्रिया दिएको छैन।

फिफा कंग्रेसमा इरानी प्रतिनिधिहरूलाई प्रवेश निषेध गरेपछि सभाबाट ३० जना इरानीहरूले विरोध जनाएका थिए। फिफा अध्यक्ष इन्फाटिनोले अमेरिकामा इरानलाई खेलाउने प्रयास भइरहेको बताए। 'हामीले इरानलाई वार्तामा बोलाएका छौं।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com